
# रातो खबर साप्ताहिक

Ratokhabar weekly



ऐतिहासिक तथा दुर्लभ पुस्तक प्रकाशित !

नेकपा (बहुमत) का नेता सुदर्शनद्वारा अनुवाद गरिएको कार्ल मार्क्सको ऐतिहासिक तथा दुर्लभ पुस्तक 'कार्ल मार्क्स : १८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' पुस्तक प्रकाशित भयो ! बेलैमा आफ्नो प्रति सुरक्षित गर्नुहोला ।




सम्पर्क : नेकपा (बहुमत) केन्द्रीय प्रकाशन तथा प्रचार विभाग र रातो खबर प्रकाशन गृह, काठमाडौँ । सम्पर्क फोन : ९८५१०३३१९४



वर्ष ८ अङ्क ४ पूर्णाङ्क ३२२ २०७९ साउन ११ गते बुधबार | Wednesday, 27 July 2022 | www.eratokhabar.com/ www.ratokhabar.com | मूल्य रु. १०


## ट्रेड युनियन महासङ्घको चारमहिने मजदुर जागरण अभियान

काठमाडौँ/ श्रमजीवी मजदुरको हकहित, न्याय र मुक्तिका लागि सङ्घर्षरत नेकपा (बहुमत) आबद्ध अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले चारमहिने आक्रामक अभियान आरम्भ जारी रहेको जनाएको छ । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका अध्यक्ष विनोदकुमार थापाले सोमबार विज्ञप्ति जारी

... बाँकी ७ पृष्ठमा

## पेट्रोलियम पदार्थको मूल्य तत्काल समायोजन गर : मिलन राई

काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट अखिल (क्रान्तिकारी) ले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेको तर नेपाल आयल निगमले मूल्य यथावत् नै राखेको भन्दै तत्काल मूल्य समायोजन गर्न माग गरेको छ । अखिल (क्रान्तिकारी) का अध्यक्ष मिलन राईले विज्ञप्ति जारी गर्दै घटेर आएको दररेटमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गरी बिक्रीवितरण

... बाँकी ७ पृष्ठमा

## आंशिक प्राध्यापकलाई करार गर्ने त्रिविको षड्यन्त्र बन्द गर्न माग

काठमाडौँ/ नेकपा (बहुमत) निकट अखिल क्रान्तिकारी काठमाडौँले आंशिक प्राध्यापकहरूलाई करार गर्ने त्रिभुवन विश्वविद्यालयको षड्यन्त्र बन्द गरी तत्काल सेवा आयोगमार्फत दरबन्दी पूर्ति गर्न जोडदार माग गरेको छ । अखिल क्रान्तिकारी त्रिभुवन विश्वविद्यालय क्याम्पस विशेष समितिका इन्चार्ज गोविन्द बिष्टले बुधबार विज्ञप्ति जारी गरी राजनीतिक भागबण्डाको अखडा बनेको त्रिभुवन

... बाँकी ७ पृष्ठमा

# समाजवाद स्थापनाबारे बहस







■ अम्बिका चन्द/ काठमाडौँ

समाजवादी मुलुक जनगणतन्त्र कोरिया आफूलाई विश्वको बादशाह सम्झने अमेरिकी साम्राज्यवादका लागि चुनौती मात्र बनिरहेको छैन, संसारका समाजवादीहरूको एउटा आशाको केन्द्र बनिरहेको छ । ७० वर्षअघि अमेरिकी साम्राज्यवादलाई परास्त गर्दै स्वतन्त्र बनेको कोरिया आज स्वाधीन र आधुनिक कोरिया बनेर सबैखाले साम्राज्यवादलाई खुला चुनौती दिइरहेको छ । साम्राज्यवाद तथा संयुक्त राष्ट्रसङ्घको कठोर प्रतिबन्ध बेहोरेर पनि कोरिया आज एक औद्योगिक, विकसित आधुनिक कोरियाका रूपमा आत्मनिर्भर मात्र होइन, शस्त्रास्त्रले सुसज्जित कोरिया बनिरहेको छ । भूगोल र जनसङ्ख्यामा नेपालभन्दा सानो कोरिया संसारका लागि चासोको विषय बनिरहेको छ ।

आधुनिक कोरियाकाका जन्मदाता तथा जनगणतन्त्र कोरियाली समाजवादका पिता राष्ट्रपति किम इल सुङले प्रतिपादन गरेको जुछे विचार र जनगणतन्त्र कोरियाले साम्राज्यवादविरुद्ध सङ्घर्षकै क्रममा गरेको विकासको परिचर्चा संसारभरि हुने गरेको छ । यसैबीच नेपालका समाजवादी क्रान्तिकारी कम्युनस्टिहरू पनि कोरियाली समाजवादबाट नयाँ शिक्षा लिन तथा कोरियालाई बुझ्न केही समयपहिले कोरिया पुगेका थिए । कतिपय मानिसकहरूका लागि रहस्यको विषयसमेत बन्ने गरेको कोरियामा पुगेर नेपालका लेखक/पत्रकारहरूले कोरियाका बारेमा बुझ्ने र बुझाउने प्रयास गरेका थिए । कोरिया समाजवादको एक नमुना भएको र यसले समाजवाद स्थापना गर्न सङ्घर्ष गरिरहेकाहरूका लागि थप प्रेरणा हुनसक्ने विश्वाससहित हालै नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले काभ्रेको धुलिखेलमा वैचारिक बहस गरेको छ ।

'समाजवाद, जनगणतन्त्र कोरिया र साम्राज्यवादविरुद्ध सङ्घर्ष' का विषयमा भएको उक्त भव्य विचार-विमर्शमा सहभागीहरूले क्रान्तिकारी कम्युनिस्टहरूका लागि कोरियाली समाजवाद र जुछे विचार स्वतन्त्रता र समानताका लागि एउटा मार्गदर्शक भूमिका निर्वाह गरिरहेको सफल मुलुकको उदाहरण रहेको बताएका हुन् ।

उक्त बहसमा सहभागी नेकपा (बहुमत) का संयोजक धर्मेन्द्र बास्तोला 'कञ्चन' ले 'समाजवाद, जनगणतन्त्र कोरिया र साम्राज्यवादविरुद्ध सङ्घर्ष' शीर्षक कार्यपत्र प्रस्तुत गर्दै विश्वमा जनगणतन्त्र कोरिया एक मात्र सार्वभौम र स्वतन्त्र राष्ट्र रहेको बताए । 'स्वतन्त्र समाजवादी कोरिया संसारमा लालझन्डा देखाइरहेको छ र स्वतन्त्रता र समानताका लागि लागि प्रेरित गरिरहेको छ', उनले भने । यसका लागि मार्क्सवाद-लेनिनवाद र किम इल सुङको जनतामा निर्भर विचार आधार रहेको उनले बताए ।

नेपालमा पनि दलाल पुँजीवादका विरुद्ध जनतामा निर्भर रहेर वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नुपर्ने प्रमुख अतिथि कञ्चनको धारणा थियो । यसका लागि दलाल पुँजीवादका साथै संसदीय संशोधनवादका विरुद्ध पनि निरन्तर लड्नुपर्ने उनको भनाइ थियो ।

नेकपा (बहुमत) का प्रवक्ता एवम् नेपाल-कोरिया

... बाँकी ८ पृष्ठमा

## युवा जनस्वयम्सेवकद्वारा माफियाविरुद्ध लड्ने उद्घोष




चितवन/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपाल चितवनको प्रथम विशेष भेला सम्पन्न भएको छ । शनिबार बालकुमारी कलेजको सभाहलमा सम्पन्न भेलाले सन्देश इन्चार्ज र जबरा संयोजक रहने गरी ३५ सदस्यीय जिल्ला समिति गठन गरेको छ । साथै भेलाले स्वास्थ्यमा भएको माफियाकरण, वित्तीय दलालहरू, शैक्षिक दलालहरू एवम् भ्रष्टाचारी, कमिसनखोरी, राष्ट्रघाती सम्झौता गर्ने/गराउनेहरूविरुद्ध सङ्घर्ष गर्ने निर्णय गरेको छ ।

उक्त विशेष भेला युवा जनस्वयम्सेवक, नेपालका केन्द्रीय सदस्य सन्देशको अध्यक्षतामा सम्पन्न भएको थियो । नेकपा (बहुमत) का कार्यालय सदस्य तथा

... बाँकी ४ पृष्ठमा

## वित्तीय अराजकता बन्द गर्न माग गर्दै नेकपा (बहुमत) को ज्ञापनपत्र

रमाकान्त बास्तोला, पोखरा/ पोखरा महानगरपालिकामा जनताका विरुद्ध गरिएका र जनतालाई थप उत्पीडन गरिएका, शोषण गरिएका, केही दलालहरूका माध्यमबाट प्राकृतिक सन्तुलन नै गुम्ने गरी भएका प्राकृतिक साधन-स्रोतमाथि दोहन, शिक्षा र स्वास्थ्य, वित्तीय अराजकता, मिटरब्याजी समस्यालगायत विभिन्न माग राख्दै नेपाल कम्युन्यिस्ट पार्टी (बहुमत) पोखरा महानगर समितिले महानगरमा ज्ञापनपत्र बुझाएको छ ।

पोखरा महानगरपालिका मेयर धनराज आचार्यको कार्यकक्षमा पुगी उक्त ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा पोखरा महानगरपालिकामा जनताका विरुद्ध गरिएका, जनतालाई थप उत्पीडन गरिएका, शोषण गरिएका, केही दलालहरूका माध्यमबाट प्राकृतिक सन्तुलन नै गुम्ने गरी भएका प्राकृतिक साधन-स्रोतमाथि दोहन, यस क्षेत्रमा शिक्षा र स्वास्थ्यमा भएको निजीकरण, व्यापारीकरणबाट दैनिक रूपमा जनताले सम्पत्ति गुमाउनुपरेको, राजनीतिक पार्टी, स्थानीय तहका जनप्रतिनिधिहरूको संरक्षणमा भएको जग्गा दलाली, मिटरब्याजी, लघुवित्त र वित्तीय संस्थाबाट भएका आर्थिक अनियमितता र जनताको सम्पत्ति हडप्ने काम, निजी विद्यालयहरूले लिएको महँगो शुल्क र अनुगमन नियमन, निरीक्षणका साथै सामुदायिक विद्यालयमा समेत सबै जनताका छोराछोरीले भर्ना नपाउने, किसानले समयमा नै मल र बिउ नपाउनेजस्ता जल्दाबल्दा समस्यालगायत १२ बुँदे माग यथाशीघ्र

... बाँकी ४ पृष्ठमा

## विप्लवहरू सम्पूर्ण रूपमा संसद्वादी बनेपछि हामीले नेकपा (बहुमत) बनाएका हौँ

*कञ्चन : संयोजक, नेकपा (बहुमत)*



- विप्लवहरू आफैँले जुन आर्थिक दुराचार गरिरहेका छन्, त्यही कुरा बारम्बार हामीमाथि उठाइरहेका छन् ।
- नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा कार्यदिशा, कार्यनीतिका विषयमा बाह्रौँ केन्द्रीय समितिमा सबैभन्दा ठूलो बहस भयो । त्यो बहसमा उनीहरू पराजित पनि भए ।
- विप्लवहरू पार्टीको नीतिभन्दा बाहिर गइसकेपछि हामीले उनीहरूलाई कारबाही गरेका हौँ ।
- विप्लवले आवश्यक पर्दा प्रयोग गर्न सकिने, आवश्यक पर्दा बहिष्कार गर्न सकिने भन्ने जुन कार्यनीतिको कुरा गरे, त्यो अत्यन्त अवसरवादी कोण हो ।
- कार्यनीतिका नाममा चुनावमा जानु भनेको संसदीय व्यवस्थाभित्र आत्मसमर्पण गर्नु हो ।
- जब क्रान्तिप्रति जनतालाई दुरुत्साहित गर्छ, प्रतिक्रियावादी सत्ताप्रति लाचार हुनका लागि विवश गर्छ भने त्यो कार्यनीति हुँदैन । त्यो आत्मसमर्पण हुन्छ र विप्लवले अहिले गरेको संसदीय व्यवस्थाप्रतिको आत्मसमर्पण हो ।
- विचारको बहुमत हामीसँग छ । त्यही विचारको बहुमतमा टेकेर हामीले पार्टी बनाउँदा त्यो बहुमत उल्टिएको थिएन । त्यसैमा टेकेर हामीले नेपाल कम्युनिस्ट पार्टी (बहुमत) बनायौँ र त्यो सही छ ।

अन्तरवार्ता पृष्ठ ३ मा

## नागरिकता विधेयक पारित गरिएकोमा क्रान्तिकारी माओवादीको आपत्ति

काठमाडौँ/ नागरिकताजस्तो अति संवेदनशील विषयसँग सम्बन्धित विधेयकलाई दफाबार छलफलका लागि प्रतिनिधिसभाको विषयगत समितिमा नपठाई सांसदहरूले राखेको संशोधन प्रस्तावलाई समेत बेवास्ता गरी फास्ट ट्र्याकमार्फत पारित गरिएको भन्दै क्रान्तिकारी माओवादीले आपत्ति जनाएको छ । अहिलेसम्म पनि पूर्वजको नागरिकता नभएको भन्ने आधारमा देशका विभिन्न ठाउँमा आदिकालदेखि बसोबास गर्दै आएका मुख्यत: भूमिहीन दलितहरू नागरिकताबाट वञ्चित रहेको विषयमा विधेयक मौन बसेको पनि क्रान्तिकारी माओवादीले बताएको छ । मङ्गलबार क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण' ले प्रेस विज्ञप्ति जारी गर्दै प्राथमिकताका आधारमा नेपाल सरकारले यो समूहको नागरिकताको समस्या हल गर्नुपर्ने बताएका हुन् ।

वैद्यको विज्ञप्तिमा अहिले प्रतिनिधिसभाद्वारा पारित विधेयकमा वंशजको नागरिकता पाउनका निम्ति न्यूनतम् समयसीमा नै नतोकी जन्मसिद्ध नागरिकको सन्तानले सीधै वंशजको नागरिकता प्राप्त गर्ने प्रावधान राखिएको सार्कका देशहरूबाहेक अन्य देशहरूमा बसोबास गर्ने गैरआवासीय नेपालीहरूलाई समेत नागरिकता प्रदान गर्ने प्रावधान राखिएको र नेपाली नागरिकसँग विवाह गरेको विदेशी महिलाको हकमा न्यूनतम् सात वर्षको समयसीमा पनि नराखी स्वत: अङ्गीकृत नागरिकता प्राप्त गर्नेजस्ता प्रावधानहरू पहिल्यैदेखि कायम रहेकोमा यसबाट नेपालमा जनसाङ्ख्यिक अतिक्रमण बढ्दै जाने कुरा उल्लेख गरिएको छ । त्यसले देशको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा गम्भीर प्रभाव पार्नुका साथै राष्ट्रिय स्वाधीनता तथा अस्तित्वमा समेत खलल पुऱ्याउने स्वत:सिद्ध भएको कुरा पनि विज्ञप्तिमा उल्लेख छ ।

नागरिकताजस्तो संवेदनशील विषयमा नेपालका शासकहरूले पटकपटक राजनीतिक दाउपेच र स्वार्थपूर्तिको माध्यम बनाउँदै आएको भन्दै नेपालमा खुला सिमानाको फाइदा उठाएर भारतीय शासकहरूबाट नेपालको राष्ट्रिय स्वाधीनतामाथि बारम्बार हस्तक्षेप हुँदै आएको विशिष्ट सन्दर्भमा नेपालको नागरिकतासम्बन्धी नीतिले भारतीय विस्तारवादी शासक वर्गले नेपालमाथि गर्दै आएको जनसाङ्ख्यिक अतिक्रमणलाई रोक्न र नागरिकताको प्रश्नलाई न्यायसङ्गत र सरल तरिकाले समाधान गर्नुपर्ने मागसहित राष्ट्रिय सहमतिका लागि पहल क्रान्तिकारी माओवादीले पार्टी सरकारसँग माग गरेको छ ।

## जनगणतन्त्र कोरियाली समाजवाद र हाम्रो आदर्श

**देश/परिवेश**

■ सुदर्शन



जनगणतन्त्र कोरियाले करिब ७० वर्षदेखि नाकाबन्दी बेहोरिरहेको छ । त्यो नाकाबन्दीविरुद्ध कुनै पनि देशका न्यायप्रेमीहरूले आवाज उठाउन सक्छन् । यो नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले स्वत: यस्तो नारा उठाउनु कुनै पनि देशको नागरिकको कर्तव्य र अधिकार दुवै हो । त्यसकारणले यसमा कोही तर्सनुपर्ने आवश्यकता छजस्तो लाग्दैन । हामी सबैले के जानिरहेका छौँ भने जनगणतन्त्र कोरियाका विरुद्ध संसारभरिका साम्राज्यवादीहरू लागिरहेका छन् । त्यसका साथसाथै समाजवादका पक्षधरहरू पनि त्यो साम्राज्यवादको विरोधमा लागिरहेका छन् ।

हामीले आज किन यो विषयप्रति चासो लिइरहेका छौँ र किन सन्दर्भ यस्तो पऱ्यो भन्ने विषयमा अथवा कोरियामा लगाइएको नाकाबन्दी र समाजवादलाई पारिएको अप्ठ्यारोप्रति किन चासो लिइरहेका छौँ भने हामी समाजवादी हौँ । नेपालमा समाजवाद ल्याउन भनेर लामो समयदेखि लडिरहेका छौँ । हामी वास्तवमा सच्चा समाजवादी हौँ । सच्चा समाजवादीहरूले समाजवादका विषयमा चासो राख्नु आवश्यक छ किनभने जसरी कोरियामा लामो समयदेखि समाजवाद टिकिरहेको छ र टिकाउने कोसिस भइरहेको छ, त्यो आज हामीले सिक्न जरुरी छ । दुनियाँमा कतै पनि समाजवाद नभइरहेको वेला रुसमा समाजवाद स्थापना भएको थियो । लेनिन-स्टालिनको नेतृत्वमा रुसमा समाजवाद आएको थियो । सोभियत सङ्घजस्तो विशाल देशमा समाजवाद आयो । चीनमा र कोरियामा पनि समाजवाद आयो । कोरियामा जुन खालको समाजवाद छ, त्यसलाई हामीले आज आदर्श ठानेका छौँ । त्यहाँ जसरी मार्क्सवादको सिर्जनात्मक प्रयोग भयो, त्यसलाई किम इल सुङले जुछे विचारधारा भन्नुभयो । त्यो विचारधारा नलिएको भए सायद आजको नाकाबन्दी खप्न सक्ने अवस्था थिएन कोरियाले । आज आफ्नो खुट्टामा आफैँ उभिने नीति कोरियाले जसरी बनायो त्यो आज उभिइरहेको छ र दुनियाँका सामुमा साम्राज्यवादलाई चुनौती दिइरहेको छ । त्यसकारण आज हामीले समाजवादको कुरा जो उठाइरहका छौँ, यो सही नै उठाइरहेका छौँ ।

हाम्रो पार्टीका संयोजक कमरेड कञ्चनले 'समाजवाद, जनगणतन्त्र कोरिया र साम्राज्यवादविरुद्ध सङ्घर्ष' शीर्षकमा जुन कार्यपत्र प्रस्तुत गर्नुभयो र कार्यपत्रमाथि जनगणतन्त्र कोरियाका नेपालस्थित महामहिम राजदूत जो योङ मानले जुन कुरा राख्नुभयो यो निकै महत्वपूर्ण छ । मार्क्सवाद त आजभन्दा दुई सय ४ वर्ष पहिलेबाट निरन्तर विकास भइरहेको छ । यसका आधारमा कोरियामा किम इल सुङवाद-किम जोङ इलवाद जसरी अघि

... बाँकी ७ पृष्ठमा

## सम्पादकीय

### नेपाल–भारत सीमामा काँडेतार वा स्थायी पर्खाल लगाऊ

प्रतिनिधिसभाको बहुमतले विवादास्पद नागरिकता विधेयक पारित गरेपछि नेपाल–भारत सीमामा स्थायी पर्खाल वा काँडेतार लगाउनुपर्ने देशभक्त नेपालीहरूको विगतदेखिकै माग झनै सान्दर्भिक बनेको छ । सम्भवतः नेपालको राष्ट्रियताका विषयमा सर्वाधिक विवाद र बहसमा आएको नागरिकता विधेयक प्रतिनिधिसभाबाट पारित गरिएको छ र देशभक्त एवम् राष्ट्रवादी नेपाली नागरिकले लामो समयदेखि उठाउँदै आएको गैरनेपाली नागरिकले नेपाली नागरिकता प्राप्त गरेर नेपालको राष्ट्रियतामाथि आघात गर्लान् वा चिरपरिचित भाषामा नेपाललाई फिजीकरण गराउलान् भन्ने चिन्तालाई अझ बढी बल पुऱ्याएकै सन्दर्भमा सीमामा काँडेतार वा पर्खाल लगाउनुपर्ने सन्दर्भ अलि गहिराइ र जिम्मेवारीबोधका साथ उठेको छ । शासनसत्ता सञ्चालन गर्न सत्तामा गएको शासक पक्षले देश र जनताका पक्षमा भन्दा अरूको हितमा काम गर्न थालेपछि यसप्रकारको माग उठ्नु जायज हो । नेपालको राष्ट्रियतामाथि आघात हुने गरी गरिएका कुनै पनि क्रियाकलाप हाम्रा लागि मान्य छैनन् ।

प्रतिनिधिसभाबाट द्रुतमार्ग प्रयोग गरी पारित गरिएको भनिएको नागरिकतासम्बन्धी विधेयकले कुनै विदेशी नेपालभित्र प्रवेश गरेपछि, यहाँ जन्मिएपछि, बेवारिस अवस्थामा भेटिएपछि वा उसका बाबुआमाको ठेगान नलागेपछि उसले वंशजका आधारमा नागरिकता पाउने व्यवस्थासमेत गरेको छ । जहाँबाट आएको भए पनि नेपालमा जन्मेकै आधारमा नागरिकता पाएका आमाबाबुका छोराछोरी, नेपालको नागरिक आमाबाट जन्मिएर नेपालमा नै बसोबास गरेको र 'बाबुको पहिचान हुन नसकेको' व्यक्तिले जन्मसिद्ध वंशजको नागरिकता प्राप्त गर्नसक्ने प्रावधान घातक छ र यो संसारमा सर्वथा आलोचित विषयमा नेपालका संसद्वादी राजनीतिक पार्टीहरू किन यति उदार भएर नागरिकताको व्यापार गर्न उद्यत भए होलान् भन्ने विषय अब बिस्तारै रहस्यको पर्दाभित्रबाट सीधै आँखाले देख्न सकिने गरी बाहिर आएको छ ।

शासनसत्तामा रहेका दलहरू संवेदनशील नहुँदा, आग्रही हुँदा र विषयले निम्त्याउने परिणाममा दृष्टि नपुग्दा आफ्नै देशका पहाडदेखि तराई–मधेसका कयौँ नागरिकले नागरिकता प्राप्त गर्न सकिरहेका छैनन् । तराई मधेसका डोम, चमार, मुसहर, खत्वेजस्ता आदिवासी दलित मधेसी, प्रमाण जुटाउन नसकेका हिमाली र पहाडी भूगोल चेपाङ, राउटेलगायत कयौँ आदिवासी, जनजाति वा लोपोन्मुख समुदायका नागरिकले नागरिकता नै नलिई जीवन अन्त्य गर्नुपरेका कयौँ दुःखद् सन्दर्भ कथा र व्यथा बनेर आइरहेका छन् । नेपाली शासकहरूको ध्यान र चिन्ता यतातिर नभएर नेपाल आएर बसेका अपरिचित र बेवारिस मानिसप्रति देखिएको छ । यो उदारवाद मात्र नभएर षड्यन्त्र हो । यसमा सत्ता लेनदेन र टिकाउका लागि गरिएको सम्झौता–रहस्य रहेको देखिन्छ । अन्यथा शासनको शीर्ष स्थानमा रहेका पात्रहरूले नेपालमाथि घात गरिरहेको छिमेकी देश दौडाहा गर्नासाथ उनीहरूकै हितमा हुने गरी किन नागरिकता विधेयक पारित हुन्छ ?

नेपालमा नागरिकताका बारेमा उठेको सैद्धान्तिक बहसको एउटा बिन्दु भारतीय नागरिकले सजिलै नेपाली नागरिकता प्राप्त गरेर वास्तविक नेपाली नागरिकलाई अल्पमतमा पार्ने खतरा पनि हो । विगतमा अङ्ग्रेज शासित भारतीय शासक वर्ग र त्यसपछि अङ्ग्रेजशासित हुँदाकै दास चिन्तन र मनोवृत्ति बोकेका भारतीय शासकहरूसँग नेपालका दलाल शासकहरूले गरेका असमान, राष्ट्रघाती, भारतपरस्त सन्धिसम्झौताका कारण नेपाली जनता सधैँ तर्सिरहने, झस्किरहने अवस्था बनेको छ । भारतीय विस्तारवादको साम्राज्यवादमा भएको पतनसँगै नेपालमाथिको कुदृष्टि, दुर्व्यवहार अनि नेपालका विद्यमान शासकसम्म पुर्ख्यौली सम्पत्ति वा नासोजस्तो भएर खराब विरासतका रूपमा आएको भारतीय साम्राज्यवादपरस्त, राष्ट्रघाती नीति र व्यवहारका कारण खुला सीमा रहेको नेपाल–भारतको सीमा व्यवस्थापन नगरी, निर्बाध आवतजावत र कारोबारको प्रावधान अन्त्य नगरी नेपालको भूमिभित्र भेटिएका सबै मानिसलाई नागरिक बनाउँदै जाने हो भने नेपालीको अवस्था स्वतः अल्पमतमा पर्ने वा फिजीजस्तो हुने विषय अत्यन्त गम्भीर छ । यो राष्ट्रघाती निर्णय हो । खुला सीमा पार गरेर नेपाल आउने भारतीय भिखमङ्गा र जोगीहरूको सङ्ख्या नेपालका वास्तविक नागरिकभन्दा बढी रहेको तथ्याङ्क बेलाबेलामा सार्वजनिक हुने गरेको छ । यसअघि विगतदेखि नेपालमाथि भारतबाट हुँदै आएको जनसाङ्ख्यिक अतिक्रमणको लगातारको सुनियोजित षड्यन्त्रका बीच नेपाली शासकहरूको यो हर्कतले नेपाल र नेपालीलाई नभएर भारत र भारतीय शासकहरूलाई नै सहयोग पुऱ्याउने देशभक्त नेपाली जनताको आशङ्का अन्यथा छैन । त्यसैले पनि नेपाल–भारतबीचको खुला सिमानामा पर्खाल वा काँडेतार लगाउनुपर्ने युवा जनस्वयम्सेवक नेपालको माग जायज छ ।

यसअघि विभिन्न राजनीतिक, आर्थिक वा आपराधिक स्वार्थहरूका कारण गैरनेपालीलाई वितरण गरिएका किर्ते नागरिकताहरू छानबिन गर्ने, किर्ते ठहरिएकालाई रद्द गरी वितरण गर्नेहरूलाई दण्ड गर्ने र सच्चा नागरिकतालाई सदर गर्दै बाँकी वास्तविक नेपालीलाई नागरिकता प्रदान गर्नेतिर सरकारको कुनै ध्यान गएको देखिन्न । यसअघि नागरिकता ऐन–२०६३ ले '२०४६ साल चैत मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपमा बसोबास गर्दै आएको व्यक्ति जन्मका आधारमा नेपालको नागरिक हुने' व्यवस्था गरेको थियो र त्यस्तो नागरिकता लिन संविधानसभा निर्वाचन (२०६४) मै निवेदन दिनुपर्ने समयसीमा पनि तोकिएको थियो । उक्त व्यवस्थाअनुसार नै १ लाख ९० हजार ७ सय २६ जनाले जन्मसिद्ध नागरिकता पाइसकेको गृह मन्त्रालयकै तथ्याङ्कमा पनि देखिन्छ तर यो तथ्याङ्कभन्दा धेरै बढी मानिसले यो प्रावधानबाट नागरिकता लिएको आमबुझाइ छ । यसरी नागरिकता लिएका मानिसका सन्तानले निर्बाध रूपमा वंशजका आधारमा नागरिकता पाउने प्रक्रिया २०७२ सालमा संविधान जारी भएपछि रोकिँदा देशभक्त नेपालीहरू अब गैरनेपालीलाई समेत नागरिकता वितरण गर्ने विगतमा भएका गल्ती नदोहोरिएला कि भन्नेमा आशावादी थिए तर विदेशी र मूलतः तराईबासी र मधेसीको नाउँ देखाएर नेपालमा घुसेका भारतीयहरूलाई खुसी पार्ने गरी यसअघि गरिएको राष्ट्रियताविरोधी प्रावधानलाई अझ दिगो बनाउने गरी अहिले पारित गरिएको विधेयकले नेपालीलाई अल्पसङ्ख्यक बनाउने र विदेशी भर्ती गरेर अरूको स्वार्थसिद्ध गर्ने षड्यन्त्रका रूपमै बुझिएको छ र कयौँ प्रावधानहरूले त्यसैतर्फ सङ्केत गर्छन् । अन्यथा देशभक्त नेपाली समुदायले निरन्तर राष्ट्रघाती भनेर विरोध र विद्रोह गरिरहेको अवस्थामा आफैँले बनाएको संसदीय समितिमा समेत छलफल नगरी कथित फास्ट ट्र्याकबाट राष्ट्रघाती एमसीसी पारित गरेझैँ नागरिकता विधेयक पनि पारित गर्नुले नै यसको सङ्केत गर्छ । नेपालको तीनतिर खुला सीमा भएको भारतको २ प्रतिशत जनसङ्ख्या मात्र खुला सीमा प्रयोग गरेर नेपाल प्रवेश गर्दा यहाँ उनीहरूकै बाहुल्य र बहुमत हुने पक्का छ र सुगौलीलगायत असमान सन्धिहरूले उनीहरूलाई यो सुविधा पनि दिएका छन् । त्यसो भएमा नेपाल पनि 'फिजी' बन्नेमा कुनै शङ्का बाँकी रहँदैन । खुसा सीमा बन्द गर्न नेपाल–भारतबीच स्थायी पर्खाल निर्माण गर्नुपर्ने र वर्क परमिटदेखि भिसा लागू गर्नुपर्ने विषय उठिरहेको समयमा नेपालमा जन्मिएका, बाबुआमाको ठेगान नभएका, नेपाली युवासँग विवाह गरेर आएका सबैलाई हातहाती नागरिकता दिने प्रावधानभित्र नेपाललाई फिजी बनाउने षड्यन्त्र लुकेको छैन भन्ने आधार के छ ? यो नेपाली जनताले हिजोदेखि गर्दै आएको र भोलिसम्म गरिरहने अहम् प्रश्न हो । नेपालका शासकहरूले जबसम्म जनताको मनमा उठेका यी प्रश्नहरू मेटाउन सक्नेछैनन् तबसम्म यिनीहरू शङ्काको घेरामा परिरहनेछन् र राष्ट्रघातीको पगरी भिरिरहनेछन् ।

नेपाल र नेपाली जनताको हित र भलो गर्ने घोषणापत्र बाँडेर सांसद बनेका व्यक्तिहरूले नेपाल र नेपालीकै हित र भविष्यविरुद्ध हुने गरी षड्यन्त्रपूर्वक गैरनेपाली, कुनै परिचय नभएको व्यक्तिलाई नेपालको नागरिकता दिने प्रावधान पारित गरेको प्रमाणित भएपछि तिनले भोग्ने परिणाम कति कहालीलाग्दो होला, यसको अनुमानसम्म गर्न सकिन्न । देशभर आन्दोलन र असहमतिको ज्वार उठिरहेको समयमा सामान्य प्रक्रिया पनि पूरा नगरी अत्यन्त आलोचित, शङ्कास्पद, विवादास्पद र राष्ट्रिय हितविरोधी कर्म गर्न सत्तासीनहरूले के विषयले प्रेरित गरिरहेको छ, यसको छिनोफानो पनि आन्दोलन वा क्रान्तिकै प्रक्रियाबाट मात्र हुने देखिन्छ ।

# नेपालको अर्थव्यवस्था टाटपल्टाइको नजिक ?



गुणराज लोहनी

**सुरुआत**

गत सोमबार काठमाडौँमा आयोजित राष्ट्रमा आय जीपीएस समृद्ध अभियानको शुभारम्भ गर्दै प्रतिनिधिसभामा सभामुख अग्निप्रसाद सापकोटाले 'हामी कति विडम्बनापूर्ण स्थितिमा बाँचिरहेका छौँ भने नेपालजस्तो देश जहाँ सागपात, यी हाम्रा लागि असाध्यै ठूलो मात्रामा उत्पादन गर्न सक्छौँ तर गुन्द्रुकसमेत अन्यत्रबाट आयात गर्छौँ । जनै लगाउँछौँ तर नलगाउने चीनबाट पठाइदिन्छ, राखी त्यस्तै । खरानीसमेत नेपालमा आयात हुन्छ' भन्ने अभिव्यक्ति दिएका थिए । यसै दिन कान्तिपुर दैनिकले 'व्यापारघाटा सवा १७ खर्ब' शीर्षकमा एउटा समाचार प्रकाशित गरेको थियो । त्यसमा भनिएको छ, 'आर्थिक वर्ष २०७८/२०७९ मा व्यापारघाटा २३ प्रतिशतले बढेर १७ खर्ब २० अर्ब ४१ करोड रूपैयाँ पुगेको भन्सार विभागको तथ्याङ्क छ जब कि २०७७/७८ मा यस्तो घाटा १३ खर्ब ९८ अर्ब ७१ करोड रूपैयाँ मात्र थियो ।'

गएको शुक्रबार राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले मौद्रिक नीति सार्वजनिक गरेका छन् । उनले सार्वजनिक गरेको मौद्रिक नीतिको बुँदा नम्बर १७ मा 'वार्षिक बिन्दुगत आधारमा २०७९ जेठमा उपभोक्ता मुद्रास्फीति ८.५६ प्रतिशत रहेको छ । तथापि आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा औसत उपभोक्ता मुद्रास्फीति ६.० ९ प्रतिशत' रहेको थियो । त्यसैको ३१ नम्बरमा भनिएको छ, '२०७८ असारमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ४.५५ प्रतिशत रहेकोमा २०७९ असारमा यस्तो ब्याजदर १०.६६ प्रतिशत पुगेको छ ।' यसैको बुँदा नम्बर ७४ मा 'मूल्य र विदेशी विनिमय सञ्चितिमा परेको चापलाई मध्यनजर राखेर समष्टिगत आर्थिक स्थायित्वका लागि ब्याजदर करिडोरअन्तर्गतका दरहरूलाई १.५ प्रतिशत बिन्दुले वृद्धि गरी बैङ्क दर ८.५ प्रतिशत, नीतिगत दर ७.० प्रतिशत र निक्षेप सङ्कलन दरलाई ५.५ प्रतिशत कायम गरिएको छ ।'

यसरी माथि पेस गरिएका आर्थिक सूचकाङ्क र व्यवस्थापिकाका प्रमुखको अभिव्यक्तिलाई एकै ठाउँमा राखेर हेर्ने हो भने नेपालको वर्तमान आर्थिक अवस्था एकदमै जर्जर रहेको देखिन्छ । यसका लागि बढ्दै गएको असमानता, भ्रष्टाचार, लुटखसौटमा सत्तासीन राजनीतिक पार्टीको संलग्नता, महँगो चुनावी प्रणाली, बढ्दो परनिर्भरता, विप्रेषणमा टिकेको राज्यको आय यिनीहरूलाई हेर्दा नेपालको अर्थव्यवस्था कुनै पनि बेला टाट पल्टिन सक्छ भन्ने निष्कर्ष निकाल्दा ढिलो हुँदैन ।

**आर्थिक असमानता**

नेपाल र नेपालीको वास्तविक आर्थिक अवस्था कस्तो छ भन्न सकिने स्थिति छैन । किनभने तथ्याङ्कहरू समयमा व्यवस्थित गर्ने प्रचलन नै छैन । त्यसैले बाहिरका तथ्याङ्कहरूका आधारमा धारणा बनाउनु पर्दछ । २०१९ जनवरीमा अक्सफामले फाइटिङ इनिक्वालिटी इन नेपाल रोड टु प्रोस्पेरिटी रिपोर्टको सुरुमा नै नेपालमा ८.१ मिलियन अर्थात् ८१ लाख जनता गरिबीको रेखामुनि रहेको उल्लेख गरेको छ । त्यसैको पेज ७ मा रहेको द ग्याप बिटविन रिच एन्ड पुअरमा नेपालका सबैभन्दा धनी १० प्रतिशतको सम्पत्ति सबैभन्दा गरिब ४० प्रतिशतको भन्दा २६ गुना बढी रहेको जनाइएको छ । त्यसैमा अर्को एउटा तथ्याङ्क पनि पेस गरिएको छ– नेपालमा सामान्य कामदारको भन्दा एउटा बैङ्क कार्यकारीको तलब १ सय गुना बढी रहेको छ ।

नेपालमा सम्पत्तिको असमानतालाई हेर्ने हो भने गिनी ०.७४ मा आय गिनीभन्दा उल्लेखनीय रूपमा उच्च छ । यसले कसरी पैसा समयसँगै माथिल्लो वर्गमा जान्छ भनेर रेखाङ्कित गर्दछ । यसको आधारमा नेपालका धनी १० प्रतिशतसँग ४० प्रतिशत गरिबको २६ गुना बढी सम्पत्ति रहेको छ । यति मात्र नभएर नेपालको सबैभन्दा धनी मान्छेको सम्पत्ति प्रतिवर्ष १० करोड डलरका दरले बढिरहेको छ । यसको बृद्धि कति भएको छ भने उक्त बढेको सम्पत्तिले नेपालको सामाजिक सुरक्षाको आधाभन्दा बढी खर्च बेहोर्न सक्छ । उनीसँग भएको जति सम्पत्ति कमाउन एउटा गरिब नेपालीलाई १ लाख वर्षभन्दा बढी समय लाग्छ ।

नेपालमा भूमिसम्बन्धी असमानता सबैभन्दा पुरानो र सबैभन्दा आधारभूत प्रकारको असमानता हो । नेपालमा अहिले ६६ प्रतिशतभन्दा बढी जनसङ्ख्या आफ्नो जीवकोपार्जनका लागि भूमिमा निर्भर छ । नेपालका सबैभन्दा धनी ७ प्रतिशतसँग ३१ प्रतिशत कृषियोग्य जमिन रहेको छ, आधाभन्दा बढी किसानसँग ०.५ हेक्टरभन्दा कम जमिन छ भने २९ प्रतिशतसँग एक टुक्रा पनि जमिन छैन । नेपालको जमिनमा सबैभन्दा बढी महिलाले काम गर्दछन् तर ८१ प्रतिशत महिलासँग जमिन नै छैन । यी तथ्याङ्कहरू ३ वर्षअधिका हुन् । अहिलेको अवस्था योभन्दा झनै खराब छ ।

**आर्थिक सूचकाङ्क**

२०७९ असार ३१ को अमेरिकी १ डलरको नेपालीमा खरिददर १ सय २७ रुपैयाँ ९६ पैसा राष्ट्र बैङ्कले तोकेको छ जब कि ५ वर्षअघि २०७४ सालमा १ सय १ रुपैयाँ १८ पैसा थियो । यो बीचमा नेपाली मुद्राको मूल्य ७ प्रतिशतले अवमूल्यन भएको छ । वैदेशिक ऋण बढेको छ । मूल्य वृद्धि इतिहासमा नै उच्च रहेको छ । शोधनान्तर घाटा पनि बढेको छ । मूल्यस्फीति सबैभन्दा बढी रहेको छ । सबैभन्दा दुःखद् कुरा त नेपाली मुद्रा कन्भर्टेबल छैन जसले गर्दा हाम्रो पैसा बिक्री हुँदैन । चाहेको विदेशी वस्तु सीधै हाम्रो मुद्रामा किन्न सकिँदैन । भारतीय रुपियाँमा भर पर्नु पर्दछ । सीधै डलर, रुबल, युरो, पौन्ड वा रुबल लिन सकिँदैन । यी मापनहरूले नेपालको आर्थिक क्षेत्र धाराशयी बन्दै गएको छ भन्ने पुष्टि हुन्छ । त्यसैले केही दिनअघि मात्र राष्ट्र बैङ्कका वर्तमान गभर्नर महाप्रसाद अधिकारी जो पछिल्लो क्रममा एमालेको आर्थिक विभागमा बसेको भन्ने विवादमा मुछिएका छन् उनले नेपालको पनि आर्थिक अवस्था नाजुक हुँदै गएको भनेका थिए । त्यस्तैगरी नेकपा (माओवादी केन्द्र) का नेता नारायणकाजी श्रेष्ठ, एमालेका अध्यक्ष केपी ओलीले नेपालको अर्थतन्त्र श्रीलङ्काको जस्तै हुनसक्ने चेतावनी दिएका थिए ।

> *वैदेशिक ऋण तिर्नै नसक्ने गरी बढ्नु, केही व्यक्ति वा समूहमा पुँजी सञ्चित हुनु, बजेट कार्यान्वयन नहुनु, शोधनान्तर घाटा बढ्नु, मुद्रास्फीति बढ्नु, जीडीपीमा कृषि र उद्योगको आयतन नगन्य हुनु, विप्रेषण बढी हुनु, सेवा क्षेत्रको आयतन बढी हुनु, मुद्राको अवमूल्यन हुनु, असमानताको खाडल डरलाग्दो हुनु र राजनीतिक प्रणाली अस्थिर हुनु अहिलेको अर्थतन्त्रको विशेषता हो । यसले ढिलोचाँडो देशमा आर्थिक सङ्कट निम्त्याउँछ ।*

**कसको हातमा अर्थप्रणाली**

नेपालको अर्थप्रणाली कसको पकडमा रहेको छ भन्ने कुनै ठोस प्रमाणहरू छैनन् तर यतिचाहिँ भन्न सकिन्छ– वर्तमान राज्यको पकडमा छैन । नेपालको अर्थतन्त्र क्रोनी पुँजीवादले चलाएको छ । यो एक पक्ष मात्र हो । नेपालका उच्च व्यापारी र उच्च प्रशासकहरूले बलियो संयन्त्र बनाएका छन् । त्यस्ता संयन्त्रहरूले ती व्यापारी वा उद्योगपतिको हितमा आर्थिक नीति, नियम बनाइदिने गरेका छन् । गत जेठ १४ गते मध्यरातमा अर्थ मन्त्रालयमा प्रवेश गरेर करको दायरा व्यापारी र उद्यागपतिको हितमा परिवर्तन गरिएको भनिएको छ, त्यो घटना यसैको सटिक उदाहरण हो । भ्रष्टाचार, घोटाला, अनियमितताका कैयौँ घटना भएका छन्, ओम्नी, वाइडबडी, बतास, गोकर्ण रिसोर्ट र पछिल्लो सेनेटरी प्याड प्रकरण यसैका उदाहरण हुन् । दुःखद् कुरा त अख्तियार पनि यसमा मिसिने गरेको पाइन्छ । त्यसैले नेपालमा क्रोमी पुँजीवाद उद्योगपति र व्यापारी मैत्रीपूर्ण देखिएको छ । यसले गर्दा नेपालमा राष्ट्रिय पुँजीको विकास हुने सबै ढोकाहरू बन्द भएका छन् र दलाल पुँजीवादले जरा गाडेको छ । यसले अर्थतन्त्रमा निकै जटिल समस्या ल्याएको छ जसले सिङ्गो अर्थतन्त्र केही निश्चित व्यक्ति वा उनीहरूले चलाएको संस्थामा केन्द्रित हुन पुग्छ । ती व्यक्तिहरू रातारात धनी हुन पुग्छन् । सन् २००० पछि नेपालमा केही व्यक्तिहरू एकाएक धनी हुन पुगे । उनीहरू नेपालकै सबैभन्दा धनी १० जनताभित्र दरिन पुगेका छन् । आजभन्दा २० वर्षअघि नामै नसुनेका मान्छेहरू किन यसरी धनी हुन पुगे ? यसको एउटा मुख्य कारण हो– उनीहरू आफ्नो अनुकूलतामा प्रशासनसँग मिलेर देशको अर्थतन्त्रमा पकड कायम गर्न पुग्नु ।

नेपालको अर्थतन्त्र केही सीमित मान्छेको हातमा मात्र पुग्नुका अरू कारणहरू पनि छन् । नेपालका सबैजसो संसदीय पार्टीका मुख्य नेताहरूमा आर्थिक अपारदर्शिता रहेको छ । जति पनि आर्थिक अनियमितताका प्रसङ्ग उठ्छन् तिनीहरूमा मुख्य नेताहरूको संलग्नता रहने गरेको पाइन्छ । भ्रष्टाचारको कुरा उठ्नेबित्तिक्कै कुनै न कुनै नेताको नाम जोडिन्छ । पछिल्लो क्रममा त दुईभन्दा बढी नेताहरू संलग्न हुने गरेका छन् । ठूलाठूला ठेक्कापट्टा जहाँ अकुत भ्रष्टाचार हुने गरेको छ, त्यहाँ ठूला नेताको आफन्त हुन्छ । प्राकृतिक साधन–स्रोतमाथिको दोहन हुने खानी, उद्योगमा उनीहरू नै संलग्न हुन्छन् । तल्लो स्तरको जनतामा रहेको एक टुक्रा जमिन मिटरब्याज, दृष्टिबन्धकमा स्वाहा पार्ने तिनै नेताका आफन्त वा कार्यकर्ता हुने गरेका छन् । हुँदाहुँदा हुन्डी र क्रिप्टो करेन्सी सञ्चालक पनि उनीहरू नै हुने गरेका छन् । सबैभन्दा डरलाग्दो त खेतीयोग्य जमिन सस्तोमा किनी अनियमित प्लटिङ गरेर सयौँ गुना नाफामा बेच्ने जग्गा दलालहरूका संरक्षक यिनै नेताहरू हुने गरेका छन् । यो रोग केन्द्रमा मात्र सीमित नरहेर अहिले स्थानीय तहमा झनै बढी भेटिएको छ । तिनै मिटरब्याजी, हुन्डी सञ्चालक, क्रसर सञ्चालक, ठेकेदारको बलमा नेताहरूले चुनाव जित्ने गरेका छन् । यसमा नेताहरूको पनि भागबन्डा हुन्छ ।

त्यसैले त केही दशकअघि चप्पल लगाएर काठमाडौँ छिरेका मुठीभर नेताहरूले अहिले देशमा सम्पत्ति सुरक्षित हुन सक्दैन कि भन्ने सोचेर विदेशी बैङ्कहरूमा जम्मा गर्ने गरेका छन् । उनीहरूले आफूसँग भएको कालो धनलाई निजी विद्यालय, अस्पताल खोल्ने नाममा लगानी गरेर सेतो बनाइरहेका छन् । एउटा सानो दृष्टान्त– क्रान्ति गर्छु भनेर ८ वर्षअघि पार्टी बनाएकाहरू यसबीचमा अर्बपति बनेको कुरा उनीहरू आफैँ भन्दै हिँडेका छन् । यसबाट के थाहा हुन्छ भने नेपालको पुँजी कहाँ सञ्चित हुन पुगेको छ ।

**राजनीति गर्नेहरूमा आर्थिक मोह ?**

१९९१ पछि अमेरिकाका राजनीतिक वैज्ञानिकका रूपमा चित्रण गरिएका सामुअल फिलिप्स हन्टिङ्टन र फुकुयामा फ्रान्सिस्कहरूका विचारद्वारा नेपालका अर्थविद् वा पढेलेखेका भनिएका नेताहरू प्रभावित भएको देखिन्छ । हन्टिङ्टनको सबैभन्दा प्रख्यात पुस्तक पोलिटिकल अर्डर इन चेन्जिङ सोसाइटी (१९६८) जसमा उनले विकासशील देशहरूमा राजनीतक क्षय र अस्थिरता कम्तीमा उदारवादी लोकतन्त्रको विकास सम्भव भएको र 'देशहरूबीचको सबैभन्दा महत्वपूर्ण सरोकार सरकारको स्वरूप कस्तो छ भन्नेमा रहँदैन बरु सरकारको स्तर कस्तो छ भन्नेसँग सरोकार रहन्छ' भन्ने तर्क गरे । यो तर्कबाट आफूलाई लोकतान्त्रिक भन्न रुचाउने वा साम्यवादी नारा दिनेहरू प्रभावित भएको बुझिन्छ । यो दर्शनले विकासोन्मुख देशहरूमा आफूले स्तरीय शासन दिनसक्ने भन्ने भूत चढ्न थाल्यो । तर सरकारमा गएपछि केही गर्न नसक्ने भए । सरकारमा अस्थिरता आउन थाल्यो जसले गर्दा नेताहरूमा जसरी हुन्छ पैसा कमाउको भूत सवार भयो र आर्थिक अपारदर्शिता, अनियमितताको डङ्गुर बन्यो ।

राजनीतिक नेता, उच्च प्रशासकहरूमा अर्को पनि संस्कारको विकास भयो– धनी वा ठूलो देशले बोलाइदेओस्, कार्यक्रममा सहभागी गराइदेओस् । त्यहाँ गएर भत्ता पाइयोस्, उपहार पाइयोस् । तर उनीहरूले भाग लिइरहेका कार्यक्रम र भ्रमणमा गएका देशले कस्तो नीति बनाउन लागेका छन्, त्यसले देश र जनतामा कस्तो असर पर्दछ भन्ने कुरा नेता वा उच्च प्रशासकहरूले कहिल्यै ख्याल गरेनन् ।

**र अन्त्यमा**

वैदेशिक ऋण तिर्नै नसक्ने गरी बढ्नु, केही व्यक्ति वा समूहमा पुँजी सञ्चित हुनु, बजेट कार्यान्वयन नहुनु, शोधनान्तर घाटा बढ्नु, मुद्रास्फीति बढ्नु, जीडीपीमा कृषि र उद्योगको आयतन नगन्य हुनु, विप्रेषण बढी हुनु, सेवा क्षेत्रको आयतन बढी हुनु, मुद्राको अवमूल्यन हुनु, असमानताको खाडल डरलाग्दो हुनु र राजनीतिक प्रणाली अस्थिर हुनु अहिलेको अर्थतन्त्रको विशेषता हो । यसले ढिलोचाँडो देशमा आर्थिक सङ्कट निम्त्याउँछ । यस्तो अवस्थामा अधिकांश जनताको हरिबिजोक हुनेवाला छ । त्यसमा गरिब त भैहाले, भुइँफुट्टे मध्यम वर्ग पनि मारमा पर्नेछ । यस्तो अवस्थामा श्रीलङ्काका जनताले जस्तै राष्ट्रपति भवनमा रहेको कुर्सीमा बसेर सेल्फी खिचाउने, गोटाबाया राजापाक्ष वा अफगानिस्तानका पूर्वराष्ट्रपति अश्रफ गिलानीलाई जस्तै देशको ढुकुटी बोकेर हात हल्लाउँदै प्लेन चढ्न दिने कि ? अहिले नै नेपालका सच्चा कम्युनिस्ट पार्टी, देशभक्त शक्तिले सोच्न जरुरी छ र उपयुक्त योजना निर्माण गर्न जरुरी छ । अन्यथा जनताले श्रीलङ्कामा राष्ट्रपति भवन कब्जा गर्ने, स्विमिङ पुलमा पौडी खेल्ने, राष्ट्रपति बसेको कुर्सीमा बसेर पालैपालो फोटो खिच्ने र फेसबुकमा हाल्ने कामबाहेक केही हुँदैन । गोटाबाया राजापाक्षको स्थानमा रनिल विक्रमासिङ्घेले पद बहाली गर्ने हुन्छ ।

# फौजी कार्यदिशाबिनाको राजनीतिक कार्यदिशा सुधारवादी हुन्छ

• धर्मेन्द्र बास्तोला 'कञ्चन'
संयोजक, नेपाल कम्युनिस्ट पार्टी (बहुमत)



जब क्रान्तिप्रति जनतालाई दुरुत्साहित गर्छ, प्रतिक्रियावादी सत्ताप्रति लाचार हुनका लागि विवश गर्छ भने त्यो कार्यनीति हुँदैन । त्यो आत्मसमर्पण हुन्छ र विप्लवले अहिले गरेको संसदीय व्यवस्थाप्रतिको आत्मसमर्पण हो ।

☛ *संयोजक कमरेडलाई रातो खबरमा स्वागत छ ।*

धन्यवाद ।

☛ *छोटो समयको दुई लाइन सङ्घर्षपछि नै विप्लवहरूलाई कारबाही गरी छुट्टै पार्टी बनाएर अगाडि बढ्नुको कारण के हो ?*

हाम्रो पार्टीको बाह्रौँ केन्द्रीय समितिको बैठकमा विप्लवले जसरी संसद्वादपरस्त कार्यनीति लिएर आए, त्यो कायनीतिका विरुद्ध त्यतिबेलाको केन्द्रीय समितिले सशक्त प्रकारले बहस गऱ्यो । त्यो बहसमा हाम्रा पक्षमा व्यापक बहुमत पैदा भयो । आफ्नाविरुद्ध बहुमत प्रकट भएपछि विप्लव पछि हटेर त्यसलाई मान्ने निर्णय त गरे तर तुरुन्तै पछि उनी सम्पूर्ण रूपमा संसदीय राजनीतिमा प्रवेश गरेका कारण हामीले पार्टी निर्माण गर्नुपऱ्यो ।

☛ *उनीहरूले त तपाईंहरूलाई आरोप लगाएका छन् नि पार्टीमा आर्थिक हिसाब-किताब देखाउन थालेपछि उनीहरू भागेर गए भनेर । वैचारिक रूपमा कुनै बहस पनि भएन, कहिल्यै कुनै छलफल पनि भएन । आर्थिकलगायत विषयमा कारबाही गर्छु भनेपछि एकाएक उनीहरू निस्किएर गए भन्ने उनीहरूको आरोप छ नि ! यसको खण्डन कसरी गर्नुहुन्छ ?*

पहिलो कुरा उनीहरूले जुन आर्थिक कुरा हामीमाथि उठाइरहेका छन्, त्यो उनीहरूले जुन आर्थिक दुराचार गरिरहेका छन्, त्यही कुरा बारम्बार हामीमाथि उठाइरहेका छन् । उनीहरूले पार्टीभित्र गरेका आर्थिक अव्यवस्था, भ्रष्टाचार, विकृतिहरूबाट बच्नका लागि हाम्रा कमरेडहरूमाथि आरोप लगाइरहेका छन् । त्यसबारेमा उनीहरूलाई पनि र दुनियाँलाई पनि थाहा छ । जहाँसम्म बहसको कुरा छ, नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा कार्यदिशा, कार्यनीतिका विषयमा बाह्रौँ केन्द्रीय समितिमा सबैभन्दा ठूलो बहस भयो । त्यो बहसमा उनीहरू पराजित पनि भए । उनीहरू पछाडि पनि हटे । तर उनीहरू पार्टीको नीतिभन्दा बाहिर गइसकेपछि हामीले उनीहरूलाई कारबाही गर्नुपऱ्यो । त्यसकारणले उनीहरूले जुन बहस नै भएन भनेर भन्ने गरेका छन्, त्यो कुरा पनि उनीहरूले झूट्टो बोलिराखेका छन् ।

☛ *कम्युनिस्ट पार्टीले संसदीय चुनावलाई कार्यनीतिक प्रश्नका रूपमा लिन्छ । त्यो कार्यदिशासँग मिल्दैन भन्ने छलफल चलिरहन्छ । एउटा सामान्य कार्यनीतिसँग जोडेर पार्टी नै अलग बनाउनुपर्ने जुन माहोल बन्यो, विशुद्ध चुनावी कुरामा मात्र तपाईंहरूको विमति हो कि अरू पनि कार्यदिशा, कार्यनीति, कार्यक्रमसँग पनि जोडेर तपाईंहरूको विमति थियो ?*

पहिलो कुरा चुनाव भनेको नितान्त कार्यनीति हो भन्नेजसरी उनीहरूले पेस गरे, त्यो पूरै गलत कुरा छ । हुनत यो कार्यनीति हो किनभने यसलाई लेनिनले कार्यनीति भन्नुभयो । अरू कम्युनिस्ट पार्टीहरूले, खासगरी २०४८ सालमा हाम्रै पार्टी नेपाल कम्युनिस्ट पार्टी माओवादी (त्यतिबेला एकताकेन्द्र थियो), ले पनि कार्यनीतिक हिसाबले नै त्यसको प्रयोग गऱ्यो । तर त्यसलाई अति सरलीकरण गरेर विप्लवले जसरी आवश्यक पर्दा प्रयोग गर्न सकिने, आवश्यक पर्दा बहिष्कार गर्न सकिने भन्ने जुन कार्यनीतिको कुरा गरे, त्यो अत्यन्त अवसरवादी कोण हो । दोस्रो कुरा, अहिले कार्यनीतिका नाममा चुनावमा जानु भनेको संसदीय व्यवस्थाभित्र आत्मसमर्पण गर्नु हो । त्यो कुनै कार्यनीतिक प्रश्नको उपयोग गरेको भन्ने हुँदैन । कार्यनीतिक उपयोग त त्यतिबेला हुन्छ, त्यो उपयोगले क्रान्तिका निम्ति फाइदा गऱ्यो भने मात्र । जनतालाई क्रान्तिप्रति जागरुक गऱ्यो भनेदेखि मात्र । जनतालाई क्रान्तिप्रति प्रोत्साहित गऱ्यो भने त्यो उपयोग भन्ने हुन्छ । जब क्रान्तिप्रति जनतालाई दुरुत्साहित गर्छ, प्रतिक्रियावादी सत्ताप्रति लाचार हुनका लागि विवश गर्छ भने त्यो कार्यनीति हुँदैन । त्यो आत्मसमर्पण हुन्छ र विप्लवले अहिले चुनावको उपयोगको जुन कुरा गरे त्यो वास्तवमा चुनावप्रति, संसदीय व्यवस्थाप्रति आत्मसमर्पण हो ।

☛ *चुनावमा विप्लव पार्टीका प्रतिनिधिहरू नराम्रोसँग हारे । यसको पछाडि तपाईंहरूलई दोष दिएका छन् । अप्ठ्यारो बेलामा उनीहरू गएका कारण हारिएको हो भनिरहेका छन् । यसमा तपाईंहरूको धारणा के छ ?*

यसमा दुईवटा कुरा छन् : पहिलो कुरा, हामीले छोडेर गएको कारणले हारेको भन्ने उनीहरूको कुरा सही हो । त्यसमा केही सत्यता पनि छ भन्ने मलाई लाग्छ किनभने नेपाल कम्युनिस्ट पार्टीको बहुमतले यो चुनाव प्रतिक्रियावादी चुनाव हो । यो चुनावमा प्रवेश गर्नु भनेको आत्मसमर्पण गर्नु हो भनेर स्पष्ट गरेपछि देशैभरिका कार्यकर्ता कसैले पनि भोट हालेनन् र त्यसप्रति कुनै चासो पनि देखाएनन् । क्रान्तिकारीहरू त्यो चुनावमा गएनन् । जसको कारणले विप्लवले दाबी गरेको पार्टीले पाएको मत भनेको मुस्किलले आठ हजार ६ सय चालीसभन्दा बढी छैन (हुनत पुतली चुनावचिह्नबाट पाएको मत त पन्ध्र-बीस हजार भएको बुझिन्छ देशैभरिको गन्दाखेरि तर त्यो सबै उनीहरूको होइन) तर पनि हाम्रो विचारमा कति मत प्राप्त भयो र कति मत प्राप्त भएन भन्ने कुरा प्रधान होइन । मत धेरै पनि आउन सक्छ, थोरै पनि आउन सक्छ । मुख्य कुरा चुनावमा जानु सही थियो कि थिएन भन्ने हो । हाम्रो दृष्टिोणमा चुनावमा जानु गलत थियो । चुनावमा जानु भनेको संसदीय व्यवस्थामा आत्मसमर्पण गर्नु थियो जुन काम विप्लवले गरे ।

☛ *तपाईंहरूले पार्टीको नाउँ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) राखेपछि विप्लवहरूले अलि बढी यसप्रति खिसीट्युरी गरेको देखिन्छ । तपाईंहरूले पार्टीको नाउँ बहुमत नै किन राख्नुभएको हो ?*

बाह्रौँ केन्द्रीय समितिमा हाम्रो पार्टीमा विप्लवले प्रस्ताव गरेको चुनावपरस्त प्रस्तावका विरुद्ध हामीले जुन छलफल चलायौँ, त्यो छलफलमा हाम्रो ठूलो बहुमत रह्यो । जस्तो उदाहरणका लागि ७२ जना केन्द्रीय सदस्य र सल्लाहकारले बहस गरेकोमा ४५ मत विप्लवको कार्यनीति गलत छ भन्नेमा रह्यो । हामीले प्रस्ताव गरेको कार्यनीति मौखिक थियो, लिखित थिएन । त्यसमा ४५ मत रह्यो । १५ मत विप्लवको प्रस्ताव गलत छ तर विप्लवलाई समर्थन गर्नुपर्छ भन्नेमा रह्यो । विप्लवका पक्षमा उनीसहित १२ मत मात्र रह्यो । यसरी विप्लवका विरुद्ध, हाम्रा पक्षमा जुन बहुमत बन्यो, त्यसलाई हामीले विचारको बहुमत भनेका छौँ । टाउकाको बहुमत पनि भनेका छैनौँ । विचारको बहुमत हामीसँग रह्यो । त्यही विचारको बहुमतमा टेकेर हामीले पार्टी बनाउँदा त्यो बहुमत उल्टिएको पनि थिएन । बैठक पनि भएको थिएन । त्यसैमा टेकेर हामीले नेपाल कम्युनिस्ट पार्टी (बहुमत) बनायौँ र त्यो सही छ ।

☛ *बाह्रौँ केन्द्रीय समितिको बैठकमा विप्लवको कार्यनीतिविरुद्ध मत राखेर पनि कतिपय केन्द्रीय सदस्य यता आएनन् । उनीहरू यता नआउनाको कारणचाहिँ के होला ?*

यसका पछाडि २-३ वटा कुराहरू हुनसक्छ तर त्यसको खास महत्वचाहिँ हुँदैन । महत्व केमा हुन्छ भने उहाँहरूको मत त्यतिबेला कहाँ थियो भन्ने कुराको महत्व हुन्छ । किनभने त्यो मत दिइसकेपछि कुनै मान्छे मऱ्यो भने त्यो मतको गन्ती हुन्छ कि हुँदैन भन्दा गन्ती हन्छ । कोही मान्छेलाई अपहरण गरेर थाइल्यान्ड पुऱ्याइएला, कसैलाई हङकङ पुऱ्याइएला, त्यसको मतको पनि गन्ती हुन्छ । त्यसो भएकाले हामीले मतको गन्ती गरेको त्यतिबेला हो जतिबेला बहस चलेको थियो । त्यो बेलाको बहसमा जसले सही दृष्टिकोणको प्रतिनिधित्व गर्ने गरी मत व्यक्त गऱ्यो, त्यो मतलाई हामीले मान्यता दिने कुरा हो । व्यक्तिको मान्यता दिने कुरा भएन । व्यक्ति त कति के भए होलान्, कसैले पैसा दियो होला, कोही ढुलमुल भयो होला । कसैले पछि विचार परिवर्तन गऱ्यो होला । जेसुकै भएको पनि हुनसक्छ तर जतिबेलासम्म केन्द्रीय समितिको बैठकको मान्यता थियो, त्यो मान्यता रहँदासम्म बहुमत हामीसँग थियो । त्यसकारण उनीहरू कहाँ गए, के गरे भन्ने कुरासँग हामीलाई टिप्पणी गर्नु त्यति धेरै जरुरी छैन । ती साथीहरू अहिले पनि हाम्रो केन्द्रीय समितिमा आए भने उनीहरूको सिट खाली नै छ । उनीहरू आउन सक्छन् । सिटमा बस्न सक्छन् । उनीहरूले हस्ताक्षर गर्न सक्छन् वा आफ्नो उपस्थिति जनाउन सक्छन् र छलफल, बहसमा भाग लिन सक्छन् । हाम्रो अर्को बैठक नहोउन्जेल वा महाधिवेशन नहुँदासम्म त्यो कायम रहिरहन्छ । हामी अहिले यति मात्र भन्छौँ र बाँकी के भयो भन्ने कुरालाई त्यति महत्व दिन सक्तैनौँ ।

**विचारको बहुमत हामीसँग छ । त्यही विचारको बहुमतमा टेकेर हामीले पार्टी बनाउँदा त्यो बहुमत उल्टिएको थिएन । त्यसैमा टेकेर हामीले नेपाल कम्युनिस्ट पार्टी (बहुमत) बनायौँ र त्यो सही छ ।**

☛ *विप्लवजीहरूसँग छुट्टिइसकेपछि तपाईंहरूले नेपालको क्रान्तिको खाका वा कार्यदिशा नै नयाँ बनायौँ भन्नुभएको छ । त्यो के मानेमा नयाँ छ ? केके हो त्यो ? कस्तो बनाउनुभएको छ ?*

हामीले क्रान्तिको नयाँ खाका वा कार्यदिशा बनाएको कुरा सही हो । नेपालको क्रान्तिको कार्यदिशा पहिलोचाटि हामीले निर्माण गरेका छौँ भन्छु म । हामीले किन त्यस्तो दाबी गरेका छौँ भने नेपाली इतिहासमा कम्युनिस्ट पार्टीको स्थापना भएदेखि अहिलेसम्म आउँदाखेरि जति पनि कार्यदिशा बने, ती सबै कि राजनीतिक कार्यदिशा भएका छन् कि भने फौजी कार्यदिशा बनेका छन् । हाम्रो संश्लेषण के हो भने फौजी कार्यदिशाबिनाको राजनीतिक कार्यदिशा सुधारवादी हुन्छ । राजनीतिक कार्यदिशाले निर्देशित नगरेको फौजी कार्यदिशा आतङ्कवाद हुन्छ । नेपालको राजनीतिक इतिहासमा कम्युनिस्ट पार्टीको स्थापना भएदेखि यहाँसम्म आउँदा फौजी कार्यदिशा बन्दैबनेनन् । राजनीतिक कार्यदिशा मात्र बने र ती कार्यदिशाहरू सुधारवादतिर फसे । जो क्रान्तिकारी कार्यदिशा प्रयोग भयो, त्यो गणतन्त्रसम्म आउने कार्यदिशा प्रयोग भयो । त्यो पनि नेपालमा बनाइएको कार्यदिशा थिएन । त्यो चीनमा माओ त्सेतुङले बनाएको कार्यदिशा थियो । त्यसैले हामीले अहिले जुन कर्यदिशा बनाएका छौँ, यो पूरै दुईवटा खुट्टामा उभिएको कार्यदिशा छ- राजनीतिक कार्यदिशा र सैन्य कार्यदिशा । राजनीतिक कार्यनीति र सैन्य कार्यनीति । राजनीतिक कार्यक्रम र सैन्य कार्यक्रम । यसको शृङ्खलामा हामीले बनाएका छौँ । राजनीतिक कार्यदिशाका हिसाबले नयाँ जनवादसहितको वैज्ञानिक समाजवादी क्रान्ति, स्वाधीन संयुक्त सरकारको स्थापना अहिले तत्कालको राजनीतिक कार्यनीति, त्यो राजनीतिक कार्यनीति लागू गर्नका लागि तत्कालिक राजनीतिक कार्यक्रम संसदीय प्रणालीको अन्त्य, राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनता । यी ६ वटा विषय पूरा गरेर कार्यक्रम हुनुपर्छ । त्यसैगरी हामीले सैन्य कार्यदिशा पनि स्पष्ट गरेका छौँ- समग्र जनयुद्ध । यसलाई हामीले एकीकृत जनयुद्ध भनेका छौँ । सैन्य कार्यनीतिमा चाहिँ जनदबाब र राजनीतिक सहमति छ । जनसङ्घर्ष, जनप्रतिरोध, जनविद्रोह हाम्रो सैन्य कार्यक्रम हो । हाम्रो कार्यदिशा यो सेट वा शृङ्खलामा छ । हरेक सङ्घर्ष राजनीतिक सहमतिसँग जोडिएको हुन्छ । जस्तै जनसङ्घर्ष हुन्छ, राजनीतिक सहमति हुन्छ । जनप्रतिरोध हुन्छ, त्यसछि फेरि राजनीतिक सहमति हुन्छ । त्यसपछि जनविद्रोह हुन्छ, त्यसपछि फेरि राजनीतिक सहमति जोडिएको हुन्छ । यसप्रकारको कार्यक्रम हामीसँग भएको सैन्य कार्यक्रम हो । जनताको शक्तिले एकातिर जनताले दबाब दिँदै गर्ने, अर्कातिर राजनीतिक सहमति पनि गर्दै अघि बढ्दा हामीले नेपालमा नयाँ जनवादी क्रान्तिसहितको वैज्ञानिक समाजवादी क्रान्ति पनि सम्पन्न गर्न सकिन्छ भन्ने सुपस्ष्ट प्रकारको शृङ्खलाबद्ध र एकले अर्कोसँग मिल्ने, एउटा र अर्कोको बीच मिल्ने, तालमेल खाने, राजनीतिसँग सैन्य कार्यदिशा र सैन्य कार्यदिशालाई राजनीतिक कार्यदिशाले नेतृत्व गर्ने यस्तो किसमको शृङ्खला हामीले तयार गरेका छौँ । यो कार्यदिशा नयाँ पनि बनेको छ ।

☛ *गएको वैशाखको २१, २२ र २३ गते जुन विशेष राष्ट्रिय भेला गर्नुभयो, यसबीचको तपाईंहरूको साङ्गठनिक अवस्था कस्तो छ ?*

साङ्गठनिक हिसाबले पनि हामी बहुमतमा थियौँ, अहिले पनि हामी बहुमतमै छौँ केन्द्रीय समिति । अहिलेसम्म ६२ जिल्लामा जिल्ला सङ्गठन समिति बनेको छ । ८-९ वटा जिल्लामा सम्पर्क बनेको छ । पहिला विप्लवसँगै हुँदा सम्पर्क नभएका, सङ्गठन नभएका जिल्लामा पनि सम्पर्क बनेको छ । सङ्गठन बन्दै गएको छ । राम्रो तरिकाले पार्टी बनेको छ । सबैतिरबाट नेकपा (बहुमत) ले नयाँ राजनीतिक सोच, विचार र नयाँ भविष्य देखायो भनेर जनता, बुद्धिजीवी, राजनीतिक क्षेत्र र कार्यकर्ताले भनिरहेका छन् ।

☛ *अन्य कम्युनिस्ट पार्टीहरूसँग आफ्नो पार्टीको कार्यदिशा, कार्यनीतिलाई लिएर छलफल, बहस भएको छ कि छैन ?*

भएको छ । पहिलो कुरा हाम्रो पार्टी नेपाल कम्युनिस्ट (बहुमत) ले बृहत् कम्युनिस्ट एकताको कुरा गरेको छ । त्यो बृहत् कम्युनिस्ट एकता भनेको संसद्मा जित्न संसद्वादका निम्ति होइन, नयाँ जनवादसहितको वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि हो । त्यो बृहत् कम्युनितस्ट एकताले लक्षित गरेको भनेको नेपालमा समाजवादका नाममा ६५ देखि ७० प्रतिशत मत जनताले दिने गरेको छ । जनसङ्ख्याको हिसाबले ७० देखि ८० प्रतिशत जनता समाजवादी छ । त्यो समाजवादी मतलाई लक्षित गरेर बृहत् कम्युनिस्ट एकता गर्ने भनेका छौँ । यही सिलसिलामा हामीले जनसमाजवादी मञ्चसँग एकता पनि गरिसकेका छौँ । अन्य क्रान्तिकारी पार्टीसँग एकता गर्दै जानुपर्छ भन्ने हाम्रो नीति पनि छ र हामी त्यसप्रकारका पार्टीहरूसँग प्रयत्न पनि गरिरहेका छौँ । साथसाथै हामीले दस्ताबेजमै तीनप्रकारका पार्टी रहेको- हाम्रो पार्टीसहित क्रान्तिकारी पार्टीहरू रहेको, अर्को संसद्वादी तर ढुलमुल प्रकारको र अर्को संसद्वादी तर प्रतिक्रियावादी प्रकारको भनेर व्याख्या गरेका छौँ । त्यसमा संसद्वादी प्रतिक्रियावादीहरूलाई एक्ल्याउने (आइसोलेट गर्ने), ढुलमुल प्रकारका संसद्वादीहरूलाई सहकार्य गर्दै लगेर समाजमा एकता गर्दै लैजाने र क्रान्तिकारीहरूसँग एकता, कार्यगत एकता गर्दै क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउने नीति हामीले बनाएका छौँ । त्यो नीतिभित्र हामी कम्युनिस्टहरूलाई एताबद्ध गर्दै जाने तयारीमा छौँ । बृहत् कम्युनिस्ट एकता भने पनि त्यो एकैचोटि हुने त होइन । तुरुन्त मिल्न सक्ने शक्तिसँग मिल्दै जाने, एकता गर्न सकिने शक्तिसँग एकता गर्दै जाने र बृहत् किसिमको एकताका लागि वातावरण बनाउँदै त्यो स्थिति ल्याउँदै जाने भन्ने हाम्रो नीति छ । हामी त्यसैअनुसार अगाडि बढिरहेका छौँ ।

☛ *त्यस्तो कुनै कुनै छलफल चलेको छ ?*

होइन, त्यस्तो अहिले तत्कालै भन्नुपर्ने कुरा त छैन । त्यसको केही सम्भावनाचाहिँ छ ।

☛ *अब अर्को कुरा, पछिल्लो प्रतिबन्धको कालमा नेपाल कम्युनिस्ट पार्टी हुँदा नै जति कार्यकर्ता जेल परे, मुदा लगाइए तिनको अवस्था झन्झन् नाजुक छ । यता बहुमतले पनि नहेरेको भन्ने र उता विप्लवहरूले झन् वास्तै नगरेको भन्ने कुरा छ । राजनीतिक बन्दीहरूका विषयमा तपाईंहरूको के छ ?*

हामीले धेरै गरेका छौँ । हामीले प्रधानमन्त्रीसँग भेटेर ज्ञापनपत्र पनि दियौँ । हामीले गृहमन्त्रीसँग पनि भेटेर कुरा गऱ्यौँ र ज्ञापनपत्र दियौँ । हामीले सत्तारूढ पार्टीको अध्यक्षसँग भेटेर कुरा गऱ्यौँ । प्रतिपक्षसँग पनि भेटेर कुरा गर्ने कुरा छ । सबैलाई भेटेर कुरा गर्ने, जुन सहमति थियो त्यो पालना गर्न र रिहाइका लागि दबाब दिने काम गरिरहेका छौँ । विप्लवहरूले पनि प्रयत्न गरिरहेका होलान् भन्ने ठानेका छौँ । तर के सुन्छु भने उनीहरुले जेलभित्रका साथीहरूको फोन उठाउने, भेटघाट गर्ने काम बन्द गरे रे । तर मलाई के लाग्छ भने उनीहरूले त्यसो त नगरिहाल्लान् । हाम्रो साझा प्रयत्न के हुनुपर्दछ भने दुवैतिरबाट गर्नुपर्दछ । हामी हाम्रातर्फबाट भरपूर कोसिस गर्नेछौँ ।

☛ *आठ ठ्याक्कै १८ महिना भएछ ३ बुँदे सहमति भएको तर साथीहरू ४ वर्षदेखि जेलमा हुनुहुन्छ ?*

हामी साथीहरूको रिहाइका लागि भरपूर कोसिस गर्दछौँ । सरकारले सहज तरिकाले छोडेन भने हामी सडक सङ्घर्षमा जानेबाहेक अरू उपाय हुँदैन । हामीले अस्ति जेलहरूको प्रवेशद्वारमा जुलुस गरेर प्रशासनलाई आवाज सुनाएर हामीले साङ्केतिक सङ्घर्ष गऱ्यौँ । जेल प्रशासनको गेटबाट हामीले सरकारलाई आवाज सुनाएका हौँ । आज गैरकानुनी तरिकाले थुन्ने सरकारी कदमका विरुद्धमा हामी देशैभरि सङ्घर्ष लैजान्छौँ । आवश्यक परे फेरि हजारौँ मान्छे जेलमा जानका लागि पनि हामी तयार छौँ । त्यो अभियान सञ्चालन गर्दछौँ ।

☛ ***सरकारले तत्काल बन्दीहरू मुक्त गरिहाल्नेजस्तो त देखिँदैन !***

केही साथीहरू अदालती प्रक्रियाबाट पनि रिहा भइरहनुभएको छ तर सरकारसँग फागुन २१ मा भएको ३ बुँदे सहमति कार्यान्वयन हुनुपर्दछ भन्ने हाम्रो भनाइ हो ।

☛ *अब विप्लवहरूसँग कतै सहकार्य हुने सम्भावना छ कि छैन ?*

सम्भावना त छ ।

☛ *कसरी ?*

उनीहरूलाई हामीले संसदीय संशोधनवादी भनेका छौँ, निषेधात्मक अधिभूतवादी भनेका छौँ, जुझारु अर्थवादी भनेका छौँ । उनीहरूको प्रवृत्तिलाई पेटी बुर्जुवा रोमान्टिसिज्म भनेका छौँ । एकीकृत जनक्रान्तिको कार्यदिशालाई सारसङ्ग्रहवादी भनेका छौँ । प्रवृत्ति पनि संसदीय संशोधनवादी भनेका छौँ । त्यसलाई आत्मालोचना गरीकन जनताले बुझ्ने गरी सच्चिएर आएको खण्डमा एकता हुन्छ । हाम्रोबाट त यस्तो सम्भावना छ तर उनीहरूबाट के छ भन्ने कुरा उनीहरूले भन्ने कुरा हो ।

☛ ***कार्यकर्ताले र आमजनताले एउटा गजबको प्रश्न गर्ने गरेका छन्- पार्टी एउटै हुँदा केही नहुने, जब पार्टी फुट्यो अनि राजनीतिक-वैचारिकभन्दा पनि आर्थिक आरोप लाग्ने गरेको छ । तपाईंले भर्खरै भन्नुभयो विप्लवजीहरूले पैसा उठाएर अथवा आर्थिक रूपले स्पष्ट हुनुभएन । आर्थिक दुरुपयोग गर्नुभयो भन्नुभयो । उहाँहरूले तपाईंहरूलाई आर्थिक अनिमितता गरेको भनेका छन् । खास भएको के हो ? उहाँहरू त मिडियामा बोलेको बोल्यै हुनुहुन्छ त ?***

मान्छे जब वैचारिक रूपले टाट पल्टिन्छ, व्यक्तिगत आक्षेप लगाउन सुरु गर्दछ । खास भएको यही हो । यो नितान्त गलत छ । यो कुरा किन गलत छ भने उहाँहरूले गरेका आर्थिक घोटालाका आरोप र व्यभिचारहरू छोप्नका लागि लगाइएको तथाकथित आरोप हो । केके भएको छ भन्ने कुरा त दुनियाँले जानेकै-बुझेकै छ नि ! उनीहरूले कति पैसा खाए, कति घरहरू बनाए, कति गाडीहरू किने ! ती कुरा हामीले भन्दै हिँडेका छैनौँ किनकि कसले के गऱ्यो भन्ने कुरा त आममान्छेले, कार्यकर्ताले, मिडियाले बुझेको कुरा हो नि । खासमा विप्लवको राजनीति संसदीय संशोधनवादी भयो । कार्यदिशा सारसङ्ग्रहवादी भयो । यद्यपि हामी सँगै हुँदा हामीले त्यसलाई सुस्पष्ट गर्ने प्रयत्न गरेका हौँ । मुख्य नेता नै सारसङ्ग्रहवादी भएपछि हामीले गरेको प्रयत्नको कुनै अर्थ रहेन ।

अर्को कुरा हामीले के भनेका छौँ भने क्रान्तिकारी खोलभित्र दक्षिणपन्थी अवसरवादी प्रवृत्ति विप्लवसँग छ । यो प्रमाणित विषय हो । राजनीतिक कुराको प्रतिवाद गर्न सकेनन् । वैचारिक कुरालाई उनले कहीँ-कतै पनि प्रतिवाद गर्न सकेनन् । किन होइन भन्नसकेनन् त ? त्यसो गर्न नसकेपछि पैसा यति उठाए, यति पाउनुपर्नेमा पाइएन... यस्ता कुरा उठाए ।

☛ *देश अब आर्थिक रूपले टाट पल्टिँदैछ । जनता निकै समस्यामा परेका छन् । राष्ट्रियताको सवाल पनि निकै गम्भीर बन्दै छ । तपाईंहरूले पनि केही कार्यक्रम ल्याइरहनुभएको छैन । यससम्बन्धी के सोच्नुभएको छ ?*

अहिले हामी सङ्गठन सुदृढीकरण गर्ने अभियानमा छौँ । राजनीतिक रूपले प्रस्ट गर्ने काममा छौँ । सङ्गठन गर्ने, प्रशिक्षण गर्ने, जनतालाई बुझाउने काममा छौँ । देशैभरि पुग्ने चरणमा छौँ । हामीलाइ के विश्वास छ भने ट्रेड युनियनवादी सङ्घर्षले केही हुनेवाला छैन । जति राष्ट्रघाती विकृतिहरू छन्, ती कसैलाई केही फरक पार्दैन । त्यसैले हाम्रो आन्दोलन सीधै सत्ताकेन्द्रित हुन्छ । जस्तो हाम्रो तत्कालीन कार्यनीति भनेको स्वाधीन संयुक्त सरकार भनेका छौँ । हाम्रो सङ्घर्ष यता केन्द्रित हुन्छ । हामी अर्को चरणमा जाँदा ट्रेड युनियनवादी सङ्घर्ष नभई सीधै सत्ताकेन्द्रित आन्दोलनमा जान्छौँ । हामी विप्लवहरूको जस्तो जुझारु अर्थवादी प्रकारको सङ्घर्ष गर्दैनौँ, सीधै सत्तामा प्रहार गर्नेखालका आन्दोलनमा जान्छौँ ।

☛ ***नयाँ पार्टी बनेपछि पहिलोपटक रातो खबरलाई अन्तर्वार्ता दिनुभएको छ । हामीलाई केही भन्नु छ कि ?***

रातो खबर प्रकाशन जसरी क्रान्तिकारी लाइनमा उभिइरहेको छ, पार्टीभित्र दुई लाइन सङ्घर्ष चल्दा पार्टीभित्र क्रान्तिकारी नीति र आदर्शका पक्षमा उभियो, त्यसका लागि पार्टीका तर्फबाट धेरैधेरै धन्यवाद दिन चाहन्छु । यसले आफ्नो आदर्श बचाइराखोस् भन्ने रातो खबर परिवारलाई शुभकामना !

☛ ***एउटा प्रसङ्ग जोडौँ, विप्लवहरूले 'इस्क्रा' मेन्सेबिकहरूले कब्जा गरे भनेछन् नि ?***

बोल्सेबिक हामी नै हौँ । उनीहरू मेन्सेबिक हुन् । प्रस्टै भएको विषय हो- उनीहरू १२ जना हुँदा हामी ६० जना थियौँ । केही ढुलमुल गरेका व्यक्तिलाई छोडेर पनि प्रस्टसँग केन्द्रीय समितिमा ४५ जना हामी हौँ । कार्यनीतिका हिसाबले पनि उनीहरू मेन्सेबिक हुन्, हामी बोल्सेबिक हौँ । सबै हिसाबले विप्लवहरू मेन्सेबिक नै हुन् । उनीहरूले त्यो बकबास गर्नुको कुनै अर्थ छैन ।

*प्रस्तुति : गुणराज लोहनी*

# भ्रम र वास्तविकता



**थमनसिंह राई 'निर्मल'**

'केवल ती व्यक्तिहरूले मात्र आफ्नो अस्तित्व रक्षाका लागि झूट बोल्दछन्, जसको राजनीतिक पतन भइसकेको छ ।' *– महान् बहस, पृ. ३५*

पार्टी पुनर्गठन गरी नेकपा (बहुमत) निर्माण गरेयता हामीमाथि विभिन्न आरोप लगाउने कार्य हुँदै आइरहेको छ । त्यस्ता आरोप असैद्धान्तिक, अराजनीतिक, तथ्यहरूको तोडमोड गर्ने, भ्रामक र चरित्र हत्या गर्ने प्रकृतिका छन् । खासगरी यस्तो कार्य विप्लव र उनका कार्यकर्ताबाट हुँदै आइरहेको छ । प्राविधिक र व्यक्तिगत विषयलाई छाड्ने हो भने उनीहरूले लगाउने गरेका उल्लेख्य आरोपहरूमा –'चुनाव प्रयोगजस्तो विशुद्ध कार्यनीतिक विषयमा पार्टी विभाजन गरेको; भिन्न विषय ल्याउन नसकेको र क्रान्ति गर्ने हैसियत नभएको' भन्ने रहेका छन् । सुरुआती दिनमा पार्टीको बहुमत हिस्सा गुमाउनु पर्दाको झोकमा यस्ता आरोपको वर्षा गर्नु स्वाभाविक नै थियो । तर त्यो क्रम अहिलेसम्म पनि जारी छ । तसर्थ आमकार्यकर्ता र जनसमुदायलाई सत्य–तथ्य सूचित गर्ने उद्देश्यले यो लेख तयार पारिएको छ ।

सर्वप्रथम 'चुनावी कार्यनीतिक विषयलाई लिएर पार्टी नै विभाजन गरेको' भन्ने आरोपका विषयमा कुरा गरौँ । झट्ट हेर्दा चुनावी कार्यनीतिका विषयमा नै पार्टी विभाजित भएको जस्तो देखिए पनि मुख्य विषय त्यो थिएन । मुख्य विषय त कार्यदिशा, कार्यक्रम र कार्यनीतिको तादात्म्य नहुँदा अस्पष्टता र अन्योल उत्पन्न हुँदै आएको थियो । त्यसले मूल नेतृत्व र कार्यदिशाका बारेमा आशङ्का र असन्तुष्टि बढाउँदै लगिरहेको थियो । चुनावी मुद्दा उक्त आशङ्का र असन्तुष्टि विस्फोटको उत्कर्ष बन्यो ।

केन्द्रीय समितिको १२ औँ बैठकमा विप्लवद्वारा पेस गरिएको स्थानीय चुनाव 'प्रयोग' गर्ने प्रस्ताव अत्यधिक बहुमतद्वारा अस्वीकृत भयो । नेतृत्वको सुरक्षा गर्न, सङ्गठन व्यापक बनाउन, जनसम्बन्ध विस्तार गर्न, सहिद परिवारको व्यवस्थापन गर्न, मुद्दाहरू खारेज गर्न र जेलमा भएका नेता–कार्यकर्तालाई छुटाउन चुनाव 'प्रयोग' गर्नुपर्ने विप्लवको तर्क थियो । त्यसलाई हामीले ठाडै इन्कार गर्‍यौँ ।

हामीले अहिलेको अवस्थामा संसदीय व्यवस्थाअन्तर्गत हुने जुनसुकै नामधारी चुनाव उपयोग गर्नु कार्यनीतिक मात्र नभई रणनीतिक महत्वको विषय हुने भएकाले स्थानीय चुनाव ' प्रयोग' गर्ने प्रस्ताव सही नहुने बतायौँ । हामीले चुनाव उपयोग गर्ने नीति लिने हो भने सैद्धान्तिक रूपले गल्ती हुन जाने र त्यसले पार्टीलाई अपूरणीय क्षति पुग्नेतर्फ सचेत गरायौँ । पार्टीलाई तहसनहस हुनबाट बचाउन प्रस्ताव फिर्ता लिन विप्लवलाई आग्रह गर्‍यौँ ।

लामो छलफलपछि निर्वाचन आयोगमा पार्टी दर्ता नगर्ने, नेताहरू उम्मेदवार नबन्ने, राष्ट्रवादी र स्वच्छ छवि भएका कोही व्यक्ति स्वतन्त्र उम्मेदवार बनेको खण्डमा सहयोग गर्न सकिने भन्ने निर्णय भयो तर स्वयम् विप्लवबाटै यो निर्णयको उल्लङ्घन भयो । केन्द्रीय सदस्यहरूलाई उम्मेदवारी दिन लगाउने, जिल्लाहरूमा आफैँ उपस्थित भएर कार्यकर्ताहरूलाई उम्मेदवार बन्न दुरुत्साहन गर्ने, प्रकाण्डलाई निर्वाचन आयोगमा पठाएर चुनावको मिति सार्न लगाउने कार्य विप्लव आफैँले गरे । कमरेड कञ्चनद्वारा पार्टी निर्णयविपरीत उम्मेदवारी दिएका नेता–कार्यकर्तालाई आफ्नो उम्मेदवारी फिर्ता गरी पार्टी निर्णय पालना गर्न विज्ञप्तिमार्फत आग्रह गरियो । त्यसपछि पर्याप्त छलफलबिना नै विप्लवले विज्ञप्तिमार्फत नै कमरेड कञ्चन र कमरेड सुदर्शनलाई सम्पूर्ण जिम्मेवारीबाट मुक्त गरेको घोषणा गरे । पार्टी विभाजन रोक्नका लागि कमरेडहरूमाथि गरिएको उक्त कारबाही फिर्ता गर्न विभिन्न जिम्मेवार नेताहरू तथा जवस–मोर्चाहरूद्वारा आग्रह गरियो तर उनले त्यो आग्रह सुनुवाइ गर्ने चासो नै देखाएनन् । अब हाम्रासामु दुईवटा मात्रै विकल्प थिए : एउटा, विप्लवसितै आत्मसमर्पण गरेर संसदीय मार्गमा लतारिनु र अर्को, क्रान्तिकारी धाराको रक्षाका निम्ति पार्टी पुनर्गठन गरेर अगाडि बढ्नु । हामीले दोस्रो विकल्प रोज्यौँ ।

विप्लवले पहिले आफैँले 'खारेज' गरेको चुनावमा आधारभूत परिवर्तन नआउँदै सहभागी हुने लालसा किन देखाए ?, चुनाव बहिस्कार गर्दा जसरी पनि असफल पार्नैपर्ने, यसका लागि विध्वंस मच्चाउन र उम्मेदवारहरूको 'सफाया' सम्म पनि गर्न सक्नुपर्ने तर उपयोग गर्दाचाहिँ उम्मेदवारी दिए पनि जित्नैपर्छ भन्ने अनिवार्य नहुने तर्क किन गरे ? पार्टी एकता कायम राख्नेभन्दा चुनावी मोर्चा नै उनको रोजाइमा किन पर्‍यो ? हामीले

> *झूटो कुरा गरेर मानिसहरूलाई केही समय मूर्ख बनाउन सकिन्छ । उद्दण्ड कार्य गरेर हैरानी दिन सकिन्छ । तर यसको पर्दाफास भएको दिन आफ्नो सर्वनाशलाई रोक्न सकिँदैन ।*

यसको सूक्ष्म विश्लेषण गर्‍यौँ । यसबाट हामीले विप्लवमा निम्नपुँजीवादी रोमान्सवाद व्याप्त भएको निष्कर्ष निकाल्यौँ । निम्नपुँजीवादी रोमान्सवादकै कारण उनमा दार्शनिक रूपमा सारसङ्ग्रहवाद, राजनीतिक रूपमा संसदीय संशोधनवाद, सङ्गठनात्मक रूपमा निषेधात्मक अधिभूतवाद, सङ्घर्षमा आत्मसुरक्षावाद तथा आर्थिक रूपमा जुझारु अर्थवाद सवार रहेको निष्कर्ष पनि निकाल्यौँ ।

सुरुआती चरणमा उनलाई केही समयको तयारीपछि क्रान्ति थालनी गर्दा चाँडै उभार सृष्टि हुनेछ र त्यसले गर्दा शीघ्र र सहज किसिमले विजय हासिल गर्न सकिनेछ भन्ने लागेको थियो । त्यसै भएर उनले मध्यम दूरीको क्रान्ति भन्ने गरेका थिए । त्यो भनेको रुसको जस्तो १० दिनमा सकिने र चीनको जस्तो दशकौँ लाग्ने हुन्न भन्ने थियो । उनी छोटो समयको तयारीपछि क्रान्तिको थालनी गरिहाल्नुपर्छ भन्ने सोचाइ राख्थे । 'धेरै ढिलो गर्नु हुन्न । ढिलो भयो भने गोलचक्करमा फसिन्छ' भन्ने गर्थे । तर पछिल्ला दिनहरूमा तयारीका लागि अझै समय आवश्यक भएको बताउन थालेका थिए । यसरी उनले सुरुमा गरेको शीघ्र र सहज विजयको रोमान्सवादी आंकलन र वस्तुगत परिस्थितिबीच तादात्म्य भएन । उनको दृष्टिमा क्रान्तिको विजय सुदूर भविष्यको कुरा बन्दै जान थाल्यो । यसबाट उनी क्रान्तिको विजय तत्काल सम्भव नभएको निष्कर्षमा पुगे । यो कुरा १२ औँ बैठक वरपर उनको चेहरामा झल्केको भाव पढेर सहजै थाहा पाउन सकिन्थ्यो । यसबाट उनी पार्टीलाई संसद्वादी बनाएर सुरक्षित अवतरण गर्ने अवसरको खोजीमा लागे । चुनाव 'प्रयोग' को प्रस्ताव त्यसैको कडी थियो ।

हामीमाथि लगाइएको अर्को आरोप 'नयाँ विषयवस्तु प्रस्तुत गर्न नसकेको' भन्ने छ । यस सवालमा हाम्रो जबाफ यस्तो छ– एकीकृत जनक्रान्तिको कार्यदिशा र वैज्ञानिक समाजवादको कार्यक्रमका विषयमा समान धारणा बनेपछि विप्लवसँगको सहयात्रा सम्भव भएको थियो । पदावलीका हिसाबले 'एकीकृत जनक्रान्ति' आफैँमा उपयुक्त नै थियो तर त्यसलाई स्पष्ट पार्नको निम्ति जुन व्याख्याको आवश्यकता पर्दथ्यो, त्यो विप्लवबाट हुन सकेन । नेतृत्व तहका केही जिम्मेवार कमरेडबाट त्यसलाई पुष्टि गर्ने आधारको खोजी गरी व्याख्या गर्ने कोसिस भयो तर विप्लवकै कारण त्यो सारसङ्ग्रहवादी बन्न पुग्यो । 'एकीकृत जनक्रान्ति' मार्फत हुने क्रान्तिको शृङ्खलासम्बन्धी अस्पष्टता सधैँ कायम रह्यो । रणनीति र कार्यनीति, कार्यनीति र कार्ययोजना, कार्ययोजना र कार्यशैलीबीचको तादात्म्य हुँदैनथ्यो । विप्लवले 'पार्टीको शक्ति र जनताको शक्ति एकीकृत भएपछि क्रान्ति सम्पन्न हुने' बताउने गरे पनि त्यो कसरी हुन्छ र त्यसका लागि कुन–कुन चरण भएर गुज्रिनुपर्छ भन्ने कुरा कहिल्यै स्पष्ट पारेनन् । क्रान्ति अगाडि बढ्दै जाने क्रममा स्पष्टता पनि हासिल हुँदै जाने सोचाइ राख्दै निःसर्त र निःस्वार्थ भावका साथ योगदान गरियो । तर तथ्यहरूको विश्लेषण गर्दै जाँदा यसप्रकारको सोचाइ राख्नु भ्रम मात्रै भएको निष्कर्षमा पुगियो । १२ औँ बैठकमा प्रस्तुत चुनाव 'प्रयोग' को प्रस्ताव उत्कर्ष बन्यो । अब पनि विप्लवको नेतृत्व र एकीकृत जनक्रान्तिको कार्यदिशामा क्रान्तिको विजय देख्नु मूर्खतासिवाय केही नहुने ठहर गरियो । अनि लागियो नयाँ यात्रातिर ।

अहिले हामीले कार्यदिशा, कार्यक्रम, कार्यनीति र कार्यनीतिक कार्यक्रमको सुस्पष्ट शृङ्खला निर्माण गरेका छौँ । हामीले वैज्ञानिक समाजवादी क्रान्तिको कार्यदिशा, जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवादको कार्यक्रम, स्वाधीन संयुक्त सरकारको कार्यनीति बनाएका छौँ । त्यस्तै कार्यनीतिक कार्यक्रमअन्तर्गत संसदीय व्यवस्थाको अन्त्य, राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनता बनाएका छौँ । त्यत्ति मात्रै होइन, राजनीतिक स्थिरताका लागि कार्यपालिकामा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने र निजको नेतृत्वमा विषयविज्ञहरू सम्मिलित मन्त्रिमण्डल गठन गर्ने, व्यवस्थापिकामा प्रत्यक्ष निर्वाचित विधायकहरू रहने र निजहरूले कानुन बनाउनेबाहेकका काम गर्न नपाउने, न्यायपालिकामा प्रत्यक्ष निर्वाचित प्रधानन्यायाधीश रहने तथा जमिनमाथि सम्पूर्ण नागरिकको नैसर्गिक अधिकार कायम गर्ने नीति पनि तय गरेका छौँ । त्यस्तै सङ्घर्ष सम्बन्धमा जनसङ्घर्ष, जनप्रतिरोध र जनविद्रोहको शृङ्खलामा अघि बढ्ने प्रक्षेपण गरेका छौँ । यसरी पहिलोपटक नेपाली क्रान्तिको स्पष्ट र शृङ्खलाबद्ध मार्गचित्र तयार भएको छ । अब कुनै पनि क्रान्तिकारीले अस्पष्ट र अन्योल बन्नुपर्ने स्थिति छैन ।

त्यस्तै हामीमाथि लगाइएको अर्को आरोप क्रान्ति गर्ने हैसियत नभएको भन्ने छ । यसमा हाम्रो जबाफ के छ भने क्रान्ति कुनै अमूक नेताले मात्रै गर्ने होइन । क्रान्तिकारी विचारको मार्गनिर्देशनअनुसार नेताहरूको समूहले नेतृत्व प्रदान गर्ने हो । क्रान्ति भने आमजनसमुदायले गर्ने हो । जनसमुदायको सक्रिय सहभागिता नभएसम्म कुनै पनि क्रान्ति सफल हुँदैन । अनि हैसियत भन्ने कुरा बनिबनाउ हुँदैन । यो आन्दोलनको विकासक्रममा बन्दै जाने कुरा हो । हैसियत कुनै महापुरुषले तोकिदिएर निर्धारण हुने कुरा पनि होइन । विचार, कार्यदिशा, रणनीति, कार्यनीति, कार्यक्रम र कार्ययोजनाको सहीपनाले निर्धारण गर्दै जाने हो । जनताको साथ, सहयोग, समर्थन र सहभागिताले निर्माण गर्दै जाने हो । हैसियतका बारेमा रुसी कम्युनिस्ट पार्टीसँगको महान् बहसका क्रममा चिनियाँ कम्युनिस्ट पार्टीका तर्फबाट गरिएको बहसमा भनिएको छ, 'सबै महान् व्यक्तिहरू कुनै बेला हैसियत नभएका व्यक्तिहरू थिए । तर विजय उनीहरूकै हुन्छ, खालि सत्यता मात्र उनीहरूसँग हुनुपर्दछ र जनसमुदायको समर्थन उनीहरूलाई प्राप्त हुनुपर्दछ ।'

(हेर्नुहोस् महान् बहस, पृ. २१६)

अहिले हामीले कार्यदिशा, कार्यक्रम, कार्यनीति र कार्यनीतिक कार्यक्रमको स्पष्ट शृङ्खला निर्माण गरेका छौँ । त्यसैको आधारमा हामीसँग क्रान्तिकारी आन्दोलनमा आमजनसमुदायको नेतृत्व गर्ने हैसियत भएकोमा हामी ढुक्क छौँ ।

उता विप्लव पार्टीका साथीहरू उनीहरूकै भाषामा 'भ्रममा परेर नेकपा (बहुमत) मा सामेल भएका इमानदार नेता–कार्यकर्तालाई घर फर्काऊ (?)' अभियानमा जोडतोडका साथ लागिपरेका छन् । जसलाई जे भन्दा र जे गर्दा आफ्नो बसमा पार्न सकिन्छ अथवा भ्रममा पार्न सकिन्छ, त्यही तरिका प्रयोग गरिरहेका छन् । यसका लागि फकाउने, तर्साउने, धम्क्याउनेजस्ता विधिहरू प्रयोग गर्ने गरेका छन् । उनीहरूले हाम्रा कार्यकर्ताको घरघरमा पुगेर विभिन्नखाले आश्वासन दिने, कार्यक्रममा जाँदै गरेका कार्यकर्तालाई बाटोमा रोकेर अनावश्यक सास्ती दिने, बैठक स्थलनजिक पुगेर बिथोल्ने मनासयले हूलहुज्जत गर्ने, बारम्बार फोन गरेर भौतिक हमलाको धम्की दिने कार्य गरेका छन् ।

हामी उनीहरूसँग विनम्रतापूर्वक भन्न चाहन्छौँ– साथीहरू ! यस्ता अशिष्ट र अराजक क्रियाकलाप बन्द गर्नुहोस् । भ्रमको खेती बन्द गर्नुहोस् किनकि भ्रमको खेतीमा एकपटक मात्रै फल लाग्छ, बरु वैचारिक र राजनीतिक रूपले आफूलाई श्रेष्ठ साबित गरेर विश्वास जित्ने कोसिस गर्नुहोस्, हाम्रो शुभकामना छ । झूटो कुराको सहारा लिएर आफैँलाई धोका दिने काम बन्द गर्नुहोस् । झूटो कुरा गरेर मानिसहरूलाई केही समय मूर्ख बनाउन सकिन्छ । उद्दण्ड कार्य गरेर हैरानी दिन सकिन्छ । तर यसको पर्दाफास भएको दिन आफ्नो सर्वनाशलाई रोक्न सकिँदैन ।

अन्त्यमा अब्राहम लिङ्कनको एउटा भनाइ उद्धृत गर्दै यो लेखको बिट मार्न चाहन्छु–

'तिमीले सबै व्यक्तिलाई केही समय र केही व्यक्तिलाई सधैँभरि मूर्ख बनाउन सक्छौ तर सबैलाई सधैँभरि मूर्ख बनाउन सक्दैनौ ।'

*८ साउन, २०७९*

## बनेपामा मजदुरले निकाले विरोध र्‍याली, दमन गरिए प्रतिरोध हुने







बनेपा (काभ्रे)/ नेकपा (बहुमत) काभ्रेपलाञ्चोकको पहलमा पार्टीको जिल्ला समितिअन्तर्गत अखिल नेपाल क्रान्तिकारी सडक तथा स्वरोजगार मजदुर सङ्घको बनेपा नगर समितिले बनेपाको चारदोबाटोदेखि नगर कार्यपालिकाको कार्यालयसम्म विरोध प्रदर्शन गरेको छ । मजदुरमाथि नगरपालिकाले गरेको अत्याचारलगायत मजदुरविरोधी गतिविधिविरुद्ध आयोजित र्‍याली नगर परिक्रमपछि कोणसभामा परिणत भएको थियो ।

विरोधसभामा सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा (बहुमत) काभ्रेका संयोजक कृष्ण सेवाले उचित व्यवस्थापनसहित फुटपाथ व्यवसायीलाई स्थानान्तरण गरिनुपर्ने, सडकको आवाजलाई बिनादमन सुन्नुपर्ने र आईएलओ सन्धिअनुसार मजदुरको मानवअधिकार रक्षा गरिनुपर्ने बताए ।

संयोजक सेवाले श्रमजीवी जनताको आवाजलाई बुटले कुल्चिने दुस्साहस गरिएमा त्यसको उपयुक्त जबाफ दिन नेकपा (बहुमत) तयार रहेको पनि बताए । स्थानीय सरकार बन्दुकको बलमा श्रमजीवी जनतामाथि दमनमा उत्रिएमा पार्टी टुलुटुलु हेरेर नबस्ने र त्यसको प्रतिरोध गरिने चेतावनी पनि उनले दिए ।

कोणसभामा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ बागमती प्रदेश इन्चार्ज राजकुमार मगरले पनि सम्बोधन गरेका थिए । उनले सडक किनारमा व्यवसाय गरेर जीविकोपार्जन गर्नेहरू विकसित मुलुकमा पनि रहेको उदाहरण दिँदै बनेपा नगरले पनि श्रम गरेर जीविकोपार्जन गर्नेमाथि दमन गर्न नहुने धारणा राखे ।

## वित्तीय अराजकता बन्द...

समाधान गर्नुपर्ने उल्लेख छ ।

फेवाताललगायत तालहरूको क्षेत्राधिकारभित्रको अतिक्रमित जमिन फिर्ता गर्दै फेवातालको अतिक्रमित जमिन फिर्ता गर्न सर्वोच्च अदालतले गरेको फैसला



नेपाल कम्युनिस्ट पार्टी (बहुमत) कास्की पोखरा महानगर समितिका इन्चार्ज रवीन्द्र राई र संयोजक यम भट्टराईले संयुक्त रूपमा हस्ताक्षर गरेको ज्ञापनपत्रमा पोखरा बसपार्क निर्माण गर्न सुकुमबासीको वैकल्पिक व्यवस्था गर्दै भूमाफियाको कब्जामा रहेको बसपार्कको जग्गा फिर्ता गरी पुरानो क्षेत्रफलमा स्तरीय बसपार्क अविलम्ब निर्माण गर्न, भूमाफियाको साँठगाँठमा राज्य सङ्घ–संस्थाको जमिनमाथिको निजीकरण अन्त्य गर्दै सर्वसुलभ भाडादरमा स्वरोजगार व्यवसायीलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने, ल्यान्डफिल्ड साइट वैज्ञानिक व्यवस्थापनसहित यथाशीघ्र निर्माण गर्नुपर्ने, शिक्षामा भएको निजीकरण अन्त्य गर्दै माध्यमिक तहको शिक्षा निःशुल्क र गुणस्तरिय प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।

अविलम्ब कार्यान्वयन गर्न, मिटरब्याजी र वित्तीय संस्थाले जनतामाथि गरेको उत्पीडन तत्काल बन्द गर्न कदम चाल्न, महानगरपालिकामा गैरकानुनी रूपमा सञ्चालित क्रसर उद्योगहरू अविलम्ब बन्द गर्न, नदीजन्य तथा प्राकृतिक स्रोतसाधनको वैज्ञानिक व्यवस्थापन गर्दै घाट टेन्डर अनियमितता नियन्त्रण गर्न, सवारी पार्किङको उचित व्यवस्थापनसहित निःशुल्क पार्किङ व्यवस्थापन गर्न, फुटपाथ व्यवसायीहरूको उचित व्यवस्थापन गर्न, पोखरामा निर्माणाधीन खानेपानी पाइपलाइनले निम्त्याएको सडक समस्या तत्काल समाधान गर्न, जनताका दैनिक उपभोग्य सामग्रीहरूको बजार अनुगमन गरी मूल्य एकरूपता कायम गर्न माग गरिएको छ ।

## नेपाल कम्युनिस्ट पार्टी (बहुमत) बैतडी र दार्चुलाको संयुक्त प्रशिक्षण

काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को बैतडी र दार्चुला जिल्लाको संयुक्त प्रशिक्षण तथा बैठक बैतडीको डिलासैनी गाउँपालिकामा सम्पन्न भएको छ । उक्त बैठकमा नेकपा (बहुमत) का नवौँ महाधिवेशन आयोजक समिति सदस्य तथा बैतडी जिल्ला इन्चार्ज वासुदेव जोशीले विप्लव पार्टी सारसङ्ग्रहवाद, संसदीय संशोधनवाद, निषेधात्मक अधिभूतवाद, आत्मसुरक्षावाद र जुझारु अर्थवादमा पतन भैसकेकाले तिनीहरूबाट क्रान्ति सम्भव नभएको हुँदा पार्टी पुनर्गठन गर्नुपरेको बताए ।

पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा दार्चुला जिल्ला इन्चार्ज प्रकाश थापाले आगामी कार्ययोजनालाई दृढतापूर्वक कार्यान्वयन गर्नुपर्ने र समाजमा रहेको विकृति, विसङ्गति र भ्रष्टचारका विरुद्ध भण्डाफोर गर्नुपर्ने बताए । बैठकले सङ्गठन गठन र पुनर्गठनका साथै विकृति–विसङ्गति र भ्रष्टाचारका विरुद्ध निरन्तर अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । बैठकको अध्यक्षता तथा सञ्चालन दार्चुला जिल्ला संयोजक विजय लेखकले गरेका थिए ।

## युवा जनस्वयम्सेवकद्वारा...

ब्युरो इन्चार्ज आजाद प्रमुख अतिथि थिए भने अतिथिहरू चितवन इन्चार्ज महेश, चितवन पार्टी संयोजक विजय, जनक्रान्तिका घाइते तथा अपाङ्ग सङ्घका केन्द्रीय संयोजक रणदीप, थारू मुक्ति मोर्चाका केन्द्रीय संयोजक बुद्धि, गोर्खा जिल्ला इन्चार्ज हुकुम, युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय उपाध्यक्ष अविनाश, केन्द्रीय सचिव सन्तोष र भरतपुर महानगर इन्चार्ज जीवन, संयोजक काकालगायत पालिका इन्चार्जहरू रहेका थिए भने कार्यक्रमको सञ्चालन सुविन घिसिङले गरेका थिए ।

पार्टीका ब्युरो इन्चार्ज तथा भेलाका प्रमुख अतिथि आजादले प्रशिक्षण दिएका थिए । चितवन जिल्ला इन्चार्ज महेशले नवनिर्वाचित पदाधिकारीहरूलाई टीका तथा अबिर लगाई बधाई तथा शुभकामना दिएका थिए । उनले नेपालमा जनयुद्धदेखि आजसम्म परिवर्तनका पक्षमा बलिदान गर्ने सम्पूर्ण सहिदको सपना साकार पार्ने र नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्न, दलाल संसदीय व्यवस्था खारेज गर्न, विगतमा गरिएका सम्पूर्ण असमान राष्ट्रघाती सन्धि खारेज गर्न, कथित नागरिकता विधेयक खारेज गर्न युवा सङ्ठनको महत्वपूर्ण भूमिका हुनुपर्ने बताए ।

त्यसैगरी भेलामा शुभकामना तथा कार्यक्रम सफलताको मन्तव्य अखिल (क्रान्तिकारी) चितवनका इन्चार्ज विकल्प खत्रीले दिएका थिए । यस्तै युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय उपाध्यक्ष अविनाशले युवाको आवश्यकता र नेपालमा भएको दलाल व्यवस्थाका विरुद्ध धावा बोल्न र नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्न युवा जनस्वयम्सेवकको महत्वपूर्ण भूमिका रहेको बताए ।

नवनिर्वाचित अध्यक्ष सन्देशले प्रतिबद्धता र युवा जनस्वयम्सेवकले सर्वहारा जनताका पक्षमा निरन्तर सङ्घर्ष गर्ने प्रतिबद्धता मन्तव्यसहित कार्यक्रम समापन गरेका थिए ।

सन्दर्भ : नेकपाका संस्थापक पुष्पलालको ४४ स्मृति दिवस

# नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र

(पहिलो घोषणापत्र)



पुष्पलाल

*विदेशमा साम्राज्यवादी डकैतीको रक्षार्थ रगत बगाउन इन्कार गर्नोस् । नेपालका गरीब जनताले अरू मुलुकहरूका गरीब जनताको शोषण गर्नमा साम्राज्यवादी उपनिवेशवादीहरूलाई किन मद्दत गर्ने ? नेपालका गरीब जनताले हाम्रो मुलुक र हाम्रै जनतामाथि आधिपत्य जमाइरहेका उही अङ्ग्रेज–अमेरिकी साम्राज्यवादीहरूलाई बलियो पार्न आफ्नो जीवनको बलिदान किन गर्ने ?*

(१)

विगत चालीस वर्षमा दुई विश्वयुद्धहरू भए । पहिलो विश्वयुद्धको फलस्वरूप विश्वको छ खण्डको एक खण्ड भू-भाग पुँजीवादी घेराबाट मुक्त भएको छ र समाजवादी सोवियत सङ्घको जन्म भएको छ र सबल वैज्ञानिक समाजवाद महान ऐतिहासिक यथार्थतामा फेरिएको छ । यो महान ऐतिहासिक यथार्थता पुँजीवादी तथा सामन्ती दासत्व विरुद्ध विद्रोह गर्न सबै मुलुकहरूका शोषित र श्रमजीवी जनतालाई निरन्तर आव्हान हो । अतः बेलायत, फ्रान्स र अमेरिकाका पुँजीवादी शासकवर्गहरूले सोवियत सङ्घको विरुद्ध हिटलरी फासिष्टवादलाई जन्माए र प्रत्यक्ष रूपले दोस्रो विश्वयुद्धको लागि बाटो बनाइदिए तर दोस्रो विश्व-युद्धको फलस्वरूप, सोवियत सङ्घ ध्वस्त नभएको मात्र होइन, बरु पूर्वी तथा दक्षिणपूर्वी युरोपका कैयन मुलुकहरूले आफूलाई पुँजीवादी–साम्राज्यवादी कैदबाट मुक्त पारेर समाजवादी विश्वको सीमानालाई विस्तारित पारे । दोस्रो विश्वयुद्धको फलस्वरूप, अन्तर्राष्ट्रिय मजदुर आन्दोलनले ठूलो फड्को मारेको छ र औपनिवेशिक जनताहरूले खुल्ला सशस्त्र विद्रोहको बाटो लिएका छन् । यसरी विश्व पुँजीवादका मोर्चा र पृष्ठभाग गंभीर खतरामा परेका छन् ।

दक्षिणपूर्वी एशियामा चलिरहेको क्रान्तिकारी लहर हाम्रो प्यारो मुलुक नेपालमा पनि पुगेको छ । एउटा युग- पुरानो सामन्ती अत्याचारलाई हाँक दिँदै नेपालको मजदुरवर्ग पहिलोपल्ट मार्च १९४७ मा संग्राममा प्रवेश गऱ्यो । विराटनगर जुट तथा कपडा मिलहरूका मजदुरहरूले बाँच्नलायक ज्याला र काम गर्ने राम्रो अवस्थाको लागि हडताल गरे । गुप्त रूपमा मनमोहन अधिकारीको नेतृत्वमा बनेको मजदुर यूनियनले त्यसको नेतृत्व गऱ्यो । भारतको विश्वासघाती समाजवादी नेता र निस्कासित राणाद्वारा समर्थित नेपाली राष्ट्रिय कांग्रेसका नेताहरूले हडतालप्रति विश्वासघात गरे । हडतालको छाल राजधानीमा पनि फैलियो । काठमाडौँमा बिजुली तथा टक्सार विभागका सरकारी कर्मचारी र बैंक तथा अस्पतालका कर्मचारीहरूले त्यस्तै मागहरू राखेर हडताल गरे । हडतालीहरू कति दृढ थिए भने सरकार तलब बढाउन र राशन दिन बाध्य भयो । काठमाडौँ उपत्यकाभित्र मात्र तलब वृद्धि र अन्न खरीद सुविधाहरू सीमित भए पनि नेपालका सम्पूर्ण जनताले त्यसलाई आफ्नै विजयको रूपमा लिए र आफ्ना अधिकारहरूको सुरक्षार्थ जनसङ्घर्षको खाँचोलाई बुझे ।

(२)

१३८५ देखिन् सामन्ती निरंकुशहरूले नेपालमा शासन गर्दैछन् । यी शताब्दीहरूको क्रममा भएका परिर्वतनहरूले राणाहरूको निरंकुशतालाई मात्र बलियो पारेका छन् । नेपालका केही भागमा पुँजीवादी उत्पादन-प्रणाली लागू भए पनि अझसम्म सामन्ती उत्पादन-प्रणाली र प्रशासनको निर्णायक प्रभाव रहेको छ ।

मुलुकमा अझसम्म आत्मनिर्भर प्राकृतिक अर्थतन्त्रको प्रभुत्व छ, तर यो मर्दो रूपमा छ । किसानहरूले आफ्नो खाद्यान्न मात्र होइन, आफूले उपयोग गर्न धेरैजसो चीज आफै पैदा गर्छन् । राणा, जमीन्दार, द्वारे, ठालु र मुखियाहरूले किसानहरूबाट उठाएको तिरो आफ्नै व्यक्तिगत मोजमज्जामा खर्च गर्छन् । पहिले उक्त तिरोलाई चीजहरूको विनिमयमा प्रयोग गरिन्नथ्यो । अहिले सामन्ती परजीवीहरूले त्यस्तो प्रणाली लागू गरेका छन् तापनि त्यसको अझसम्म निर्णायक प्रभाव रहेको छैन ।

धेरैजसो जमीन सामन्ती शासकवर्ग, अर्थात राणा साहेबज्यु, घरानियाँ, जमीन्दार र गुरुज्यूहरूको मालिकत्वमा रहेको छ । किसानहरूको मालिकत्वमा ज्यादै थोरै जमीन छ, वा छँदै छैन । किसानहरूले आफ्नै ज्यावल प्रयोग गरेर आफ्ना मालिकहरूको जमीन जोत्छन् र ती मालिकहरूको लोभ पूरा गर्न आफ्नो बालीको तीन-चौथाई हिस्सा बुझाउँछन् । १९२४ मा दासप्रथाको उन्मूलन भए पनि अझसम्म घृणित खालको शारीरिक दण्ड दिने चलन छँदैछ । अझसम्म सामन्ती मालिकहरूले १५ दिनसम्म किसानहरूलाई थुन्ने कानूनी अधिकार पाएका छन् । वास्तवमा किसानहरूको स्थिति भूदासको भन्दा राम्रो छैन ।

किसानहरूले समस्त राणाहरू र सामन्ती मालिकहरूद्वारा गरिने शोषणको असह्य भार बोक्नु परेका छन् र त्यसका साथै नजराना, कर तथा बेगारी दिएर सम्पूर्ण सामन्ती नोकरशाही र जनविरोधी सरकारी सेनालाई पनि कायम राख्नुपरेको छ ।

मल्ल वंशको शासनकालमा नेपालमा धेरैजना सामन्तहरूले शासन चलाउँथे, तर १७६९ देखिन्, पृथ्वीनारायण शाहको पालादेखिन् नेपाल राजाहरू र तिनका सामन्ती पिट्ठुहरूद्वारा शासित एक केन्द्रीकृत सामन्ती निरंकुश राज्य बनेको छ ।

नेपाली किसानहरूले कुनै पनि व्यक्तिगत शारीरिक वा राजनीतिक स्वतन्त्रताको उपभोग न पहिले गरेका थिए, न अहिले गर्न पाएका छन् । सामन्ती शासक गुटद्वारा गरिएको कठोरतम रूपको शोषण तथा उत्पीडनको कारणले गर्दा नेपालको सामाजिक व्यवस्था शताब्दीयौँदेखिन् प्रायः गतिहीन रहेको छ ।

'कोत पर्व' को रूपमा परिचित बल-प्रयोगद्वारा सत्ता-अपहरणबाट राणाहरू सत्तामा आउने बित्तिकै, विदेशी साम्राज्यवादीहरूले नेपालमा छिटो आफ्नो प्रभाव बढाउन थाले । यो कतिसम्म बढेको छ भने आज नेपाल वास्तवमा साम्राज्यवादीहरूको अर्ध–उपनिवेश रहेको छ । त्यसबेलादेखिन् नेपाल ब्रिटिश साम्राज्यवादीहरूका लागि भरौटेहरू भर्ति गर्ने एक मुख्य थलो बनेको छ र महाराणा त्यसको मुख्य दलाल रहेको छ । आज पनि भारतको पुँजीवादी नेहरू सरकारले ब्रिटिश साम्राज्यवादीहरूलाई ब्रिटिश उपनिवेशहरूको मुक्ति सङ्घर्षलाई दबाउन भोका युवा किसानहरूमध्यबाट हजारौँ सिपाही भर्ति गर्न दिइरहेको छ । ब्रिटिश एकाधिकारी पुँजीको नाफाको रक्षा गर्न, अपराधी महाराणाले गरीब नेपाली युवकहरूको जीवन र रगतको बिक्री गरिरहेको छ ।

यसका अतिरिक्त वाल स्ट्रीटका एजेन्टहरूले नेपालमा प्रभुत्व जमाएका छन् र उनीहरू हाम्रो पवित्र भूमिमा सोवियत-विरोधी सैनिक अड्डाहरू बनाउने योजना बनाउनमा व्यस्त छन् । भारतीय पुँजीपतिहरू पनि नेपालमा आफ्नो शोषणका जालहरू फैलाउँदै छन् । नेपालमा जनवादी आन्दोलनको उठ्दो लहरको विरुद्ध आफ्नो स्थितिलाई बलियो पार्न महाराणाले उक्त सबै विदेशी शोषकहरूलाई निम्त्याइरहेको छ । कुन कुरो स्पष्ट छ भने जो शासक अङ्ग्रेज-अमेरिकी साम्राज्यवाद र भारतीय पिछलग्गूहरूको दलाल मात्र बनेको छ उसले भोको जनताको एउटा पनि समस्या हल गर्न सक्दैन । उसले जनताका समस्याहरूलाई बढाउन र चर्काउन मात्र सक्छ र वास्तवमा अहिले उसले यस्तै गर्दै छ ।

यस्तो भयानक थिचोमिचोको विरुद्ध नेपाली जनता आन्दोलित भएका छन् । पुँजीवादी उत्पादन–प्रणालीको स्थापनाले गर्दा आधुनिक समाजको सबभन्दा क्रान्तिकारी वर्ग, मजदुरवर्गको जन्म हुँदै छ । घृणित महाराणाको विरुद्ध प्रजातान्त्रिक अधिकार हरूका लागि ऐतिहासिक हड्ताल-संग्रामहरूमा नेपालको मजदुरवर्गले आफ्नो क्रान्तिकारी गुणको प्रदर्शन गरिसकेको छ । नेपालको इतिहासमा सर्वप्रथम जनताले राजनीतिक अधिकारहरूको माग गरेर काठमाडौँका सडकमा प्रदर्शन गरे । फेरि, नेपालको जीवनमा पहिलोपल्ट विद्यार्थीहरूले शिक्षण संस्थाहरूभित्र राजनीतिक सभाहरू गरे र उनीहरू नागरिक अधिकारहरूको मागलाई बुलन्द गर्दै सडक प्रदर्शनमा उत्रे । उक्त आन्दोलनलाई निर्ममतापूर्वक दबाइयो, तर पनि शासकवर्गले बाध्य भएर नागरिक अधिकारहरू दिने र राजबन्दीहरू छाड्ने कबुल गर्नुपरेको थियो । लडाकु जनताले यसलाई ठीक रूपमा महाराणा र उनको गूटको कमजोरीको स्वीकारोक्ति र आफ्नो बढ्दो तागतको प्रमाण ठानेका छन् ।

(३)

दोस्रो विश्वयुद्धको अन्त्यदेखिन् सम्पूर्ण संसार दुई शिविरमा विभाजित भएको छ– अमेरिकी तथा ब्रिटिश एकाधिकार पुँजीद्वारा नेतृत्व गरिएको साम्राज्यवाद, प्रतिक्रियावाद तथा युद्धको शिविर र सोवियत सङ्घद्वारा नेतृत्व गरिएको साम्राज्यवाद-विरोध, जनवाद तथा शान्तिको शिविर । अङ्ग्रेज-अमेरिकी साम्राज्यवादी युद्धखोरहरूले संसारभर प्रत्येक मुलुकभित्र जनवादी शक्तिहरूको उठ्दो लहरको विरुद्ध प्रतिक्रियावादीहरूलाई सक्रिय रूपले सहयोग गरिरहेका छन् र उपनिवेशहरूको विरुद्ध आक्रमणकारी युद्ध चलाइरहेका छन् । आसन्न पुँजीवादी संकटबाट उम्कने र अमानवीय शोषणको आफ्नो टाटपल्टेको पुँजीवादी व्यवस्थालाई जोगाउने उद्देश्यले, तिनीहरूले सोवियत सङ्घ र लोक जनवादी राज्यहरूको विरुद्ध तेस्रो विश्वयुद्ध भड्काउन हतारमा तयारी गर्दै छन् । नेपालका शासक गुटहरूले साम्राज्यवादी पुँजीवाद र युद्धको यस शिविरलाई खुल्ला रूपमा साथ दिएका छन् र आज प्रतिक्रियावादका इमान्दार चाकरको रूपमा काम गर्दै छन् । आफ्नो जालसाजी प्रचारयन्त्रको व्यापक प्रयोग गरेर राणाहरूले जनतालाई के विश्वास दिलाउन खोज्दै छन् भने बेलायत, अमेरिका र भारतसित भएको उनीहरूको विश्वासघाती गठबन्धनले हाम्रा जनताका लागि शान्ति-सुख ल्याउनेछ ।

स्वर्गीय प्रधानमन्त्री पद्म शमशेर राणाले कतिसम्म पनि भनेका छन् भने नेपालमा प्रजातन्त्र स्थापना भइसकेको छ । वर्तमान मोहन शमशेर राणाले आधुनिक राज्यको रूपमा नेपालको निर्माण गर्न एक पंचवर्षीय योजनाको घोषणा समेत गरेका छन् । तर यी आँखामा छारो हाल्ने कुरा मात्र हुन् । वास्तवमा, राणाहरूको तरीका अमेरिकी युद्धखोरहरूको सेवामा नेपाललाई युद्ध अखडा बनाउन दिने तरीका हो, ब्रिटिश साम्राज्यवादको रक्षामा नेपालको मानवशक्ति प्रदान गर्ने तरीका हो र नेपालको व्यापार तथा वाणिज्यलाई भारतीय पुँजीपतिवर्ग र त्यसको नेहरू सरकारको सेवामा सुम्पने तरीका हो । महाराणासित सन्धि गरेर केही अमेरिकी व्यापारिक संस्थाहरूले आगामी तीस वर्षका लागि पश्चिम नेपालका केही भागहरूलाई आफ्नो नियन्त्रणमा लिइसकेका नै छन् । काठमाडौँस्थित अमेरिकी मिशनले हाम्रो मुलुकलाई आफ्नो उपनिवेशमा परिणत गर्न जोडतोडले काम गर्दैछ ।

१८५७ देखिन् नेपालको मानवशक्तिको उपयोग गरिआएका ब्रिटिश साम्राज्यवादीहरू पनि यस निन्दनीय काममा त्यतिकै संलग्न छन् । ब्रिटिश, भारतीय र नेपाल सरकारहरूका बीच नोभेम्बर १९४७ मा काठमाडौँमा हस्ताक्षर भएको सन्धिको एउटा धारा निम्न प्रकारको छ :-

'भारतीय सरकारले कुन कुरोलाई सकारेको छ भने भारत वा नेपालको कुनै ठाउँमा अर्को भर्तिकेन्द्र नबनेसम्म ब्रिटिश सरकारले पहिले झैँ गोरखपुर र घुमका भर्तिकेन्द्रहरूको प्रयोग गर्नेछ ।'

उपरोक्त एउटै धाराले नेहरू सरकार र महाराणा सरकारको 'तटस्थ' तथा 'स्वाधीनता' सम्बन्धी कथालाई धुजाधुजा पारिदिएको छ । फेरि, सो धाराले कुन नांगो सत्यलाई प्रमाणित गरेको छ भने नेहरू सरकार र नेपाल सरकार दुवै प्रतिकृयावाद तथा युद्धको साम्राज्यवादी शिविरका सक्रिय सहभागी तथा चाकर हुन् ।

नेपाली जनताको दुर्भाग्य यतिमा मात्र सीमित रहेको छैन । नयाँ दिल्लीमा आफ्नो सरकारको संरक्षण तथा निर्देशन पाएका भारतीय ठूलो बन्दव्यापारले एउटा ठूलो युद्धमा नेपालको ढोका 'खोलिरहेको' छ । विडला, सिन्घानीया र चौधरियाले नेपालमा जूट, कपडा र चीनी मिलहरू खोलेका छन् । नेहरू सरकार आफैले कोशी योजना लिएको छ । आज नेपालमा लगानी गरिएको पुँजीको अधिकांश हिस्सा भारतीय पुँजीपतिहरूको छ । यी भारतीय पुँजीवादी लुटेराहरू नेपालका सस्तो श्रम र प्राकृतिक साधनस्रोतहरूको शोषणमा लागेका छन्, र उनीहरूको उद्देश्य आफ्नै थैली भर्नु हो र नेपालको औद्योगिकरण गर्नु होइन, किनभने उनीहरू औद्योगिकरण गर्न अनिच्छुक मात्र होइन, असमर्थ पनि छन् । यसरी नेपाली जनता दोहोरो शोषणको जाँतोमुनि पिसिँदै छन्– सामन्ती शोषणलाई पुँजीवादी शोषणले टेवा दिंदै छ । आफ्नो प्राकृतिक अर्थतन्त्रको स्थितिबाट छुट्टिएर नेपाल अचानक विश्व पुँजीवादी अर्थतन्त्रको आँधीमा पर्न गएको छ र आसन्न संकटको खतरनाक समाघातमा परेर काँपिरहेको र टुटिरहेको छ । यसबाट नेपाली जनताको मुक्ति होइन, विनाश हुनेछ ।

त्यसैले, नेपाली जनताले एउटा भिन्नै बाटो लिनुपर्छ । त्यो बाटो हो– विश्व जनवादी शिविर सित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी-पुँजीवादी आधिपत्यलाई पुरैसित खतम पार्नु र मजदुरवर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी राज्य स्थापना गर्नु, अर्थात् यस्तो राज्यव्यवस्था स्थापना गर्नु, जसमा जनता राष्ट्रको सम्पत्तिका मालिक हुनेछन् र उनीहरूले त्यसलाई आफ्नै फाइदाका लागि विकसित गर्नेछन् । विजयी समाजवादको देश सोवियत सङ्घको अनुभव र पूर्वी यूरोपका लोक जनवादी राज्यहरू, नयाँ चीन, उत्तर कोरिया तथा औपनिवेशिक जनताको अघि बढिरहेका दस्ताहरूको अनुभवहरूले नेपाली जनतालाई दिन प्रतिदिन यस गौरवपूर्ण सङ्घर्षमा प्रेरणा दिँदै छन्, किनभने तिनले सर्वत्र उत्पीडित जनतालाई प्रेरणा दिन्छन् ।

सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी अधिकारलाई खतम पार्न सङ्घर्षमा मजदुरवर्गले अग्रणी भूमिका खेल्नुपरेको छ, र यो इतिहासले त्यसको काँधमा हालिदिएको कार्यभार हो । आज संख्यामा थोरै भए पनि, नेपालको मजदुरवर्ग, पुँजीवादी शोषण तीव्र हुँदै गएको सिलसिलामा, दिन प्रतिदिन संख्यात्मक र राजनीतिक दृष्टिले बलियो हुँदै छ ।

सोवियत सङ्घको कम्युनिस्ट पार्टी(बो) को इतिहासमा कमरेड स्टालिनले भन्नुभएको छ :-

'त्यसैले, हामीले आफ्नो कार्यदिशाको आधार समाजका त्यस्ता अङ्गहरूलाई बनाउनु हुन्न जो अहिले प्रमुख शक्ति रहे तापनि विकसित भइरहेका छैनन् । बरु हामीले त्यस्ता अङ्गहरूलाई आफ्नो आधार बनाउनुपर्छ, जो अहिले प्रमुख शक्ति नरहे तापनि विकसित भइरहेका हुन्छन् र जसको सामु भविष्य छ ।

नेपालमा विकासशील वर्ग-सङ्घर्षप्रति यस्तो द्वन्द्वात्मक-भौतिकवादी दृष्टिकोणको मद्दतबाट मात्र क्रान्तिकारीहरूले सही रणनीतिको प्रतिपादन गर्न र त्यसलाई मार्क्स-एङ्गेल्स-लेनिन-स्टालिनको अजेय झन्डामुनि विजयसम्म बढाउन सक्नेछन् ।

(४)

हामी नेपालका मजदुर, किसान, सिपाही, श्रमजीवी, मध्यम वर्गहरू र सारा प्रजातन्त्रप्रेमी जनतालाई के अपील गर्छौं भने उनीहरू सामन्ती एकतन्त्रवादको विरुद्ध र आफ्ना सबै प्रिय आकांक्षाहरूको सिद्धीकरणका लागि एउटा साझा मोर्चामा एकगठ होऊन् । हामीलाई कुन कुरामा पूर्ण विश्वास छ भने जनवादी शक्तिहरू तलका जनवादी कार्यक्रमको आधारमा ठोसरूपले एकगठ हुन सक्छन् :-

१. सामन्ती एकतन्त्रशाही तथा विदेशी आधिपत्यको पूर्ण उन्मूलन र पूर्ण तथा वास्तविक स्वाधीनता ।

२. मजदुर, श्रमजीवी किसान र उत्पीडित निम्न-पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने जनवादी सरकार, जुन अङ्ग्रेजी-अमेरिकी साम्राज्यवाद र त्यसका भारतीय पिछलग्गुहरूसित सहयोगका विरोधी हुन्छ र जसले शान्ति तथा सबै जातिहरूको स्वतन्त्रताको लागि क्रियाशील रहेका जनवादी राज्यहरूसित सहयोग गर्दछ ।

३. बालिग मताधिकारमा आधारित संविधान, जसले सर्वसाधारणलाई पूर्ण स्वतन्त्रता र आधारभूत आर्थिक अधिकारहरूको ग्यारेण्टी गर्दछ । विशेषाधिकारहरू र जातपात, नस्ल र जातिको आधारमा गरिने भेदभावलाई कानूनद्वारा खतम पारिनेछ र त्यसको उल्लंघनलाई कानूनद्वारा दण्डनीय पारिनेछ ।

४. विनामुआवजा जमीन्दारी प्रथा र सबै खालका सामन्ती शोषणको उन्मूलन र जोताहाहरूमा जमीनको वितरण । ग्रामीण ऋण खतम गर्नु । कृषि मजदुरहरूलाई जीवनयोग्य ज्याला ।

५. बैंक, औद्योगिक तथा यातायात व्यवसाय, वगान, खानी, आदिमा लगाइएको विदेशी पुँजी राज्यद्वारा जब्त गर्नु र ती व्यवसायहरूको राष्ट्रियकरण गर्नु ।

६. ठुलठुला उद्योगहरू, बैंकहरू र विमा कम्पनीहरूको राष्ट्रियकरण, मजदुर नियन्त्रणको ग्यारण्टी, न्यूनतम जीवनयोग्य ज्याला, आठ घण्टा कामको दिन आदि ।

७. मुलुकको साधनस्रोतहरूको विकास गर्न आर्थिक योजना र मुख्य-मुख्य आर्थिक केन्द्रहरूबाट ठुलो व्यापारीलाई हटाउनु, निजी उद्योगहरूको नाफामाथि नियन्त्रण ।

८. सबै दमनकारी कानूनहरू खारेज गर्नु ।

९. नोकरशाहीको उन्मूलन र निर्वाचित अधिकारीहरूसहितको र जन-समितिहरूद्वारा निर्देशित प्रशासन ।

१०. आम जनतालाई सशस्त्र पार्नु र जनताको जनवादी सेना स्थापना गर्नु ।

११. स्वतन्त्र शिक्षा र अनिवार्य प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार ।

१२. महिलाहरूलाई समान प्रजातान्त्रिक अधिकारहरू ।

जनवादी मोर्चा र यसको निर्माण गर्न नेपाल कम्युनिस्ट पार्टीले नेपालका विश्वासघाती राजनीतिक पार्टी तथा नेताहरूको विरुद्ध दृढरूपमा सङ्घर्ष गर्नुपर्छ र जनताका भूठा मित्रहरूलाई निर्ममतापूर्वक उदांग र एकलो पार्नुपर्छ । जति हदसम्म विगार्नेहरूको विरुद्ध सङ्घर्ष चलाई तिनलाई परास्त गरिन्छ, त्यति हदसम्म नै नेपालमा जन-सङ्घर्षले वास्तविक क्रान्तिकारी वेग प्राप्त गर्नेछ ।

नेपाली राष्ट्रिय कांग्रेस (रेग्मी गूट र कोइराला गूट) र तथाकथित प्रजातन्त्र कांग्रेसले नेपाली जनताका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हितहरूप्रति विश्वासघात मात्र गरेका होइनन्, तर नेपालको सामन्ती निरंकुशतावादसित, भारतका प्रतिक्रियावादी पुँजीवादी नेहरू सरकारसित र अङ्ग्रेज-अमेरिकी युद्धखोरहरूसित सहयोग गर्ने निर्लज्ज नीतिको निरन्तर अनुसरण गरिरहेका छन् । आफ्ना मुखपत्र र भाषणहरूमा उनीहरूले सोवियत सङ्घ, गौरवशाली चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा भएको चिनियाँ जनताको महान विजय, मलाया, भियतनाम, श्याम तथा इण्डोनेशियाको विरुद्ध विषालु बदनामीहरू ओकलिरहेका छन् । उनीहरूको भनाइ अनुसार, महाराणाको घृणित सरकार नेपालका श्रमजीवी जनताको साझा शत्रु होइन । उनीहरूको भनाइ अनुसार, कम्युनिज्म र कम्युनिस्टहरू नेपालका लागि मुख्य खतरा हुन् र उनीहरू कम्युनिज्म विरुद्ध आफ्नो 'पवित्र अभियान' मा महाराणाको रक्तरंजित हातसित हात मिलाउन समेत इच्छुक छन् । कम्युनिज्मको विरुद्ध उनीहरूको पाखण्डी घृणामा मौलिक कुरा केही पनि छैन । यो त संसारभरका जन-शत्रुहरूको सुपरिचित तथा दिवालिया नीति हो । कम्युनिज्म-विरोधलाई आवरण बनाएर उनीहरू आफ्नो अपराधपूर्ण निहित स्वार्थको रक्षा गर्न शोषित जनताको विरुद्ध लड्ने गर्छन् ।

उदयमान मध्यम वर्गको सानो तहको प्रतिनिधित्व गर्ने रेग्मी र खुद आफै सामन्ती मालिक रहेका असन्तुष्ट राणाहरू श्रमजीवी जनताको शोषणलाई खतम पार्नमा बिलकूल चासो राख्दैनन् । उनीहरू विद्यमान सत्तासित सम्झौता गर्न चाहन्छन् र जनताको रगत चुस्नमा उचित हिस्सा प्राप्त गर्न मात्र उत्सुक छन् । आफ्नो खराब उद्देश्य सिद्ध गर्नका लागि, उनीहरू जनताको वास्तविक असन्तोषसित खेलवाड गर्छन्, विरोधको टोपी लगाउँछन् र नक्कली वीरता देखाउँछन् । तर उनीहरू सधैँभरि आम जनताको क्रान्तिकारी शक्ति र अग्रसरतालाई रोक्न भगीरथ कोशिश गर्दछन् । तर जब जन-असन्तोषले सारा छेकबारलाई भत्काउन लागेको हुन्छ, अनि यी वाग्बहुल वीरहरू अहानिकर सत्याग्रह सङ्घर्ष चलाउँछन् र सो सङ्घर्षले आम क्रान्तिकारी चरित्र लिन थाल्ने वित्तिकै उनीहरू सङ्घर्षरत जनताको पीठपछाडि सङ्घर्षलाई फिर्ता लिन्छन् र महाराणासित गर्हित सम्झौता गर्छन् । उनीहरूले हालसालै मात्र यसो गरेका छन् ।

कम्युनिस्टहरू श्रमजीवी जनताको सङ्घर्षका सबभन्दा सम्झौताहीन समर्थक हुन् । त्यसैले, स्वभावतः यी गद्दारहरू कम्युनिस्टहरूको विरुद्ध आफ्नो मुख्य हमलालाई केन्द्रित पार्छन् । शोषित जनताप्रतिको विश्वासघात र शासक वर्गहरूप्रतिको अधीनस्थतालाई लुकाउन उनीहरूले 'तेस्रो पार्टी' को भूठो नारा उठाएका छन् । अङ्ग्रेज-अमेरिकी एकाधिकारी पुँजीको नेतृत्वमा रहेको पुँजीवादका शिविर र सोवियत सङ्घ तथा अन्तर्राष्ट्रिय मजदुरवर्गको नेतृत्व रहेको समाजवादको शिविरमा स्पष्ट रूपले विभाजित संसारमा कुनै 'तेस्रो बाटो', कुनै 'मध्यम मार्ग' को नीति हुन सक्दैन । उपयुक्त दुई शिविर, दुई बाटोमा एउटा सबैले चुन्नुपर्छ । 'तेस्रो बाटो' को नारा प्रतिक्रियावादीसितको गठबन्धन र विश्वासघाती अनुहारलाई लुकाउन प्रयोग गरिएको राजनीतिक छद्मभेष हो । नेहरूको 'तेस्रो बाटो' यसको एउटा घिनलाग्दो प्रमाण हो ।

नेहरूले 'तेस्रो बाटो' बाट थालनी गरेर केही महिनाभित्रै उनी साम्राज्यवादी-सामन्ती गठबन्धनको शिविरमा, अङ्ग्रेज- अमेरिकी युद्धखोरहरूको शिविरमा सामेल हुन पुगे । 'तेस्रो बाटो' को अनिवार्य गन्तव्य स्थान त्यही हो । यो अन्तर्राष्ट्रिय सामाजिक-जनवादको घृणित झण्डा हो, मजदुरवर्गप्रति विश्वासघातको झण्डा हो ।

हामी नेपालका प्रजातन्त्रवादी जनतालाई के आव्हान गर्छौं भने उनीहरू झुठा मित्रहरूबाट, उक्त नक्कली प्रजातन्त्रवादीहरूबाट सतर्क होऊन् र उनीहरूले सोवियत सङ्घद्वारा नेतृत्व गरिएको विश्व साम्राज्यवाद-विरोधी शिविरको पक्षमा दरो अडान लेऊन् र लोक जनवादको लागि सम्झौताहीन सङ्घर्षलाई अघि बढाउन् ।

शोषित, पद्दलित जनताका पङ्क्तिमा रहेका दाजुभाई दिदीबहिनीहरू हो !

संसारका सङ्घर्षरत जनताका नेता समाजवादी सोवियत सङ्घको विरुद्ध हाम्रो पवित्र मातृभूमिलाई साम्राज्यवादी युद्ध-अखाडामा फेर्ने अपराधी योजनालाई विफल पार्न दृढ रूपमा सङ्घर्ष गर्नुहोस् । नेपालका श्रमजीवी जनताले कहिले पनि सोवियत सङ्घको विरुद्ध सङ्घर्ष गर्नेछैनन्, आफ्नो वर्गीय दाजुभाइहरूको विरुद्ध कहिले पनि हात उठाउने छैनन् ।

विदेशमा साम्राज्यवादी डकैतीको रक्षार्थ रगत बगाउन इन्कार गर्नोस् । नेपालका गरीब जनताले अरू मुलुकहरूका गरीब जनताको शोषण गर्नमा साम्राज्यवादी उपनिवेशवादीहरूलाई किन मद्दत गर्ने ? नेपालका गरीब जनताले हाम्रो मुलुक र हाम्रै जनतामाथि आधिपत्य जमाइरहेका उही अङ्ग्रेज-अमेरिकी साम्राज्यवादीहरूलाई बलियो पार्न आफ्नो जीवनको बलिदान किन गर्ने ? बर्मा, मलाया र अन्य दक्षिण-एशियाली मुलुकहरूको मुक्ति सङ्घर्ष विरुद्ध लड्न इन्कार गर्नोस्, किनभने ती मुलुकहरूका जनताहरू पनि उही मागहरूका लागि र उही शोषकवर्गहरूको विरुद्ध लडिरहेका छन्, जुन मागका लागि र जुन शोषकवर्गको विरुद्ध यहाँ नेपालका जनता लडिरहेका छन् । शोषितहरूको विरुद्ध होइन, शोषकहरूको विरुद्ध लड्न कम्मर कस्नुहोस् । आफ्नै दाजुभाइहरूतिर होइन, सर्वसाधारण जनताको शत्रुहरूतिर आफ्नो बन्दुक सोझ्याउनुहोस् । आफ्नो दाजुभाइको विरुद्ध लड्नु भनेको आफ्नै दासत्वलाई बलियो पार्नु हो ।

घृणित महाराणा र उनका अधिकृतहरूको आदेशमा आफ्नो मुलुकको आफ्नै जनतालाई दबाउन दृढतापूर्वक इन्कार गर्नुहोस् । महाराणा र उनका साँगुरो शासक गुटले तपाईंहरूलाई तपाईंको जग्गाको हकबाट वंचित पारेका छन्, तपाईंहरू र तपाईंहरूका नातेदारहरूलाई भोकको मुखमा झोसेका छन्, र अनि, तपाईंहरूको अति गरीबीबाट फाइदा उठाएर आफ्नो सशस्त्र चाकरको रूपमा तपाईंहरूलाई भर्ति गरिरहेका छन् र विदेशी साम्राज्यवादीहरूलाई भरौटेको रूपमा तपाईंहरूको वेचबिखन गरिरहेका छन् । सेनामा तपाइहरूको जीवन एक सतत अपमान हो । आफ्नै भोको दाजु-भाइ तथा दिदी-बहिनीहरूलाई गोली हान्न इन्कार गर्नुहोस्, थिचाहा र शोषकहरूतर्फ आफ्नो संगीन सोझयाउनुहोस् र आफना सङ्घर्षरत जनताको पक्ष लिनुहोस । यो नै मुक्तिको बाटो, सम्मानको बाटो, जीवनको बाटो हो ।

नेपालका मजदुरहरू हो ! तपाईंहरूले मार्च १९४७ का आफ्ना पहिला हडताल-संग्रामहरूको बेलामा नै आफ्नो झन्डा, विश्व सर्वहारावर्गको अन्तर्राष्ट्रिय एकताको झन्डालाई उठाउनु भएको छ । निस्कासित राणाहरू र भारतको समाजवादी नेताद्वारा समर्थित कांग्रेसी नेताहरूले तपाईंहरूको वर्ग शत्रुसितको पहिलो मुठभेडप्रति विश्वासघात गरे पनि, त्यो मुलुकभर फैलियो । कांग्रेसी गद्दारहरूले औपचारिकरूपले हडताल बन्द गर्ने घोषणा गरिसकेपछि पनि,

... बाँकी ७ पृष्ठमा

समय समीक्षा

# क्रान्तिकारीको कब्जामा स्पार्टाकसको बर्को



अशोक सुवेदी

नेपाल र नेपालीलाई लामो समयदेखि राष्ट्रियता, जनतन्त्र र जनजीविकाको विषय र समस्याले दुःख दिइरहेको छ । देशलाई सिक्किमीकरण र फिजीकरण गर्ने लेन्डुप दोर्जे र महेन्द्र चौधरीहरू शासनसत्तमा ढलिमली गरिरहेका कारण भक्ति थापा, भीमसेन थापा, अमरसिंह थापा र बलभद्र कुँवरहरूको नियति भीमदत्त पन्तको जस्तो हुँदैछ तर पनि आन्दोलन जारी छ । दलाल पुँजीवादी सत्तालाई त देश भाँडमै जाओस्, जनता भोकैतिर्खै मरून्, कुनै मतलब हुने कुरा भएन । राष्ट्रियताका सन्दर्भमा सडक र सामाजिक सञ्जालका भित्ता रङ्ग्याउने प्रगतिशील नाउँका स्रष्टाहरूलाई सत्ताको भातको मात लागेजस्तो देखिएको छ । विदेशी नागरिकलाई विभिन्न बहाना बनाएर नेपालको नागरिकता दिने र नेपालका असली नागरिकहरूचाहिँ नागरिकताविहीन बनिरहने राष्ट्रघाती विधेयक संसद्बाट पारित हुँदा पनि हिजो प्रतिपक्षमा हुँदा के-के न देशभक्त हुँजस्तो देखाएर प्रलाप गर्नेहरू आज त्यही राष्ट्रघाती विधेयकको लास बोक्ने, सरकारी भत्ता र पद धोक्ने काममै मस्तराम भएजस्ता देखिन्छन् । त्यसैले पनि हामीले विगतदेखि नै कथित प्रलेस सत्तापक्षीय बनेर वैचारिक मृत्यु भइसकेकाले वैकल्पिक सांस्कृतिक आन्दोलन निर्माणमा जोड दिएका थियौँ । त्यसपछि मार्क्सवादी सांस्कृतिक मोर्चा निर्माणका लागि पहल पनि भएको थियो । त्यो पनि जीवनको अन्तिम धुकधुकीमा छ कि ? वा त्यो नाटकको पनि क्रमशः पटाक्षेप भइरहेको छ, बुझ्न कठिन भइरहेको छ । कालान्तरमा यो पनि प्रलेसजस्तै एउटा भद्दा प्रहसनमा सीमित हुने सम्भावना बढिरहेको छ र त्यसको विकल्पमा असली क्रान्तिकारीहरूले नयाँ आन्दोलन र अभियान छेड्नु अपरिहार्य बनिसकेको छ ।

यो साता नेत्रविक्रम चन्द 'विप्लव' को एउटा 'ऐना हेरेर र फूल रोपेर बस्ने' भावको कविता चर्चामा आउन खोजेको थियो तर उनको राजनीतिक जीवनको आयुजस्तै वर्तमानको गर्तमा त्यत्तिकै हरायो बदनाम बनेर । बरु स्रष्टा गुणराज लोहनीले त्यसको जबाफमा 'बर्को' शीर्षकमा लेखे एउटा शक्तिशाली कविता :

*प्रिय, तिमीले हाम्रो मायामा धोका दियौ*
*तिम्रो माया क्षणिक रहेछ, नक्कली रहेछ*
*अनि शृङ्गारिक मात्र रहेछ*
*त्यसैले त हाम्रो मायाको निशानी, सपनाको साक्षी*
*हाम्रो वर्गीय मायाको निशानी*
*हाम्रा पुर्खाको विरासतमा पाएको बर्को च्यात्ने*
*दुस्साहस गर्‍यौ ।*

*तिमीले हाम्रो मायामा खेलबाड गर्‍यौ*
*खेलबाड मात्र गरेनौ पूर्वप्रिय, धोका दियौ*
*तिम्रो धोकामा मैले प्रतिवाद गरेँ*
*तिमीलाई दुत्कारेँ*
*किनकि हाम्रो सपनाको बर्को च्यात्न खोज्यौ ।*

*तिमीलाई थाहा छ यो बर्को त्यसै बुनिएको होइन*
*त्यसमा पसिना छ, सदियौँदेखिको*
*त्यो रगतले रङ्गिएको छ लाखौँको*
*त्यसमा स्पार्टाकसहरूका हातले कुँदेका बुट्टा छन्*
*प्रमिथसहरूले सेकाएका छन्*
*अनि म कहाँ च्यात्न दिन्छु यो बर्को ?*

*बरु तिमीसँग सम्बन्धविच्छेद गर्न तयार भएँ*
*तिमीले देखाएका रङ्गीन सपनाहरूमा बाँच्न स्वीकारिनँ*
*तिमीले आलिसान महलका सपना देखायौ*
*तिमीले सिंहासनका कुरा गर्‍यौ*
*तिमीले स्वर्ग-सयरले लोभ्याउने दृढता गर्‍यौ*
*पूर्वप्रिय, म यी तिम्रा ऐस-आराम*
*भोग-विलासलाई घृणा गर्दछु, दुत्काछुर्छु ।*

*त्यसैले त तिम्रो हातबाट*
*मैले- हाम्रा हितैषीले बुनेको बर्को खोसेँ*
*यो बर्कोमा बुनिएका सपनापूर्ण बुट्टामा*
*थप बुट्टा भर्ने अठोट गरेको छु ।*
*मलाई तिम्रो नक्कली र शृङ्गारिक सम्मोहनले छोएन ।*

स्पार्टाकसहरूले, हजारौँ महान् सहिदहरूको रगतले बुनेको बर्को चोर्ने अधिकार क्रान्तिका धोकेबाजहरूलाई छैन, संसदीय संशोधनवादीहरूलाई छैन । त्यो क्रान्तिकारीहरूको निशानी हो, त्यो त क्रान्तिको रातो लालटिन हो । क्रान्तिको निशानी, क्रान्तिकारीहरूको आस्थाको सगरमाथा क्रान्तिकारीहरूकै लागि हो । त्यो देश, जनता र श्रमिक-वर्गका लागि हो ।

कुरा नेत्रविक्रम चन्दको संसदीय संशोधनवादको मात्र छैन, अरू धेरै ढोङ्गी, पाखण्डी र संसद्वादीहरूको पनि छ । आफ्नै हातले पुष्पलालका क्रान्तिकारी आदर्शहरूलाई गद्दार घोषणा गर्ने, पुष्पलालको अनुयायी बनिटोपल्दै र पुष्पलालहरूको नाउँ जप्दै क्रान्तिकारी आदर्शको व्यापार गर्नेहरूले यो साता उनको ४४ औँ स्मृति दिवसमा गोहीका आँसु खसालेका छन् । तिनले खसालेको गोहीको आँसुको कुनै अर्थ छैन । पुष्पलाल क्रान्तिकारी, इमानदार नेता थिए, दार्शनिक थिए, नेपालको सर्वहारा श्रमजीवी वर्गका नेता थिए । उनको विचारलाई लात हानेर उनको पूजा गर्नु कमरेड माओका विचारहरू त्यागेर सिगरेटको बट्टामा उनको तस्बिर सजाउने चिनियाँ व्यापारजस्तो मात्र हो ।

स्रष्टा अमर सिंहले 'नक्कली मान्छेको कथित दिव्योपदेश' शीर्षक कवितामा नक्कली क्रान्तिकारीहरूलाई मीठो जबाफ दिएका छन् :

*रङ्गीचङ्गी झूटको*
*नक्कली र आडम्बरी दुनियाँ रचेर*
*रङ्गमञ्चमा नक्कल पारिरहेको*
*आडम्बरी मान्छेले*
*भन्छ-*
*आत्मसन्तोषका लागि*
*नक्कली कुरा नगर !!*

*आक्रोश र आवेगमा*
*आफैँलाई बिर्सेर*
*रातोपिरो अनुहारसहितको क्रोधित*
*मान्छेले भन्छ-*
*शान्त होऊ !!*

*रोपेका*
*फूलहरूको जिन्दगी*
*कोपिलामै निमोठेर*
*उजाड बगैँचाको मालीले*
*भन्छ-*
*फूलहरू रोप !!*

*हिलोमा छ्यापिएर*
*नुहाउन बिर्सेको*
*प्रदूषित मान्छेले*
*भन्छ*
*नुहाऊ !!*



*आफ्नो अनुहारमा*
*पोतिएको कालिक*
*मेटाउन छोडेर*
*ऐना फुटाउने*
*मान्छेले भन्छ*
*ऐना हेर !!*

*आत्मरति*
*र*
*आत्मसन्तोषका लागि*
*अरूलाई हेयको दृष्टिले हेर्ने*
*ए साथी*
*तिम्रो कथित दिव्योपदेशका लागि*
*धन्यवाद ! धन्यवाद !*
*फेरि पनि धन्यवाद !!*

२०६९ सालमा प्रचण्डहरूबाट विद्रोह गरेर किरणको नेतृत्वमा नयाँ पार्टी निर्माण भएको दुई-अढाइ वर्षका बीचमा नेत्रविक्रम चन्द 'विप्लव' को नेतृत्वमा क्रान्ति सम्पन्न गर्ने उद्घोष गर्दै निर्माण भएको थियो नयाँ पार्टी । यी आठ वर्षहरूमा बागमती र विष्णुमती नदीहरूमा केवल फोहोर पानी मात्र बगेन, यहाँ १२ जना योद्धाको रातो-तातो रगत पनि बग्यो । क्रान्तिको ऐलानले यता श्रमिक जनता खुसी मात्र भएन, उता फासिवादी दलाल पुँजीवादी सत्ताको कनिष्ठ प्रतिनिधि केपी वलीले क्रान्तिकारीहरूमाथि प्रतिबन्ध नै लगायो, बोल्न, लेख्न, सभासम्मेलन गर्नमै प्रतिबन्ध अर्थात्



हिटलरी-ज्ञानेन्द्र शाहीको फासिवादी शैली अपनायो । यो प्रतिबन्ध कुनै पनि तानाशाहको ज्यादतीभन्दा कुनै पनि अर्थमा कम थिएन । यही प्रतिबन्धलाई च्यातचुत पार्ने क्रममा नै ती महान् योद्धाको उच्च बलिदान भएको थियो । हजारौँ योद्धाले हिरासत र जेलको अँध्यारो जीवनलाई प्रिय मानेका थिए । यो वर्गसङ्घर्षका लागि थियो । आततायी सत्ताले थोपरेको कालो शासनलाई सजिलै पचाइदिने ती जोदाहाहरूको त्याग, शौर्य र बलिदानलाई कसरी सजिलै विप्लवले फोहोरी सत्ताको चुनावसँग साट्ने दुस्साहस गरे हुन्, सम्झिँदा पनि उदेक लाग्छ । तिनै कमरेड विप्लवलाई हामीले क्रान्तिका नायक मानेर हृदयमा सजाएका थियौँ, आज उनका बारेमा आफैँले डरपोक विप्लव भन्नुपर्दा सहज मान्नुपर्ने अवस्था उत्पन्न भएको छ । प्रचण्डलाई हृदयबाट हटाउनभन्दा गाह्रो थियो विप्लवलाई हटाउन तर हामीले खोजेको र बनाएको विप्लव जङ्गलको शेरझैँ गर्जनुपर्नेमा दुई वर्षको प्रतिबन्धमै भिजेको बिरालोजस्तो बनेर तीनबुँदे गर्न आइपुग्यो र हाम्रा, सहिदका, श्रमिक जनताका सपनामा तुसारापात गरिदियो । यस्तो विडम्बना कति सहनुपर्ने हो नेपाली वर्गसङ्घर्षले !

'कमरेड आजाद' ले 'ए साथी हामी रोप्दैछौँ फूलहरू' शीर्षकमा फेरि ती आत्मघातीहरूका पलायनवादी हर्कतहरूमाथि हमला गर्दै लेखेका छन् :

*यता सुन*
*नक्कली कुराको खरानी*
*निधारमा घसेर*
*सर्वस्व लुटिएको*
*बेचैन जोगीजस्तै देखिने ए साथी...*
*झन्डै एक दशकदेखिको*
*नक्कली कुराले पोलेर*
*बनेको खरानीभित्र बचेका फिलिङ्गा हौँ हामी*
*हेर अब*
*फिलिङ्गाहरूबाट अर्को भर्भराउँदो आगो*
*कसरी बल्छ !*

*ए साथी*
*हामीले कहीँ-कतै*



*तिम्रोजसरी*
*असिनपसिन भएर*
*घोक्रो फुलाएर*
*हाम्रो*
*निराशा*
*कुण्ठा*
*आवेग*
*आक्रोश पनि पोखेका छैनौँ*
*न त*
*तिम्रोजसरी*
*मन रोएर*
*पीडाको गरुङ्गो भारीले थिचिएर*
*हाम्रा ओठहरूमा*
*कहीँ-कतै नक्कली र*
*देखावटी मुस्कान नि छैन*
*त्यसैले*
*हामी*
*समुद्रजत्तिकै शान्त छौँ*
*तर*
*तिमी समुद्री आँधीलाई*
*नजरअन्दाज नगर्नू फेरि !*

*रोपेका फूलहरू*
*उखेलेर फाल्ने*
*र*
*बगैँचालाई उजाड बनाउने*
*ए साथी*
*हामी रोप्दैछौँ फूलहरू*
*बनाउँदैछौँ एउटा सुन्दर बगैँचा*
*थकित भएर*
*लखतरान परेको बेला*
*फूलहरूको मगमग बास्नामा*
*आनन्दित भएर आराम गर्न*
*तिमी आउनू है*
*हामी स्वागत गर्नेछौँ !*

*ए साथी*
*तिमीसँगै हुँदा*
*हिलोमा डुबुल्की मार्दा पनि*
*नुहाउन बिर्सेका हामी*
*दिनदिनै नुहाइरहेका छौँ*
*कपाल कोरिरहेका छौँ*
*तर*
*तिमीले भनेजस्तै*
*ऐनालाई हेरिरहेका छैनौ*
*कि*
*ऐनामा आफैँलाई हेरिरहेका छौ !*

विप्लव नेतृत्वमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टीले वैकल्पिक सत्ताको घोषणा गर्दै जनसंविधानको खाका सार्वजनिक गरेको थियो । खुलामञ्चमा विप्लव गर्जिंदा युद्धकालीन प्रचण्डको झझल्को आउँथ्यो । एउटा प्रचण्डलाई दुस्मन सत्ताले किने पनि नेपाली जनताले अर्को योद्धा र नायक जन्माएका छन् भन्ने ठानेर गर्वले छाती फराकिलो हुन्थ्यो । प्रचण्डहरूले क्रान्तिमाथि धोका दिएर दलाल पुँजीवादी सत्तामा आत्मरक्षाको भिक माग्दै घोसेमुन्टो लगाएपछि आरम्भ गरिएको क्रान्तिको गर्जनले जनतामा क्रान्ति र मुक्तिप्रति झिनो भए पनि आशा जगाएको थियो । धोकामा सिध्याइएको युद्धको चोटले मर्माहत जनताका आर्तनाद र क्रन्दनहरू शमन गरेको थियो नयाँ क्रान्तिको उद्घोषले ।

तर विडम्बना नै भनौँ, जनताको आशामाथि तुसारापात गर्ने, क्रान्तिकारीहरूमाथि प्रतिबन्ध लगाउने र १२ जना योद्धाहरूको रगत बगाउने, हजारौँहजार योद्धाहरूलाई जेल र हिरासतका चिसा छिँडीहरूमा सडाउने, हजारौँहजार झूट्टा मुद्दा लगाउने त्यही फासिवादी सत्ताले आफ्नो रक्षाका लागि गराएको चुनावमा जान विप्लव-प्रकाण्डहरूले पार्टी नै विभाजन गराए र फेरि डढेको बनमा हल्का वर्षा भएर पिपिरा पलाउन थालेझैँ सहिद र जनताका सपना पूरा हुने झिनो आशा जगाउँदै तङ्ग्रिन थालेका जनताको आशामाथि निराशाको भुत्भुते खन्याए । यो उनीहरूको अर्को अक्षम्य गल्ती थियो । विप्लवहरू अर्थात् प्रचण्डहरूले क्रान्तिको आशा देखाउन्जेल जनताले, युवाहरूले, योद्धाहरूले आफ्नो जीवन आहुती दिएर पनि सघाएका हुन् । व्यक्तिगत जीवनको कुनै परबाह नगरी उनीहरूले नेतृत्वलाई हृदयमा राखेका हुन् । क्रान्ति समाप्त पारिनुमा सहिदको, बेपत्ताहरूको, जनताको, घाइतेको कसैको पनि दोष थिएन र छैन । यसमा त क्रान्तिनायक भनिएकाहरू नै दोषी छन् । युद्ध र क्रान्तिका नायक भनिनेहरू युद्धमैदानबाट भागे पनि स्रष्टाहरूले युद्ध र क्रान्तिको गहिरो अनुभूति गराइरहेकै छन् । खुकुरीहरूले चोट भुले पनि अचानाहरूले आफूमाथि बजारिएको खुकुरीको चोट भुलेका छैनन् । युद्ध/क्रान्तिताका वर्गसङ्घर्षप्रति भएको गहिरो वर्गप्रेमलाई साक्षी राख्दै स्रष्टा सङ्गम आरसीले 'प्रियलाई चिठी' लेखेर युद्धस्मृति यसरी गराएका छन् :

*महासमरको महान् यात्राबाट*
*क्रान्तिको वक्ररेखाबाट*
*रगत र आँसुको बीचबाट*
*रक्तिम अभिवादन, असीम माया अनि मीठो सम्झना*
*सबै कुरा वर्गीय भएझैँ*
*प्रेमविवाह पनि त्यसबाट अछुतो रहँदैन*
*त्यसैले हामी पनि*
*क्रातिको महान् अभिभारा पूरा गर्ने सिलसिलामा*
*मालेमावादी विश्व-दृष्टिकोणलाई साक्षी राखी*
*वर्गीयता, एकनिष्ठता र क्रान्तिकारिताका आधारमा*
*संवेगबाट उठान भएको र विवेकबाट नियन्त्रित*
*प्रेमको उच्च रूप*
*वैवाहिक जीवनको डोरीमा बाँधिन पुग्यौँ*
*त्यो जीवनको अविस्मरणीय सम्झौता थियो*
*त्यसैले त मेरो प्रिय*
*त्यो हर्षदायी क्षणमा हाम्रो प्रतिज्ञा थियो-*
*जीवनको अन्तिम क्षणसम्म पनि मालेमावादको*
*आलोकमा रही*
*सहिदको रगतबाट निर्मित निधारमा पहिरिएको*
*अबिरलाई*
*कहिल्यै पनि नभुलेर*
*क्रान्तिको लक्ष्यलाई दह्रोसँग पकड्दै*
*पार्टी र क्रान्तिलाई जीवनपद्धति बनाउँदै*
*जस्तोसुकै महाविपत्तिका मोडहरूमा पनि*
*सहिद रक्तचाप पछ्याउँदै*
*प्रत्येक रगतका फाल्साहरूका बीचबाट*
*भीषणताभित्र महानता रोज्दै*
*नयाँ जीवनको मूर्त रूप दिइरहनेछौँ*
*मेरो प्रिय*
*मिर्मिरे उज्यालोको बीचबाट सूर्यको खोजी गर्दै जाँदा*
*कहालीलाग्दा पहाडहरू भेटिन सक्छन्*
*सहिदहरूका शवले पहाड चुम्न सक्छन्*
*त्यतिबेला आँसुले आँखा धोइन सक्छन्*
*तर पनि निरन्तर क्रान्तिलाई आत्मसात*




*गरिरहनेछौँ*
*मेरो प्रिय*
*न्यायको आवाज बुलन्द गर्दै जाँदा*
*हाम्रा छातीमा फासिवादी सङ्गीनहरू रोपिन*
*सक्छन्*
*त्यतिबेला भन्नेछौँ स्वाभिमानी शिर उठाएर-*
*महान् क्रान्ति जिन्दावाद*
*फासिवादी सत्ता मुर्दावाद*
*हतकडी र नेल पहिरिँदा पनि*
*सम्झौताका शब्दहरू ओकल्नेछैनौँ*
*त्यतिबेला स्वीकार्नेछौँ*
*क्रान्तिका गहना र युद्धका ट्रेन्च हुन्*
*मेरो प्रिय*
*क्रान्तिको महाअभियानमा यात्रा गर्दै जाँदा*
*इतिहासको कालखण्डमा लोप हुँदै गएका*
*बर्नस्टिन, ट्राट्स्की र खुस्चोभी काला सर्पहरू*
*नयाँ रूप धारण गर्दै आउनेछन्*
*त्यतिबेला तीन जादुगरी हतियारबाट*
*टाउका छिनालिदिनुपर्छ*
*त्यसैले त मेरो प्रिय*
*अझै भीषण प्रतिज्ञा गरौँ-*
*पार्टी र क्रान्तिलाई जीवनको अभिन्न अङ्ग*
*बनाउनेछौँ*
*फासिवादी सङ्गीन र गोलीले छाती भेदन गर्दा*
*पनि*
*लक्ष्य र उद्देश्यबाट पथविचलित हुनेछैनौँ*
*काँडेतारको बीचमा पनि*
*क्रान्ति हाम्रो मुटुको धड्कन बनिरहनेछ*
*उज्ज्वल भविष्यप्रति जीवनको सार्थकता*
*दिइरहनेछौँ ।*

क्रान्तिको मैदानबाट भागेर केही थान क्रान्तिनायकहरू संसदीय भासमा पसे पनि जनताले कहिल्यै पनि सुधारवाद र सम्झौतावाद पारित गरेको छैन । त्यसैले त क्रान्तिहरू जारी छन् । नेताहरू अर्थात् कुनै एक समयका नायकहरू पद, प्रतिष्ठा, नाम, धनदौलतले सम्पन्न भएर वर्ग बदले पनि जनताको वर्ग बदलिएको छैन । त्यसैले क्रान्ति अपरिहार्य छ ।

कवि बीपी विद्रोहीको 'रातो बाकसमाथि सेतो फूल' कविताले भन्छ :

*चुनावको बेला मात्रै पास हुन्छ*
*नागरिकता विधेयक*
*सत्तालाई नागरिकभन्दा धेरै*
*भोटर चाहिएको छ*
*मधेसीलाई नागरिकता माग्न जाँदा*
*बिहारी नजरले हेर्ने सत्ता*
*चुनावको बेला नैनीतालदेखि किन पुग्यो पटनासम्म*
*नागरिकता बेच्न ?*
*बर्सौंदेखि बन्द सुकुमबासी आयोग किन खुल्यो*
*चुनावको अघिल्लो दिन ?*
*सत्ता लालपुर्जासँग भोट साट्न चाहन्छ ?*
*बर्सौंदेखी सुस्त शिक्षक आयोग*
*किन चलमलायो*
*चुनावको अघिल्लो रात ?*
*सत्ता लाइसेन्ससँग भोट साट्न चाहन्छ*
*खाडी-मलेसियाको भिसा किन रोकियो अकस्मात्*
*चुनावको अघिल्लो साँझ ?*
*सत्ता भोट साट्न चाहन्छ भिसासँग*
*एअरपोर्ट पुगेर किन चढाउँछ सत्ता*
*रातो बाकसमाथी सेतो फूल ?*
*ऊ समवेदनासँग भोट साट्न चाहन्छ*
*पुँजीवादी सत्ता पैसासँग भोट साट्न चाहन्छ*
*भोटसँग सपना साट्न चाहन्छ*
*सपनासँग उसको स्वार्थ साट्न चाहन्छ*
*अपराधी सत्ता*
*दलाल सत्ता !!*

दलाल सत्ताको विशेषता नै हो जाल, झेल, षड्यन्त्र र दमन । ऊ साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर पनि मानिसलाई, श्रमिकलाई, मुक्ति खोजिरहेको वर्गलाई दमन गर्न चाहन्छ । जब क्रान्तिनायकहरू नै प्रतिक्रान्तिका मतियार बनेर क्रान्तिकारीमाथि प्रहार गर्न थाल्छन् अनि दीपेन्द्र ऐरीहरू कविता बनेर बज्रिन्छन् :


*कमरेड*
*तिमी नहेर*
*श्रमसिर्जित ५0 लाख*
*हेर्न जरुरी छैन अब*
*निर्वाचनकै बेला*
*तिम्रा कार्यकर्ता, नेताहरूले*
*काङ्ग्रेस, एमाले र अन्य पार्टीबाट खाएको लाखौँ*
*पैसाको हिसाब-किताब*
*खोजी गर*
*सक्छौ भने लिफ्टवाला*
*घरको अनुसन्धान गर...।*

यत्रतत्र विसङ्गत परिघटना र दृश्यहरू घुमिरहेका छन् तर पनि क्रान्तिकारीहरू थाकेका छैनन् । राष्ट्रघाती नागरिकता विधेयकले यो साता पनि नेपालको देशभक्तिपूर्ण आन्दोलनलाई झकझक्याइरहह्यो । आन्दोलन र असहमतिकै बीच अन्ततः नेपालका नयाँ पहिरनका लेन्डुपहरूले नेपालीलाई रुवाउने र विदेशीलाई हँसाउने शैलीको राष्ट्रघातप्रेरित नागरिकता विधेयक प्रतिनिधिसभाबाट पारित गरेरै छोडे । यता राष्ट्रघाती नागरिकता विधेयकमा ल्याप्चे लगाएर केपी वली, माधव नेपाल र पुष्पकमल दाहालहरू पुष्पलालको सालिकमा र शेरबहादुर देउवाहरू भीमसेन थापाको सालिकसामु पुगे लाजै पचाएर । पुष्पलालका आदर्श पोलेर खाइसकेका नवदलालहरू फेरि पुष्पलालको तस्बिर बोकेर झुक्याउन हिँडिरहेका बीभत्स र कुरीकुरी लाग्ने दृश्यहरू पनि देखिए पुष्पलाल स्मृति दिवसमा । जसको पेसा नै आफ्नो अनुकूलतामा अरूलाई फुटाउनु, आफू आत्मसमर्पण गर्नु र आफू फुटेर अरूको स्वार्थ पूरा गरिदिनु छ, त्यही खेलोमेलोमा लागेका सत्तासंस्कृतिका पछुवाहरू लाजै नमानी गाइरहेछन् :

***टुटफुट र खण्डितका कुरा नगर***
***आत्मसमर्पणका कुरा नगर ।***

## कविता

### सत्ता नागरिकतासँग भोट साट्न चाहन्छ



• नन्दलाल खरेल

**सत्ता नागरिकतासँग भोट साट्न चाहन्छ**
**चुनावको पूर्वसन्ध्या नागरिकता विधेयक पास हुन्छ ।१।**
**दलाल पुँजीवादी सत्ताको हर्कत अब प्रस्ट छ**
**मत किन्ने नयाँ औजार फेलापरेको छ ।२।**
**सबै संसदीय नेता अहिले मिलिभगतमा छ**
**दक्षिणी हावाले सबैलाई छोएको छ ।३।**
**सिनोको हड्डीमा लुछाचुँडी बढेको छ**
**दिल्ली दौडाहापछि संसद्ले फिजीकरणको बिउ रोपेको छ ।४।**
**लेन्डुपहरूलाई नागरिकको करले पाल्नुपरेको छ**
**सङ्घर्षमा ढिला गरे देश सिक्किमीकरण हुनेछ ।५।**
**सत्ता नागरिकसँग भोट साट्न चाहन्छ**
**राजनीतिक अवसरवाद र अस्थिरताका शृङ्खला उत्कर्ष छ ।६।**
**आमोद-प्रमोद र आपसी स्वार्थहरूको विनियम बढ्दो छ**
**स्वार्थहरूका प्राथमिकताहरू चरणबद्ध दर्बिलो छ ।७।**
**संसदीय नेताहरूका क्षमताहरू पूर्णतः धूलीसात भएको छ**
**समाजवादी कित्ताले अब देश बचाउनुपर्दछ ।८।**

# प्रतीकको संयोजकत्वमा १५ सदस्यीय सम्मेलन आयोजक समिति गठन




सिन्धुपाल्चोक/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) सिन्धुपाल्चोक जिल्ला समितिको प्रथम बैठक तथा प्रशिक्षण सिन्धुपाल्चोकको खाडीचौर बजारमा सम्पन्न भएको छ ।

नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् पूर्वी बागमती ब्युरो इन्चार्ज अटलको प्रमुख आतिथ्य, नवौँ महाधिवेशन आयोजक समिति सदस्य तथा सिन्धुपाल्चोक जिल्ला इन्चार्ज विनयराज शर्माको आतिथ्यमा सम्पन्न बैठकले पार्टीको विशेष राष्ट्रिय भेलाले तय गरेको नयाँ कार्यदिशा र कार्यनीतिअनुसार सिन्धुपाल्चोक जिल्ला दृढ भएर अगाडि बढ्ने निर्णय गरेको छ । निर्णयहरूबारे स्पष्ट पार्दै अटलले समाजवादी क्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्न जनतासँग हातेमालो गरेर अगाडि बढ्ने बताए ।

सिन्धुपाल्चोक जिल्ला इन्चार्ज विनय शर्माले आयोजक समितिले निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा निर्देशनात्मक प्रशिक्षण दिएका थिए । उनले किसानका लागि आवश्यक समयमा सरकारले मल उपलब्ध गराउन नसकेकाले जनताको समस्या तत्काल हल गर्नुपर्ने पनि बताए ।

बैठकले राष्ट्रिय जनतन्त्रका विषयमा सङ्घर्ष सञ्चालन गर्ने, विशेषगरी सिन्धुपाल्चोक जिल्लाका प्रत्येक गाउँपालिका र नगरपालिकामा ज्ञापनपत्र बुझाउने, चर्को ब्याज असुल गर्ने, मिटरब्याजी, चर्को रूपमा भएको मूल्य वृद्धिविरुद्ध सङ्घर्ष गर्ने निर्णय गरेको छ । बैठकले एमसीसीलगायत राष्ट्रघाती सम्झौताविरुद्ध जनसङ्घर्ष गर्ने, भ्रष्टाचारविरुद्ध जनताको साथ लिएर भन्डाफोर अभियान चलाउने निर्णय गरेको छ ।

पार्टीले आफ्नो पार्टीका तत्कालीन, दीर्घकालीन र रणनीतिक एवम् कार्यनीतिक सवालहरूमा जिल्लाभरि पोस्टर-पम्प्लेट टाँस्ने, वालपेन्टिङ गर्ने, जिल्लाभरि सङ्गठन विस्तार अभियान तीव्र रूपले चलाउने, जिल्लाका सबै वडामा एकाइ समिति निर्माण गर्ने निर्णय गरेको छ । बैठकले विभिन्न विभागहरू पनि गठन गरेको छ ।

बैठकको अध्यक्षता तथा सञ्चालन सिन्धुपाल्चोक जिल्ला संयोजक प्रतीकले गरेका थिए । विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीबाट विद्रोह गरी भैरव र सुस्मिता नेकपा (बहुमत) मा ध्रुवीकृत भएका थिए ।

# क्रान्तिकारी ट्रेड युनियन महासङ्घको भेला सम्पन्न





गमानसिङ घर्तीमगर, दाङ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को भ्रातृ सङ्गठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ तुलसिपुर उपमहानगरपालिकाको नगर भेला सम्पन्न भएको छ । तुलसीपुरमा सम्पन्न भेलाले प्रकाशको अध्यक्षतामा १५ सदस्यीय नगरसमिति चयन गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि दाङ जिल्ला इन्चार्ज तिलकले विप्लव समूहका केही व्यक्तिले दलाल मिटरब्याजीहरूको प्रोत्साहनमा आफ्नो पार्टीका नेताहरूमाथि झूटो प्रचार गर्ने गरेको बताए । उनले त्यो उनीहरूको बनावटी कुरा र आत्मरति मात्र रहेको पनि प्रस्ट पारे । तिलकले विप्लव समूह कुतर्क गर्दै योजनाबद्ध तरिकाले व्यक्तिगत चरित्रहत्या गर्न लागिपरेको बताए ।

कार्यक्रमका अन्य अतिथि तुलसीपुर कमान इन्चार्ज सजक, घोराही कमान इन्चार्ज हिमाल, राष्ट्रिय जनस्वयम्सेवक जिल्ला संयोजक अजय, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ जिल्ला संयोजक प्रेमलगायत उपस्थित थिए । भेलाको अध्यक्षता प्रकाशले गरेका थिए भने सञ्चालन टोपबहादुरले गरेका थिए ।

# रूखले किचेर भक्तपुरमा तीनजनाको ज्यान गएको घटनाप्रति नेकपा (बहुमत) को चिन्ता

काठमाडौँ/ नेकपा (बहुमत) भक्तपुरले राज्यको लापरबाही र गैरजिम्मेवारीका कारण साउन ८ गते आइतबार भक्तपुर सल्लाघारी सडकमा रूखले किचेर तीनजनाको ज्यान गएको र १४ जना घाइते भएको घटनाप्रति चिन्ता व्यक्त गरेको छ । पार्टी जिल्ला इन्चार्ज विश्वास र संयोजक अखिल शर्माले विज्ञप्ति जारी गरी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नुका साथै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका छन् ।

विज्ञप्तिमा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । पार्टीले घाइतेको निःशुल्क स्वास्थ्यउपचार गराउन र मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिन पनि माग गरेको छ ।


नेपाल कम्युनिष्ट पार्टी (बहुमत)
Communist Party of Nepal (Bahumat)
District Committee, Bhaktapur

प्रेस विज्ञप्ती



## पेट्रोलियम पदार्थको ...

गर्न राज्य र सम्बन्धित निकायसँग माग गरेका हुन् ।

विज्ञप्तिमा उनले नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा पटकपटक गरेको मूल्य वृद्धिले आमनेपाली नागरिकको बाँच्न पाउने मौलिक हक खोसेको उल्लेख गर्दै राज्य र नेपाल आयल निगमको जनतालाई लुट्ने र शोषण गर्ने कार्यको भर्त्सना गरेका छन् ।

भारतीय आयल निगमले मूल्य वृद्धि गरेर दररेट तोकेको बहाना गर्दै प्रत्येक १५ दिनमा मूल्य वृद्धि गर्ने नेपाल आयल निगमले अहिले भारतीय आयल निगमबाट पुरानो मूल्यमा घटाएर पेट्रोलमा प्रतिलिटर १५ रुपैयाँ ७६ पैसा र डिजेलमा १६ रुपैयाँ ५६ पैसा दररेट कायम गरेर पठाए पनि नेपाल आयल निगमले बदमासी गरेर पुरानै मूल्यअन्तर्गत पेट्रोलको प्रतिलिटर १८१ र डिजेलको प्रतिलिटर १७२ रुपैयाँमा बिक्री-वितरण गरिरहेको छ ।

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो सङ्गठन अखिल (क्रान्तिकारी) शिक्षा क्षेत्रको आमूल रूपान्तरण र वैज्ञानिक समाजवादी शिक्षा प्राप्तिको सङ्घर्ष राष्ट्रियता, जनजीविका, जनतन्त्रलगायत सवालमा निरन्तर आवाज उठाउँदै आएको छ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा पटकपटक गरेको मूल्य वृद्धिले आमनेपाली नागरिकको बाँच्न पाउने मौलिक हक खोसेको कुरामा हामी सबै भुक्तभोगी नै छौँ । भारतीय आयल निगमले मूल्य वृद्धि गरेर दररेट तोकेको बहाना गर्दै प्रत्येक १५ दिनमा मूल्यवृद्धि गर्ने नेपाल आयल निगमले अहिले भारतीय आयम निगमबाट पुरानो मूल्यमा घटाएर पेट्रोलमा प्रतिलिटर १५ रुपैयाँ ७६ पैसा र डिजेलमा १६ रुपैयाँ ५६ पैसा दररेट कायम गरेर पठाए पनि नेपाल आयल निगमले बदमासी गरेर पुरानै मूल्यअन्तर्गत पेट्रोलको प्रतिलिटर १८१ र डिजेलको प्रतिलिटर १७२ रुपैयाँमा बिक्री-वितरण गरिरहेको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'राज्य र नेपाल आयल निगमको यसप्रकारको जनतालाई लुट्ने र शोषण गर्ने कार्यको भर्त्सना गर्दछौँ । घटेर आएको दररेटमा मूल्य सामायोजन गरी बिक्रीवितरण गर्न हाम्रो सङ्गठन राज्य र सम्बन्धित निकायसँग जोडदार माग गर्दछ । अन्यथा सङ्घर्षको मोर्चाबाट यसको जबाफ दिने कुरा यसै प्रेस विज्ञप्तिमार्फत सम्प्रेषण गर्दछौँ ।'

## आंशिक प्राध्यापकलाई ...

विश्वविद्यालयमा राजनीतिक पहुँचका आधारमा भर्ती गरिएका आंशिक प्राध्यापकहरूलाई करार गर्ने त्रिभुवन विश्वविद्यालयको अनैतिक प्रपञ्चप्रति सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको र आंशिक प्राध्यापकलाई करार गर्ने षड्यन्त्र बन्द गरी तत्काल सेवा आयोगमार्फत दरबन्दी पूर्ति गर्न जोडदार माग गरेका छन् ।

त्रिविले तत्काल गल्ती नसच्चाए सङ्गठनले आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने र त्यसको जिम्मेवारी त्रिभुवन विश्वविद्यालयले लिनुपर्ने पनि बिष्टको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो गौरवशाली सङ्गठन अखिल (क्रान्तिकारी) निरन्तर शैक्षिक क्षेत्रको आमूल रूपान्तरणसँगै वैज्ञानिक समाजवादी शिक्षा प्राप्तिको आन्दोलनमा अग्रमोर्चामा रही सङ्घर्ष गरिरहेको विषय जगजाहेर नै छ । खोज, अध्ययन र अनुसन्धानको केन्द्र बन्नुपर्ने नेपालको सबैभन्दा ठूलो र पहिलो त्रिभुवन विश्वविद्यालय पछिल्लो समय राजनीतिक भागबण्डाको अखडा बनिरहेको छ । यसै सन्दर्भमा राजनीतिक पहुँचका आधारमा भर्ती गरिएका आंशिक प्राध्यापकहरूलाई करार गर्ने त्रिभुवन विश्वविद्यालयको अनैतिक प्रपञ्चप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ ।'

बिष्टले विज्ञप्तिमा अगाडि भनेका छन्, 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनसमेत लत्याउँदै त्रिवि नियमविपरीत आवश्यक दरबन्दी पूर्ति गर्न सेवा आयोगको परीक्षा सञ्चालन गर्नुको सट्टा आंशिक प्राध्यापकहरूलाई करार गर्ने त्रिविको हर्कत हाम्रो सङ्गठनलाई किमार्थ स्वीकार्य छैन । देशलाई ध्वस्त बनाउने साम्राज्यवादी डिजाइनअनुरूप शिक्षा क्षेत्रमाथि अतिक्रमण सुरु गरिएको छ । यस प्रक्रियामा नेपालका संसद्वादी दलहरू दुरुपयोग भइरहेका छन् । शिक्षाको गुणस्तर तहसनहस पार्ने र दक्ष जनशक्तिलाई बिदेसिन बाध्य पार्ने त्रिभुवन विश्वविद्यालयको षड्यन्त्रविरुद्ध कठोर सङ्घर्षमा उत्रिन सबै विद्यार्थी साथीहरूलाई हाम्रो सङ्गठन आह्वानसमेत गर्दछ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'हाम्रो सङ्गठन त्रिविलाई आंशिक प्राध्यापकहरूलाई करार गर्ने षड्यन्त्र बन्द गरी तत्काल सेवा आयोगमार्फत दरबन्दी पूर्ति गर्न जोडदार माग गर्दछ । त्रिविले तत्काल गल्ती नसच्चाए हाम्रो सङ्गठनले आन्दोलनको आँधीबेहरी सिर्जना गर्नेछ जसको जिम्मेवार त्रिभुवन विश्वविद्यालय हुनुपर्नेछ ।'

## नेपाल कम्युनिस्ट पार्टीको ...

राजधानीमा विभिन्न विभागका सरकारी कर्मचारीहरूले बाँच्नयोग्य ज्याला र कामको राम्रो अवस्थाको लागि हड्ताल गरे । अब एकताबद्ध तागतद्वारा आफ्नो सङ्घर्षलाई अघि बढाउनका लागि, सबै जिल्लाहरूबाट प्रतिनिधिहरू राखी आफ्नो स्वतन्त्र मजदुर सङ्घहरू गठन गर्नुहोस् र उक्त जीवन्त मागहरूको तत्काल पूर्तिका लागि, बाँच्नयोग्य ज्याला, आठ घण्टा कामको दिन, कामको राम्रो अवस्था, सेवाको सुरक्षा, बुढेसकालमा भत्ता, केटाकेटीहरूको निम्ति मुफ्त शिक्षा, मजदुरसङ्घीय अधिकारहरूको कार्यान्वयनको लागि आफ्ना शक्तिहरूको परिचालन गर्नुहोस् ।

मजदुर साथीहरू हो ! एकता, संगठन र सङ्घर्षमा हाम्रो तागत रहेको छ । नयाँ नेपाल र प्रजातान्त्रिक जीवन-पद्धतिको निर्माणका लागि लाल झन्डाको नेतृत्वमा नयाँ संग्रामहरूतर्फ अघि बढ्नुहोस् ।

नेपालका श्रमजीवी किसानहरू हो ! वर्तमान सामन्ती व्यवस्थाको विरुद्ध कठोर सम्झौताहीन सङ्घर्षबाट नै तपाईंहरूको मुक्ति हुनेछ । यस गौरवशाली सङ्घर्षमा तपाईंहरू न कमजोर हुनुहुन्छ, न एकलो । तपाईंहरू मुलुकमा अत्यधिक बहुसंख्यामा हुनुहुन्छ । वीरतापूर्ण मजदुरवर्ग यस सङ्घर्षको अघिल्लो मोर्चामा उभिएको छ र नेपाल, भारत, पाकिस्तान तथा समस्त विश्वका सबै प्रजातान्त्रिक शक्तिहरू तपाईंहरूको साथमा छन् । लाल झन्डाको नेतृत्वमा मुलुकव्यापी स्तरमा आफ्नो स्वतन्त्र जन संगठन बनाउनुहोस् र तलका मागहरू पूरा गर्न दृढ सङ्घर्ष चलाउनुहोस् !

१. जमीन जोत्नेलाई देऊ ।
२. खेत मजदुरहरूमा पर्ती जग्गा वितरण गर ।
३. गैर-कानुनी नजराना तथा बेठ-बेगारी खारेज गर ।
४. तेभाग तत्काल लागू गर ।
५. खेत मजदुरहरूका लागि बाँच्नयोग्य ज्याला ।
६. पूर्ण नागरिक स्वतन्त्रता ।

नेपालका विद्यार्थी तथा जनवादी युवाहरू हो ! नेपालको पहिलो राष्ट्रिय सङ्घर्षमा तपाईंहरूले गौरवशाली भूमिका खेल्नुभएको छ र प्रशस्त रगत बगाउनुभएको छ । युवा गंगालालको अमर शहीद-प्राप्तिले तपाईंहरू धेरैजनालाई नयाँ संग्राम र नयाँ बलिदानको निम्ति अभिप्रेरित गरेको छ । १९३० का एकजना वीर श्री खड्गमान अझसम्म आफ्नो आंगमा सिक्री र नेलसहित जेलमा सडिरहनुभएको छ । दैनिक परिपक्व संग्रामहरूद्वारा उक्त परम्परालाई अरू उचाइमा उठाउने समय आएको छ र आव्हान गरिएको छ । आजसम्म तपाईंहरूको स्वतन्त्र लडाकू जन-संगठन नहुँदा विश्वासघाती र अवसरवादीहरूले तपाईंहरूलाई मझधारमा अलपत्र छोड्ने मौका पाएका छन् । त्यसैले तलका मागहरूको लागि लड्न आफ्नो स्वतन्त्र, लडाकू, प्रजातान्त्रिक जन-संगठन बनाउन अघि बढ्नुहोस् ।

१. सर्वसाधारण जनताका लागि पूर्ण प्रजातान्त्रिक अधिकारहरू ।
२. प्रजातान्त्रिक शिक्षा प्रणाली, मुफ्त अनिवार्य प्राथमिक शिक्षा, उच्च स्तरमा सस्तो शिक्षा ।
३. पूर्ण प्राज्ञिक अधिकार ।
४. सच्चा स्वाधीनता, प्रजातन्त्र र शान्तिका लागि ।

नेपालको श्रमजीवी महिलाहरू हो ! हामी तपाईंहरूको बढ्दो सङ्घर्ष र जुझारुपनको स्वागत गर्दछौँ । मार्च १९४७ मा विराटनगर जुट तथा कपडा मिलहरूमा श्रमजीवी महिलाहरूले काँधमा काँध मिलाएर लडेका छन् । त्यही सालमा महिलाहरूले, महाराणाको सशस्त्र आतंकलाई हाँक दिंदै, राजनीतिक नाराहरू लगाएर काठमाडौँका सडकहरूमा प्रदर्शन गरेका छन् । जनआक्रोशको बढ्दो स्तरदेखि डराएर, राणा सरकारले बाध्य भई नगरपालिकीय प्रशासन जनताको हातमा सुम्पनु पऱ्यो । तर निर्वाचनमा महिलाहरूलाई मतदान गर्ने अधिकारबाट वंचित पारियो । नेपालका श्रमजीवी महिलाहरूले चुपचाप सहेर बस्न इन्कार गरे । एउटा प्रतिनिधिमण्डल बनाएर उनीहरू प्रधानमन्त्रीको निवासस्थानतर्फ गए । त्यसबाट तपाईंहरूको लड्ने तथा अधिकार प्राप्त गर्ने अठोट देखिएको छ । सामाजिक, आर्थिक तथा राजनीतिक तेहोरो थिचोमिचोको विरुद्ध लड्न आफ्नो महिला सङ्घ गठन गर्नुहोस् । तलका मागहरू उठाउनुहोस् र सम्झौताहीन सङ्घर्षद्वारा त्यसलाई टेवा दिनुहोस् ।

१. समान कामको लागि समान तलब ।
२. राष्ट्रिय जीवनका सबै क्षेत्रमा समान अधिकारहरू ।
३. सुत्केरी सुविधा र केटाकेटीहरूका लागि सुरक्षित जीवन ।
४. निःशुल्क शिक्षा ।
५. विदेशमा साम्राज्यवादी सेनाहरूमा रहेका हाम्रा छोरा र लोग्नेहरू फिर्ता देऊ ।
६. स्वतन्त्र, लोक जनवादी नेपाल ।

अतः नेपाल कम्युनिस्ट पार्टी श्रमजीवी जनताको विकासशील सङ्घर्षमा सहभागी बन्ने र त्यसलाई सङ्गठित पार्ने तथा नेतृत्व दिने र त्यसलाई विजयसम्म अघि बढाउने काममा आफूलाई समर्पित गर्छ । यसलाई सो बाटोबाट जस्तोसुकै आतङ्क वा भूटो प्रचारले पनि विचलित पार्न सक्नेछैन । अन्य पुँजीवादी तथा निम्नपुँजीवादी पार्टीहरूले पहिले जनताप्रति विश्वासघात गरेका छन् र पछि पनि गर्दै रहनेछन् । तर नेपाल कम्युनिस्ट पार्टी, मजदुर वर्गको पार्टी, मार्क्सवाद- लेनिनवादको पार्टीले आँधीबेहरीमा जनताको साथ दिनेछ र यसले सच्चा स्वतन्त्रता तथा लोक जनवादका लागि सङ्घर्षको अघिल्लो पङ्क्तिमा उभिई लड्दै रहने प्रतिज्ञा गर्छ । कम्युनिस्ट पार्टी शोषकहरूलाई ठोक्ने जनताको मुड्की हो । तसर्थ हामी मजदुरवर्ग र भूमिहीन तथा गरिब किसानहरूका सर्वोत्तम छोराछोरीहरूलाई र जनवादी विद्यार्थी, युवा तथा महिलाहरूलाई नेपाल कम्युनिस्ट पार्टीका जुझारु पङ्क्तिहरूमा सामेल हुन आह्वान गर्दछौँ किनभने एउटा बलियो, जनकम्युनिस्ट पार्टीले मात्र जनताको जनवादी क्रान्तिलाई विजयसम्म अघि बढाउन सक्छ ।

## ट्रेड युनियन महासङ्घको ...

गरी मुलुकका श्रमिकको विकराल अवस्था, विभिन्न परिघटना, परिस्थिति र वस्तुस्थितिको सामना गर्न सङ्गठन असारदेखि असोजसम्मको मजदुर जागरण अभियान २०७९ मा क्रियाशील रहेको जनाएका छन् । उनले श्रमिक हकहितसहितको लगानीमैत्री वातावरण र वैज्ञानिक समाजवाद स्थापनाको उद्देश्य राखेर अभियानमा रहेको अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ सरोकारवाला सम्पूर्ण पक्षसँग विषय सम्प्रेषण गर्न, अभियानलाई थप आक्रामक र प्रभावकारी रूपमा सम्पन्न गर्न श्रमजीवी श्रमिक सम्पूर्णमा विशेष अपिल पनि गरेका छन् ।

अध्यक्ष थापाले प्रेस विज्ञप्तिमा भनेका छन्, 'साम्राज्यवादी विश्व-अर्थराजनीतिको प्रत्यक्ष हस्तक्षेपसँगै चरम रूपले नियन्त्रित प्रभावित राष्ट्रिय राजनीति निर्मित परिस्थिति त्यसरी नै विकसित हुँदा समाज चरम राष्ट्रघात, जनघात, भ्रष्टाचार एवम् अनियन्त्रित अस्तव्यस्त कुशासनबाट पूर्णतया परिबन्धित भएको सत्य वास्तविकतामा सचित्र देख्न सकिन्छ । मानवअधिकार सवालसँगै मजदुर जीवनयापन पक्ष अत्यन्त कष्टकर बनिरहेको सर्वत्र देख्न सकिन्छ । बजार भाउ र मूल्यवृद्धिको अनुपात र जनजीविकाबीच आशातीत तालमेल देख्न सकिन्न । उपरोक्त वस्तुस्थितिबीच श्रमिकहरूको सहअस्तित्व सवाल गौण बन्ने गर्दछ भने सामाजिक प्रतिष्ठा सवाल केवल सवालमा सीमित भएको देखिन्छ । श्रम, रोजगारी, सामाजिक सुरक्षालगायत श्रमिकका मौलिक हक तथा अधिकार प्रायजसो श्रमिक हितविरोधी सत्ता, अनुकूल व्याख्या र विवेचना भैरहेको देख्न सकिन्छ ।'

थापाले विज्ञप्तिमा भनेका छन्, 'विगतझैँ अनिश्चय, अपर्याप्तता र न्यून पारिश्रमिक रोजगारी, गरिबी र अभावग्रस्त बेरोजगारीसँगै श्रमशक्ति बिदेसिने क्रम जारी छ । औपचारिक क्षेत्रअन्तर्गत सङ्घसंस्था, औद्योगिक, अटोमेकानिक्स, सिलाइ, गार्मेन्ट, ग्रिल धातु, सेल्स तथा पसल, हाइड्रो तथा खानी, सेक्युरिटी, थाङ्का पेन्टिङ, सञ्चार- छापाखाना, गलैँचा, हस्तकला, सौन्दर्यकला, ट्रेकिङ-पर्यटनलगायत समग्र क्षेत्रमा न्यून पारिश्रमिक प्रणाली, हायर एन्ड फायर, रोजगार सम्झौताविहीन नियुक्ति, करार-ज्यालादारीलगायत समस्या विगतमा झैँ थप गम्भीर बनेको देखिन्छ । होटेल-क्यासिनो-रेस्टुराँलगायत पर्यटन समग्रभर श्रमिकहरूका न्यूनतम् पेसागत हकअधिकारमाथि पटके रूपमा गैरन्यायिक हस्तक्षेप भैरहेको विडम्बना थाती रहेको देखिन्छ ।'

विज्ञप्तिमा भनिएको छ, 'अन्तर्राष्ट्रिय कानुनी मापदण्डअनुरूप वा भनौँ आईएलओ अभिसन्धि १०० अनुरूप श्रमिकबीच पारिश्रमिक कामका आधारमा समानतामा वितरण गर्ने गरिएको पाइन्न । खुला तथा अनौपचारिक क्षेत्रअन्तर्गत निर्माण, यातायात, अटोरिक्सा, ढुवानी र स्वरोजगार सडक पसल श्रमिक क्षेत्रमा श्रमिक हकअधिकारका प्रश्न विगत बिन्दुवाट समाधानका लागि अघि सार्ने प्रयत्न कतैबाट भएको देखिन्न भने राज्य गतिविधि बेरोकटोक हुँदा न विकल्प, न उचित संरक्षणसहित विशेष राहतबीच श्रमिक स्वरोजगारहरू पलायन बन्ने स्थिति भयावह बनेको छ । स्थापित दर्जनौँ ट्रेड युनियन मजदुर सङ्गठनहरूमाथि सत्तापक्षीय ट्रेन्डको छाया परेको छ । थुप्रै क्रान्तिकारी ट्रेड युनियन सङ्घ तथा सङ्गठनहरू सडकदेखि सदनसम्म सङ्घर्षरत तर मूलधारे प्रवृत्तिको परिबन्धमा परेका देखिन्छन् । सम्बन्धित र दायित्वग्राही निकाय निरीह, तटस्थ र भूमिकाविहीनतामा फसेको समस्याग्रस्त तहमा पोखिएको अनुभूतिबाट स्पष्ट हुन्छ । राज्य श्रमजीवी श्रमिक वर्गको समग्र मुद्दाबाट कतै पर हटेको महसुस हुन्छ ।'

## जनगणतन्त्र कोरियाली ...

बढिरहेको छ । मार्क्सवाद-लेनिनवादका आधारमा किम इल सुङले नयाँ बाटो पत्ता लगाएकै कारण त्यहाँ क्रान्ति सम्भव भयो । नयाँ विचार स्थापना भयो र त्यो आजसम्म टिकिरहेको छ । आजभन्दा ३० वर्ष पहिले कमरेड किम इल सुङका रचनाहरू पढ्न पाएका थियौँ । त्यतिबेला हामीले कोरियाली समाजवाद र जुछे विचारका बारेमा खास बुझेका थिएनौँ र आज आएर बल्ल बुझ्न थालिएको छ । राजनीतिक रूपले किम इल सुङ वाद के हो र किम जोङ इल वाद भनेको के हो भन्ने कुरा, सङ्गुन पोलिसी के हो भन्ने कुरा हामीले बुझ्न जरुरी छ । सङ्गुन पोलिसीले 'आर्मी फर्स्ट' भनेको छ । यो सही कुरा हो । हामीले आर्मीलाई शक्तिशाली बनाउन सकेनौँ भने जनताका विरुद्ध लागेका साम्राज्यवादीहरूका विरुद्ध लड्न सक्तैनौँ । साम्राज्यवादविरुद्ध निरन्तर लड्न जरुरी छ । हाम्रो देशका सन्दर्भमा हामीले नयाँ विकास गर्न पनि जरुरी छ । हामीले यो कार्यक्रममा पेस गरेको कार्यपत्रमा टिप्पणी गर्नेहरूले यसका पक्षमा, समर्थनमा बोल्नुभयो । उहाँहरूलाई धन्यवाद दिन चाहन्छु । यसका साथै हामीलाई अझ समृद्ध बनाउनका लागि थप अध्ययन गर्न आवश्यक छ । सायद अध्ययन गर्न समय मिलेन र यससम्बन्धी सुझावहरू आएनन् ।

अन्त्यमा नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले समाजवाद, जनगणतन्त्र कोरिया र साम्राज्यवादविरुद्ध जारी र सम्भावित सङ्घर्षका विषयमा जुन कार्यक्रम आयोजना गऱ्यो, मूलतः यो सफल रहेको छ । यो कार्यक्रममा यस विषयलाई समर्थन विभिन्न संस्था र व्यक्तित्वहरूको उपस्थिति रह्यो । यहाँ महामहिम राजदूतको उपस्थिति रह्यो । यसकारणले पनि यो कार्यक्रम सानदार रूपले सफल भएको छ । कोरियाले अमेरिकी साम्राज्यवादलाई पराजित गरेर विजय प्राप्त गरेको दिनको सन्दर्भमा कोरियाली जनताका नेता एवम् राष्ट्रप्रमुख मार्सल किम जोङ उन र कोरियाली जनतालाई अमेरिकी साम्राज्यवादविरुद्ध लड्नका लागि अझै साहस मिलोस् । हामी यहाँबाट पनि आवाज उठाइरहनेछौँ । अमेरिकी साम्राज्यवादले समाजवादी देश जनगणतन्त्र कोरियामा आफ्ना नङ्ग्रा गाड्न नपाओस् । संसारका जनता उठ्नेछन् र समाजवादको विजय हुनेछ ।

*(नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले साउन ५ गते काभ्रेको धुलिखेल खावास्थित धुलिखेल माउन्टेन रिसोर्टमा आयोजना गरेको 'समाजवाद, जनगणतन्त्र कोरिया र साम्राज्यवादविरुद्ध सङ्घर्ष' विषयक विचारगोष्ठीमा मञ्चका संरक्षकसमेत रहेका नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनले व्यक्त गरेको सङ्क्षिप्त विचारको सम्पादित अंश- सम्पादक ।)*

## समाजवाद स्थापनाबारे ...

लेखक/पत्रकार मञ्चका संरक्षक हेमन्तप्रकाश ओली 'सुदर्शन' ले सच्चा समाजवादीहरूले जनगणतन्त्र कोरियाबाट सिक्नुपर्ने र समाजवाद स्थापना गरी त्यसको प्रयोग, रक्षा र विकास गर्नुपर्ने बताए । उनले




भने, 'संसारको कुनै पनि कम्युनिस्ट-समाजवादीले अर्को देशको समाजवादका बारेमा चर्चा र बहस गर्नसक्छ । समाजवाद स्थापना गरौँ भन्ने नारा लगाउन सक्छ । त्यसमा कोही पनि तर्सिनु र आत्तिनु पर्दैन ।'

दुनियाँभरका साम्राज्यवादी वैरीहरू जनगणतन्त्र कोरिया र समाजवादलाई अप्ठ्यारो पार्न लागिरहेको समयमा संसारभरबाट समाजवादको अपरिहार्यताबारेमा चर्चा, बहस र छलफल हुनु आवश्यक रहेको नेता सुदर्शनको भनाइ थियो । उनले भने, 'हामी पनि समाजवादी हौँ । सच्चा समाजवादीले समाजवादका पक्षमा चासो राख्नु, साम्राज्यवादविरुद्ध लड्नु, भाइचारा कायम गर्नु आवश्यक छ । जनगणतन्त्र कोरिया हाम्रो आदर्शभूमि




हो ।'

जनगणतन्त्र कोरियाका राजदूत जो योङ मानले कोरियाले जापानी र अमेरिकी साम्राज्यवादविरुद्ध गरेको सङ्घर्षदेखि अहिलेसम्म समाजवादका पक्षमा गरिरहेको प्रतिरोध सङ्घर्षका बारेमा चर्चा गरे । नेपाल र नेपाली जनताबाट प्राप्त साथ र सहयोगले जनगणतन्त्र कोरियालाई ढाडस मिलेको पनि उनले बताए । नेकपा (बहुमत) का संयोजक कञ्चनबाटै कोरियाली जनताले स्थापना र विकास गरेको समाजवादका पक्षमा यति गहन कार्यपत्र प्रस्तुत हुनु, पार्टी प्रवक्ता नै संस्थाको संरक्षक बन्नु र सम्पूर्ण वक्ताले समर्थन गर्नु अत्यन्त सुखद रहेको भन्दै उनले नेपाल-कोरिया लेखक/पत्रकार मञ्चको सराहना पनि गरे ।



नेकपा (बहुमत) का संयोजक कञ्चनद्वारा प्रस्तुत कार्यपत्रमाथि धारणा राख्दै नेपाल-कोरिया मैत्री सङ्घका अध्यक्षसमेत रहेका नेकपा (माले) का महासचिव एवम् पूर्वउपप्रधानमन्त्री सीपी मैनालीले हरेक मुलुकका क्रान्तिहरू मौलिक र विशिष्ट हुने तर एकअर्काबाट प्रभावित भने हुने बताए । झापा विद्रोह गर्दा आफूहरू पनि चिनियाँ क्रान्ति र नक्सलबाडी विद्रोहबाट प्रभावित रहेको इतिहास स्मरण गर्दै नेता मैनालीले जनगणतन्त्र कोरियामा किम इल सुङ, किम जोङ इल र किम जोङ उनको सही विचार र नेतृत्वका कारण समाजवादको विकास र रक्षा सम्भव भएको बताए । उनले भने, 'तर्साउने साम्राज्यवादलाई दृढतापूर्वक प्रतिरोध गर्ने हो भने साम्राज्यवाद झुक्छ र भाग्छ भन्ने उदाहरण जनगणतन्त्र कोरिया नै हो । जनगणतन्त्र कोरियाले देश र व्यवस्थाको रक्षाका लागि विकास र विस्तार गरेको आणविक शस्त्रास्त्रका कारण यो देशलाई आणविक हतियार सम्पन्न मुलुक घोषणा गर्नुपर्ने बाध्यता सबैलाई आएको छ ।' नेपालमा पनि राष्ट्रिय जनवादी क्रान्ति सम्पन्न हुनुपर्ने र त्यसबाट समाजवाद स्थापना गर्नुपर्ने नेता मैनालीको धारणा थियो ।

कार्यक्रममा नेपाल-कोरिया मैत्री सङ्घका महासचिव फणिन्द्रराज पन्तले जनगणतन्त्र कोरियाकै विकास र शक्ति सम्पन्नताका कारण साम्राज्यवाद हारको अन्तिम अवस्थामा पुग्न बाध्य भएको बताए ।

इन्टरनेसनल कमिटी टु स्टडी सङ्गुन पोलिसी फर पिसफुल रियुनिफिकेसन अफ कोरियाका अध्यक्ष वसन्त श्रेष्ठले मानिसले पाउरोटीको सुरक्षाका लागि बन्दुक रोज्ने बताए । कोरियाले समाजवादी व्यवस्था र देशका लागि सेना पहिलो नीति अनुसरण गरेको र साम्राज्यवादबाट निरन्तर प्रताडित नेपालजस्ता मुलुकले त्यही नीति अवलम्बन गर्नुपर्ने उनको धारणा थियो ।

नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका अध्यक्ष अशोक सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागीहरूलाई मञ्चका उपाध्यक्ष अग्निराज पौडेल 'अराप' ले स्वागत गरेका थिए । उनले कम्युनिस्ट पार्टी स्थापना भएको सात दशक बितिसक्दा पनि समाजवाद स्थापना गर्न नसकेको भन्दै कोरियाबाट सिक्न आग्रह गरे । जुनसुकै आन्दोलन, युद्ध र क्रान्तिमा मूल नेतृत्वले धोका दिएको र आज निर्माण भएको नायक भोलि खलनायकमा पतन





भएका कारण देश र जनताले धोका पाइरहेको उनले बताए ।





कार्यक्रमको सञ्चालन नेपाल-कोरिया लेखक/पत्रकार मञ्चकी उपाध्यक्ष अम्बिका चन्दले गरेकी थिइन् । पाहुनाहरूलाई नेकपा (बहुमत) काभ्रेका इन्चार्ज प्रताप र संयोजक कृष्ण सेवाले खादा लगाएर सम्मान गरेका थिए । नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका तर्फबाट अध्यक्ष सुवेदी, प्रमुख अतिथि कञ्चन र संरक्षक सुदर्शनले राजदूत जो योङ मानलाई जनगणतन्त्र कोरियाका लागि मायाको चिनो प्रदान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि, संरक्षक, मञ्चका अध्यक्ष र राजदूत जो योङ मानको हातबाट मञ्चका संस्थापक पाँचजना (अशोकप्रसाद सुवेदी, पूर्णबहादुर सिंह, अग्निराज पौडेल 'अराप', देवीप्रसाद तिम्सिना र मोहनविक्रम बस्नेत) लाई संस्थापक/आजीवन सदस्यता प्रदान गरिएको थियो । त्यसैगरी अध्यक्ष, प्रमुख अतिथि र कोरियाली राजदूतले हेमन्तप्रकाश ओली 'सुदर्शन' लाई संरक्षकको प्रमाणपत्र प्रदान गरेका थिए ।



कार्यक्रममा अम्बिका चन्द, कालीबहादुर मल्ल (के.बी.), मिलन राई, वीरेन्द्र शाह, नवराज भट्ट, दीपक बिष्ट, मोहनलाल घिसिङ र विष्णुप्रसाद तिमिल्सिनालाई आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो । त्यसैगरी सुभाष गजुरेल र ढुण्डीराज अधिकारीलाई मञ्चको सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो । अरू आजीवन सदस्य र सदस्यहरूलाई अर्को कार्यक्रम आयोजना गरी प्रमाणपत्र प्रदान गरिने संस्थाले जनाएको छ ।

कोरियाली समाजवाद र मालेमावादको गहन अध्ययन गरी नेपालमा समाजवादी आन्दोलन/बहस गर्ने र लागू गर्न सहयोग पुऱ्याउने उद्देश्यसाथ सात वर्षअघि स्थापित संस्थाले समाजवाद र साम्राज्यवादविरुद्धको सङ्घर्ष विषयमा नेपाल, जनगणतन्त्र कोरिया, रुस, चीनलगायत मुलुकमा दर्जनौँ अन्तरक्रिया र गोष्ठीहरू गराइसकेको छ भने कोरियाली समाजवाद सम्बन्धमा पुस्तक/पत्रिका र लेखहरू प्रकाशित गर्दै बौद्धिक बहस सिर्जना गर्दै आएको छ ।




हार्दिक अपिल

सिन्धुपाल्चोक जिल्लामा निर्माणाधीन जिल्लाकै सबैभन्दा ठूलो मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण कार्यमा सम्बन्धित सबै पक्षले आ-आफ्नो स्थानबाट आवश्यक सहयोग पुऱ्याई ऊर्जासंकट समाधानको राष्ट्रिय अभियानमा सहभागी भइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

MBK JCL ESTD. 2010

मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.,
महाराजगञ्ज, काठमाण्डौं ।
फोनः ०१-४७२१६४१, ०१-४७२१६४२
वेबसाइटः www.mbjcl.com.np

## पूर्वाधार विकास कार्यालय, कास्की, पोखराको अनुरोध !

- सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो ।
- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं । सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौं ।
- सडकमा जम्मा भएको पानी कनै किसिमबाट निकास गरौं ।
- निर्माण भएका सडक संरचना, पुल नाली, फुटपाथको संरक्षण गरौं ।

प्रदेश सरकार
भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
गण्डकी प्रदेश, कास्की, पोखरा

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं सुताएर, घोप्ट्याएर प्रयोग नगरौं
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : गुणराज लोहनी, प्रबन्ध निर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : झनक श्रेष्ठ, डिजाइन : अग्निराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ